# पवित्र आत्मामा प्रश्न र उत्तरहरु

र हिजो राति पछि हामी सबैजना भरिएका छौ। मैले आज उनीहरु धेरैको असल विवरणहरु पाएको छु जसले पवित्र आत्मा पाएका छन्। र हामी यसको लागि खुसी छौ।

2 भाई ग्रहामलाई आज राति हामीसँग पाउँदा खुसी छौ, यहाँ मण्डलीबाट हाम्रा सहयोगीहरु मध्ये एक हुनुहुन्छ, युटिकामा पवित्र मण्डलीको पाष्टर हुनुहुन्छ। र भाई ज्याक्सन, उहाँ यहाँ भित्र हुनुहुन्थ्यो, गत राति, मलाई लाग्छ उहाँ हुनुहुन्थ्यो, वा उहाँ पछाडि दर्शकहरुमा कतै हुनुहुन्छ अहिले, कसैले भन्यो, भित्र...हो, म भाई ज्याक्सनलाई अहिले दर्शकमा देख्छु। र—र भाई रडेल, के उहाँ आज राति यहाँ हुनुहुन्छ? उहाँ हाम्रो अर्को एकजना सहयोगी हुनुहुन्छ जो यहाँ "६२" मा हुनुहुन्छ। हामी उहाँहरुलाई भित्र पाउँदा खुसी छौ। र हाम्रोसँग...ओ, भाई प्याट, र यी सबै अन्य दाजुभाईहरु, हामी—र बाहिर श्रोताहरुमा हुनुहुने। आज राति तपाईहरु सबैलाई यहाँ पाउदा हामी खुसी छौ।

3 अब, यदि म कुरालाई जायज ठहराउछु भने, म तपाईहरु कहाँ यहाँ बोल्नको लागि केहि असल प्रचारकहरुलाई ल्याउने थिए, किनभने हिजो राति यति ठूलो समय बिताएकोले म भासिएको स्वरमा छु।

4 अब, मेरी श्रीमती, उनी मेरी सुधार हुन्; तपाईलाई थाहा छ, दाजुभाईहरु, म के कुरा गर्दैछु भनेर। उनले मलाई भनिन् गत राति पछाडिका मानिसहरुले मलाई सुन्न सकेनन्, किनकि म यसको कुरामा बोल्दै थिए। र अब, मैले शुरू गर्नुभन्दा अगाडि, म केहि कुरा गर्ने प्रयास गर्छु। अब, मलाई थाहा छैन त्यो राम्रो छ या छैन। के यो तरिका ठिक छ त्यहाँ पछाडि? वा यो राम्रो छ? के यो राम्रो हो? अब, प्रिय, त्यो एक समय हो जुन मैले तपाईको विरुद्धमा निशान गरेको थिए। अब, उहाँहरुले भन्नुहुन्छ त्यो ठिक छ। ठिक छ। ओ, मेरो! त्यो एउटा महिला हो। त्यो राम्रो एउटा हो, किनकि मैले एउटा पाएको धेरै समय भएको थियो। उनी सामान्यतया सहि छिन्।

5 ठिक छ, हामीले पक्कै पनि ती तिन रातको सेवामा राम्रो समय बिताएका

थियौ; मैले गरे। र अब, टेपहरु, गत राति बाहेक सबै...मैले भाई गोडलाई बोलाए अनि मण्डलीको लागि टेप लानको लागि लिन आउनु भने। तर यो भयो कि मैले बुझे कि बिल्ली पलले आफ्नो कार लिएर गईसकेको थियो, त्यसैले मलाई थाहा भएसम्म टेप लिएको थिएन। त्यसैले हामीले त्यो छुटायौ। म यो मण्डलीको खातिर मण्डलीमा राख्न चाहन्छु—कसैले भनून्—हामीले विश्वास गरेको कुरा।

6 अब, आजराति म *महान सम्मेलन* मा बोल्न जाँदैछु, यदि मैले प्रश्नहरु समयमा नै पाउन सके भने। अनि त्यसपछि, भोली बिहान एउटा चंगाईको सेवा हो। र हामी विमारीहरुको लागि प्रार्थना गर्न जानेछौ। त्यसैकारणले, हामीले दिन सक्दैनौ—या केवल गएर यसो भन्दैनौ, "अब, म तिमीलाई लिनेछु, र तिमीलाई, र तिमीलाई।" त्यो सहि हुनेछैन। तर हामी कार्डहरुको समूह दिन्छौ, र यी कार्डहरु सँगै कतै, म केहिलाई माथि मंचमा बोलाउछु। र त्यसपछि, यदि पवित्र आत्माले प्रकट गर्न थाल्नुहुन्छ भने, तब यो दर्शकहरुबाट भएर जान्छ र मानिसलाई दर्शकमा चंगाईको सेवाको लागि बाहिर निकाल्छ। र त्यसपछि, भोलि बिहान, प्रभुको इच्छा भए, चंगाई सेवाको अगाडि, म बोल्नेछु।

7 म मेरी श्रीमती हासिरहेकी देख्न सक्छु। प्रिय, के तपाईहरुले मलाई राम्ररी सुन्न सक्नुहुन्न? ओ, तपाईले मलाई सुन्दै हुनुहुन्छ। ठिक छ, त्यो सहि हो। उनी पछाडि पछाडि बस्छिन् र यदि यो—मलाई सुन्न सक्दैन भने, उनले आफ्नो टाउको हल्लाउछिन्, "तपाई...तपाई सुन्न सक्नुहुन्न, तपाईले सुन्न सक्नुहुन्न।"

8 त्यसैले भोलि—भोलि रातमा पानीको बप्तिष्माको सेवा सहितको सुसमाचारीय सेवा हुनेछ। र त्यसपछि, भोलि राति प्रचार गर्ने बित्तिकै, हामी भोलि राति यहाँ पर्दा तान्नेछौ र पानीको बप्तिष्मा लिनेछौ। यदि प्रभुको इच्छा भए, यदि प्रभुले इच्छा गर्नुभएको छ भने, बिहानमा म—चाहन्छु वा भोलि रातीमा यस विषयमा बोल्न चाहन्छु: *एउटा—एउटा चिन्ह दिईयो।* र त्यसपछि, यदि हामी यहाँ बुधबारको रातमा छौ भने, यदि परमप्रभुले मलाई बुधबारको रातमा यहाँ हुनको निम्ति अनुमति दिनुहुन्छ भने, म यस विषयमा बोल्न चाहन्छु: *हामीले उहाँको तारा पूर्वमा देख्यौ र उहाँलाई आराधना गर्न आएका छौ।* अब, त्यो केवल क्रिसमसको पूर्व संध्यामा हो।

9 र त्यसपछि, तुरुन्तै क्रिसमस पछि क्रिसमसको छुट्टिको हप्ता हुन्छ।

त्यहिनिर हामी सबै पत्रहरु लिन्छु...भाई मर्सियर र उहाँहरुले त्यो प्राय सबै निकाल्नुहुन्छ। र हामीले त्यो सबैलाई बाहिर निकालेर राख्छौ, र हामी यी पत्रहरुमा प्रार्थना गर्छौं र हामी जाने संसारको ठाउँमा डोर्याउन भनि प्रभुलाई माग्दछौ।

10 अब, उनीहरु, ख्रीष्टियन बिजनेस मेन, उहाँहरुको ठूलो योजना छ, उहाँहरुको सम्मेलनको लागि ठिक फ्लोरिडामा यो हुनेछ। त्यहाँबाट किंगस्टोनमा जानुहोस्, त्यसपछि हाइटिमा, र तल पुएर्टो रिकोमा, दक्षिण अमेरिकामा, पछाडि मेक्सिको हुँदै।

11 तर प्रभुले मलाई नर्वेतिर अगुवाई गरिरहनुभएको जस्तो देखिन्छ। मलाई थाहा छैन किन हो। तपाईलाई थाहा छ त्यो सानो पुस्तक जसको नाउँ *परमेश्वरबाट पठाईएको मानिस* छ? यो नर्वेमा सबैभन्दा ठूलो धार्मिक प्रकाशन हो। यसको बारेमा सोच्नुहोस्, प्रभुले त्यहाँ के गर्नुभयो। र जब म त्यहाँ थिए, उनीहरुले मलाई विरामीहरुमा हात राख्न दिदैन थिए। म त्यहाँ तिन रातसम्म थिए। र उनीहरुले मलाई विरामीहरुमा हात राख्न दिएनन्। त्यसैले तपाईले देख्नुहुन्छ कि परमेश्वरले के गर्न सक्नुहुन्छ भनि। भीड यति ठूलो थियो कि तिनीहरुले प्रहरी, घोडाहरु, र मानिसहरुलाई सडकबाट बाहिर निकाले ताकी म त्यहाँ ठाउँमा माथि जान सकूँ। र मैले विरामीमा हात राखिन। यद्धपि मैले उनीहरुको लागि प्रार्थना चाहि गरिदिए; तिनीहरुलाई एकअर्कामा हात राख्न दिए।

12 त्यसैले...[कसैले ब्रन्हामसँग बोल्छ—सम्पा।] हो, म पक्कै पनि गर्नेछु। अब, भोलि बिहान...अब, आज राति, शायद हामी केवल यी प्रश्नहरुमा जान्छौ, किनभने हामीसँग केहि वास्तविक राम्रो कुराहरु छन्। र मलाई थाहा छैन प्रभुले हामीलाई यसमा कहिलेसम्म राख्नुहुनेछ। र त्यसपछि, भोलि बिहान या त बिल्ली पल, वा लियो, एकजना, यहाँ आठ देखि आठ–तीस बजे प्रार्थनाको कार्ड दिन आउनुहुनेछ। अब, शहरबाट बाहिरका मानिसहरु, मलाई फेरी पनि बनाउन दिनुहोस् ताकी तपाईले यो नभुलेको होस्। यदि तपाई लाईनमा आउन चाहनुहुन्छ भने, यदि सम्भव भएसम्म हामी शहर बाहिरका मानिसहरु भएको चाहन्छौ।

13 अब, कहिलेकाहि यहाँ मण्डलीमा हामी त्यो ठाउमा पुग्छौ जहाँ तिनीहरुले भन्छन्, "ठिक छ..." हामीसँग शहर बाहिरका मानिसहरु छन्, तिनीहरुलाई माथि ल्याउनुहोस्...कसैले भन्नेछ, "ठिक छ, मलाई

थाहा थिएन तिनीहरुमा के समस्या थियो। तिनीहरुले केहि गलत भन्दैछन् होला।" त्यसपछि तपाईले शहरका मानिसहरु लिनुहुन्छ; उहाँहरुले भन्नुहुन्छ, "ओ, तपाईले उहाँहरुलाई चिनेको हुन पर्ने।" त्यसैले... त्यसपछि तिनीहरुले भन्छन्—यो भनिएको छ, "ठिक छ, म तपाईलाई भन्नेछु, यो प्रार्थनाको कार्डहरु हो।" ठिक छ, तिनीहरुको के त जसले प्रार्थनाको कार्डहरु पाउनुभएको छैन? र त्यहाँ दिन पछि दिन भएको छ जब यो...

के भन्नुहुन्छ? [भाई ब्रन्हामलाई माईकबाट पछाडि खडा हुन भनिएको छ—सम्पा।] माइकबाट पछाडि उभिने? ठिक छ, तपाईलाई थाहा छ, म सधै बीचको बाटोबाट प्रचार गर्छु। त्यसैले शायद म यसलाई त्यसरी नै लिनेछु। के त्यो ठिक छ? त्यो ठिक छ। त्यो राम्रो छ। यो के हो म तपाईलाई भन्नेछु। हाम्रो—हाम्रो सार्वजनिक सम्बोधन प्रणाली यहाँ अत्यन्त कमजोर छ, अत्यन्त गरिब छ। र हामी अहिले राम्रो हुन खोजिरहेका छैनौ, किनभने हामी नयाँ मण्डली तुरुन्तै निर्माण भएको चाहन्छौ। र त्यसपछि जब हामीसँग प्रशस्त कोठा हुनेछ (हेर्नुहोस्?), यदि हामी यहाँ वरिपरी हुन सके र यो ठाउँलाई अझै ठूलो गरी फैलाउन सके, र केहि अझै धेरै ठाउँहरु राख्न सके, र उहाँहरु हामीसँग यहाँ हुदा सभाहरुको लागि तयार हुन सक्ने थियौ।

14 र अब, याद गर्नुहोस्, बिहानमा केटाहरु, एक वा तिनजनाले आठ–तिसको बीचको कार्डहरु दिनेछन्, वा, आठ र आठ–तिस। त्यसले सबैलाई बस्ने मौका दिदछ। र न उनीहरुले कसरी कार्ड दिन्छन् भनि भनिरहेको थिए, किन हामीलले यो गर्छौं। ति व्यवस्थित राख्नको लागि हो। बुझ्नुभयो? अब, के हुन्छ यदि म यहाँ भित्र आए भने, जस्तो कि ठिक अहिले र भने, "*यो* महिला, *यो* महिला, र *त्यो* पुरुष, र *यो* महिला...?" तपाईले देख्नुहुन्छ, त्यो एक प्रकारले—त्यो एक प्रकारको कठिन हुनेछ। देख्नुभयो? र त्यसपछि, यदि तपाई...धेरै पटक मैले यो गरेको छु। र यदि तिनीहरु बिहान धेरै छैनन् भने, मैले पनि उहि कुरा गर्न सक्छु। म भन्नेछु, "कतिजना मानिसहरु यहाँ बाहिर शहरबाट हुनुहुन्छ जसमा केहि समस्या छ तपाईसँग? तपाई उठ्नुहोस्।"

15 भाई मर्सियर, तपाई मेरो उद्धारको लागि आउदै हुनुहुन्छ। तपाईले मलाई मद्धत गर्नुहुन्छ? [भाई मर्सियरले भन्नुहुन्छ, "म मेरो उद्धारको लागि आउदैछु।"—सम्पा।] ओ, तपाई आउदै हुनुहुन्छ...उहाँ आफ्नै उद्धारको

लागि आउदै हुनुहुन्छ। मैले आज तपाईको प्रेमिकासँग कुरा गरे। अब, तपाई अब साच्चै मसँग राम्रो बन्नुहुदा असल हुनेछ। बुझ्नुभयो? ठिक छ। त्यो राम्रो हो। म—म भाई लियोको त्यो साहसको कदर गर्छु। जब यो सहि छैन, आउनुहोस्—आउनुहोस् यसलाई हामीले जानेसम्म सहि बनाऔ, र हामीले सक्नेसम्मको राम्रो।

16 त्यसैले अब त्यसपछि, केवल शहर बाहिरका मानिसहरुलाई आफ्नो हात उठाउनको लागि भन्नुहोस् जसलाई केहि समस्या भएको छ। र त्यसपछि केवल त्यहाँ उभिनुहोस्, पवित्र आत्माले शुरू नगर्नुभएसम्म एउटा व्यक्तिमा समर्पित रहनुहोस्, अनि समस्त दर्शकलाई लिनुहोस्। कतिजना यहाँ आउनुभएको थियो जब त्यो यहाँ भएको तिनीहरुले देखेका थिए? पक्कै पनि! हेर्नुहोस्, बुझ्नुभयो? त्यसैले यो कुन बाटो हो त्यसले फरक पार्दैन। यो केवल...

17 तपाईले यो याद गर्नुभएको म चाहन्छु, र म यसको विषयमा बिहान फेरी जाने प्रयास गर्छु। अन्यजातीहरु, तिनीहरुलाई दिईएको सुसमाचार विश्वासको सुसमाचार हो, कुनै कर्मको होइन। बुझ्नुभयो? र जस्तो मैले गत राति भनेको थिए। जब पेन्टिकोष्टमा पवित्र आत्मा खस्यो, जब तिनीहरु तल यहूदीहरु तर्फ गए (प्रेरित १९:५), तिनीहरुले यो प्राप्त गर्ने माथि हात राख्नुपर्थ्यो। र जब तिनीहरु तल सामरीहरुकहाँ गए, तिनीहरुले उनीहरुकहाँ हात राख्नुपर्थ्यो। तर जब तिनीहरु कर्नेलियसको घरमा अन्यजातिहरुकहाँ आए, "पत्रुसले यी वचनहरु बोल्दै गर्दा..." हात राख्ने काम गरेको थिएन।

18 जब सानी केटि मरी, याइरसकी छोरी, पूजाहारीले, भन्यो, "आउनुहोस् उनीमाथि हात राख्नुहोस्, र उनी जिउनेछिन्।" तर जब रोमी कप्तान, अन्यजातिले, भने, "तपाई मेरो छाना मुनि आउने योग्यको म छैन, वचन बोल्नुहोस्।" त्यहि नै हो। देख्नुभयो?

19 सिरोफोनिसियन महिला, ग्रीक वास्तवमा उनी को थिईन्, जब उनी—जब येशूले उनलाई भन्नुभयो, भन्नुभयो, "बालबच्चाको रोटि लिएर कुकुरलाई दिनु मेरो लागि उपयुक्त होइन।"

उनले भनिन्, "त्यो सत्य हो, प्रभु; तर मेच मुनिको छोराछोरीको टुक्रा कुकुरले खाँदछ।"

उहाँले भन्नुभयो, "यो भनाईको लागि, शैतानले तिम्रो छोरीलाई छोडेको

छ।" तब असल कुराहरु भन्नुहोस्। कसैको बारेमा केहि राम्रो भन्नुहोस्। येशूको बारेमा कुरा गर्नुहोस्। केहि वफादार कुरा भन्नुहोस्, केहि वास्तविक। त्यो नै दुष्टबाट छुटकारा पाउने तरिका हो। उहाँले कहिल्यै भन्नुभएन—उहाँले त्यस केटिको लागि कहिल्यै प्रार्थना गर्नुभएन। उहाँले उनी निको भएको भन्ने एउटा पनि कुरा गर्नुभएन; उहाँले केवल यो भन्नुभयो, "यो भनाईको लागि, यो वचनको लागि..."

20 हेट्टी राईट, अर्को दिन, उनले केहि पनि मागेनन्। उनी केवल त्यहाँ बसिरहेकी थिईन्, तर उनले सहि कुरा भनिन्, जसले पवित्र आत्मालाई खुसी तुल्यायो। र पवित्र आत्माले फिर्ता बोल्नुभयो र भन्नुभयो, "हेट्टी, तिमीले इच्छा गरेको जे छ त्यो माग, जे केहि पनि तिमीले पाएको छौ र तिमीले चाह गर्छौ। पत्ता लगाउनुहोस् कि यो वास्तविक हो या होइन भनि। जे केहि पनि माग (उहाँको सानी अपांग बहिनीको चंगाई भयो जो त्यहाँ बसिरहनुभएको छ; त्यहाँ भएको डाँडामा खन्नबाट रोक्नको लागि दस हजार डलर; जवानी उनको शरीरमा पुनर्स्थापित भयो); तिमीलाई जे माग्न मन छ, तिमीले ठिक अहिले माग। यदि यो आउदैन र तपाईलाई यो ठिक अहिले दिदैन, तब म एउटा झुटो अगमवक्ता हुँ।" त्यो—त्यो केहि कुरा हो, होइन र?

21 येशूले भन्नुभयो, "यो पहाडलाई भन..." र तपाईले सुन्नु भएको छ—के घटना घटेको छ; त्यो सेवकाई हो जुनमा हामी प्रवेश गर्दैछौ। हामी अहिले बाटोमा छौ। चाडै नै प्रभु येशूको आगमन। र हामीसँग एउटा मण्डलीमा र्याप्चर गराउने विश्वास हुनुपर्दछ जुन एक पलमा परिवर्तन गराउन सक्दछ, आँखाको एक झलकमा बाहिर जाँदछ, नभए हामी जानेछैनौ। तर चिन्ता नगर्नुहोस्, यो त्यहाँ हुनेछ। यो त्यहाँ हुनेछ। र जब *यस* मण्डलीको शक्ति बढ्छ, यसले आफ्नो दाजुभाईहरुलाई ल्याउछ; *त्यस* मण्डलीको शक्ति उठ्छ, यसले आफ्नो दाजुभाईहरुलाई ल्याउनेछ; *त्यस* मण्डलीको शक्तिले अन्य दाजुभाईहरुलाई ल्याउनेछ; त्यसपछि त्यहाँ आम पुनरुत्थान हुनेछ। र हामीहरु त्यसको लागि प्रतिक्षा गरिरहेका छौ।

22 अब, नबिर्सनुहोस्, प्रार्थनाको कार्डहरु बिहान आठ देखि साडे आठ बजेसम्म। त्यसपछि मैले उनीहरुलाई सोधे जे केहि पनि भित्र थियो, त्यसपछि केवल कार्डहरु दिन बन्द गर्नुहोस्, अनि तल बस्नुहोस् (बुझ्नुभयो?), किनकि उनीहरुले त्यो सबै शायद त्यो समयसम्म जसरी

पनि दिईसकेको हुनेछ, वा जतिलाई हामीले त्यहाँबाट तान्नेछौ। केटाहरु माथि उठ्नेछ, ठिक तपाईको अगाडि सबै कार्डहरु मिसाउनुहोस्, त्यसपछि यदि तपाईले एउटा खोज्नुहुन्छ भने, तपाईले एउटा चाहनुहुन्छ भने, वा अरु त्यस्तै कुरा...त्यसपछि जब म भित्र आउछु, म केवल...जहाँबाट पनि प्रभुले बोलाउनुहुन्छ...र यदि उहाँले भन्नुभयो, "नबोलाउ," म उनीहरुलाई बोलाउनेछैन (बुझ्नुभयो?), चाहे यो जे सुकै होस्।

23 र म...त्यो सेवकाई यसै पनि हराएर जानेवाला छ; त्यहाँ केहि महान कुरा भित्र आउदैछ। याद गर्नुहोस्, त्यहि नै हो जहाँ हरेक पटक यो मंचमा वा यो पुल्पिटमा भनिएको छ, र यो कहिल्यै पनि असफल भएको छैन। तपाईले हातको सेवकाईको विषयमा सम्झना गर्नुहुन्छ? हेर्नुहोस् यसले के गर्यो? हृदयको विचारहरु, हेर्नुहोस् यसले के गर्यो? अब यो हेर्नुहोस्: वचन बोल्नुहोस्, र यसले के गर्छ त्यो हेर्नुहोस्। बुझ्नुभयो? मैले तपाईलाई यहाँ वर्षौं अगाडि भनेको थिए—मण्डली (म मण्डलीसँग बोल्दैछु)—वर्षौ अगाडि, तिन वा चार वर्ष अगाडि, केहि मूर्त रुप लिने तयारी हुदै थियो; यो पूरा हुने तयारी हुदैछ। र यहाँ यो ठिक अहिले टुक्रीरहेको छ...यसले आफैमा आकार लिदैछ। अब, हामी त्यसको लागि आभारी छौ। ओ, कति धेरै धन्यवादी छौ हामी। एकदमै खुसी छु।

24 अब, हामीसँग यहाँ केहि अत्यन्त कत्तिक प्रश्नहरु छन्, र हामी त्यसमा सिधै जान चाहन्छौ। कसैले मसँग भएका यी सबै पुस्तकहरु हेर्नुभयो। मैले भने, "ठिक छ, होसियार मानिसलाई एउटा मात्रै चाहिन्छ।" तर म एउटा होसियार मानिस होइन। त्यसलाई हेर्नको निम्ति मसँग धेरै हुनपर्थ्यो। ठिक छ, यो एउटा दुई भाषी पुस्तक हो, र यो एउटा बाईबल हो, र यो एउटा एउटा शब्दानुक्रमणिका हो। त्यसैले यो एउटा...हामी बस प्रभुमा हामीलाई सहायता गर्नको निम्ति र यी प्रश्नहरुलाई उत्तर दिन निर्देशन गर्नको निम्ति माग्न जाँदैछौ केवल उहाँको दिव्य इच्छा र उहाँको वचन अनुसार।

25 त्यसैले अब, प्रार्थनाको समयको लागि हामीहरु आफ्ना शिरहरु झुकाऔ। प्रभु, हामीहरु हाम्रो हृदयको गहिराई देखि तपाई प्रति आभारी छौ जे तपाईले यी अन्तिम तिन रातहरुमा हाम्रो निम्ति गर्नुभएको छ। ओ, सेवकहरुले त्यहाँ पछाडि कोठामा भेट गरेको र हातहरु मिलाएको, र विश्वास नवीकरण गरेको देख्दा, र—र एउटा नयाँ कदम चाल्नको लागि। फोनमा कल गर्दै...र हाम्रो हृदय आनन्दित हुन्छ, र तिनीहरुले—तपाईको वचन

देखेपछि पाएका पवित्र आत्मा, कसरी यसले तपाईको पवित्र आत्मा चरण–पछि–चरण गरेर प्राप्त गर्ने भनि भन्दछ। त्यसको लागि हामी धेरै धन्यवादी छौ, प्रभु।

26 तपाईले हाम्रो लागि कुराहरु यति सरल बनाउनुहुन्छ, किनभने हामी साधारण मानिसहरु हौ। र हामी प्रार्थना गर्छौ, परमेश्वर, कि—कि तपाईले हामीलाई पूर्ण रूपमा आफैलाई सधै सरल बनाउन दिनुहुन्छ। किनकि यसको...त्यहि नै तरिका हो जसले आफूलाई नम्र तुल्याउछ त्यो उचालिनेछ। र संसारको बुद्धि परमेश्वरको लागि मूर्खता हो; जसले हराएको तिनीहरुलाई बचाउनको लागि प्रचारको मूर्खताद्वारा परमेश्वरलाई प्रसन्न तुल्यायो।

27 र अब, पिता, यहाँ मेरो हकमा केहि प्रश्नहरु छन् जुन इमानदार हृदयले सोधेका छन् जुन सम्बन्धित छन्। र ती मध्ये एउटाले गलत उत्तर दियो भने त्यस व्यक्तिलाई गलत बाटोमा पुर्याउन सक्छ, तिनीहरुको प्रश्नमा गलत प्रकाश फाल्न जसले तिनीहरुलाई सताएको छ। त्यसैले परमप्रभु परमेश्वर, म प्रार्थना गर्छु कि तपाईको पवित्र आत्मा हामीमा आउनुहुनेछ र यी कुराहरु प्रकट गर्नुहुनेछ, किनकि यो धर्मशास्त्रमा लेखिएको छ, "माग र तिमीहरुले पाउनेछौ; र खोज अनि तिमीले भेट्टाउने छौ; ढकढकाऊ र तिम्रो निम्ति उघारिनेछ।" र त्यहि नै अहिले हामीले गरिरहेका छौ, प्रभु, तपाईको दयाको ढोका ढकढकाउदैछौ। तपाईको ईश्वरीय न्यायको छाँयामा खडा हुदै, हामी परमेश्वरको ख्रीष्टको रगत र पवित्र आत्माको लागि विन्ती गर्दछौ।

28 र हामीहरु पवित्र आत्माको प्रचारको ती तिन रातहरुबाट टाढा भएकाले मात्रै आज राती आएका होइनौ, हामी गहिरो श्रद्धा र इमानदारीताका साथ आउदछौ। हामी यसरी आउछौ कि जस्तो यो हाम्रो निम्ति पृथ्वीमा अन्तिम रात हो। तपाईले हाम्रो प्रार्थनाहरुको उत्तर दिनुहुन्छ भनि विश्वास गर्दै आउछौ। र प्रभु, हामी तपाई कहाँ तपाईको अनन्त जीवनले हामीलाई अहिले तृप्त पार्नुहोस् भनि तपाईलाई अहिले माग्दछौ। र तपाईको वचनको उत्तर दिदा, पवित्र आत्माले, ओ, परमेश्वर, जसरी हामीले पाएका छौ कि यो तपाई नै हामी माझमा हुनुहुन्छ, हामी प्रार्थना गर्छौ कि उहाँले हामीलाई त्यो कुराहरु आज राति प्रकट गर्नुहुनेछ जुन कुरा हामी चाह गर्दछौ। र हामीले चाहन्थ्यौ कि हाम्रा प्राणहरु विश्राममा रहेको होस्, र हाम्रा मनहरु शान्तिमा, र उहाँले प्रतिज्ञा गर्नुभएको आशिषहरु दावी गर्न अगाडि बढ्नको

लागि परमेश्वरमा विश्वास राखेर। हामी यो येशूको नाउँमा माग्दछौ। आमेन।

29 अब, मलाई दिईएको सबै प्रश्नहरु मसँग छ, एउटा बाहेक। र मैले सानो भाई मार्टिनलाई उत्तर दिएको थिए जसले मलाई एउटा प्रश्न गत राति सोध्नुभएको थियो, केवल एउटा। त्यहाँ गत राति धेरै जना हुनुहुन्थ्यो, तर यो एउटा प्रार्थनाको अनुरोधहरु थियो। र भाई मार्टिनले मलाई यूहन्ना ३:१६—वा यूहन्ना ३ को बारेमा प्रश्न सोध्नुभयो, म विश्वास गर्छु, यसको बारेमा, "एउटा मानिस पानी र आत्माले नजन्मेसम्म, उसले राज्य देख्न सक्दैन," र यसलाई एउटा टेपसँग दाजे जुन मैले हिब्रूमा पठाएको थिए। र मैले उनलाई यहाँ कोठामा गत साँझमा भेटे, र—मैले उनलाई जवाफ दिने मौका पाउनुभन्दा अगाडि, र त्यसपछि मैले त्यहाँ गरे, यस विषयमा।

30 अब, के त्यहाँ कोहि हुनुहुन्छ जो हिजो राति यहाँ हुनुहुन्न थियो? तपाईहरुको हात हेरम, जो यहाँ गत राति हुनुहुन्न थियो। ओ, हामी, पक्कै पनि तपाई हामीसँग हुनुभएको चाहन्थ्यौ। हामीसँग यति महिमामय समय थियो। पवित्र आत्मा…

31 म शायद, केवल एक मिनेटको लागि…यसले दुख्दैन। यो टेप गरिएको छ। र यदि कुनै सेवक—या व्यक्ति जो मैले अहिले भन्न खोजेको कुरामा असहमत हुन्छ भने, वा प्रश्नहरुमा पनि समेत हुनुहुन्छ भने, म भन्छु, भाई, कि तपाईले यसलाई अनौठो नसोच्नुहोस्, तर त्यो—याद राख्नुहोस् कि यो टेप हाम्रो मण्डलीमा यहाँ बनाईन्छ। हामीहरु हाम्रा मानिसलाई शिक्षा दिईरहेका छौ। भिन्न विश्वासका धेरै सेवकहरु यहाँ बसिरहनुभएको छ। र म फेरी पनि यस विषयमा जान चाहन्छु, किनकि त्यहाँ हाम्रा केहि मानिसहरु छन् जो हिजो राति आउन सक्नुभएन जसलाई म आज राति देख्दैछु। र म केवल एक क्षणको लागि यसबाट भएर जान चाहन्छु, यदि तपाईले मलाई स्वीकृति दिनुहुन्छ भने, जुनको बारेमा मैले गत साँझ भनेको थिए; र त्यो पेन्टिकोष्टमा थियो, पवित्र आत्मा प्राप्त गर्दा।

अब, ग्रीक अनुवादको *एम्फाटिक डायग्लट* बाट पढ्दा, जहाँ म गत साँझमा थिएँ, जुन अहिले मेरो अगाडि खुलिरहेको छ। त्यो नै ग्रीकबाट अंग्रेजीमा मूल अनुवाद हो। यो अन्य अनुवादकहरुबाट भएर जादैन, यो—र अन्य संस्करणहरु, यो सिधै ग्रीक देखि अंग्रेजीमा छ। अब, अङ्ग्रेजी शब्दहरु, धेरै पटक तिनीहरुको लागि त्यस्ता अर्थहरु हुन्छन्, जस्तो कि म अहिले भन्छु, *बोर्ड।* त्यो शब्द *बोर्ड* लिनुहोस्। तपाईले भन्नुहुनेछ, "ठिक

छ, उसको अर्थ हामीले उसलाई *बोरिंग* गर्दैछौ भन्ने हो।" होइन! "ओ, उसले—उसले आफ्नो *बोर्ड* तिर्यो।" होइन! ठिक छ, उसले..."यो घरको छेउमा एउटा *बोर्ड* हो।" ठिक छ, बुझ्नुभयो? वा ती मध्ये कुनै...त्यहाँ चार वा पाँचवटा फरक शब्दहरु प्रयोग गर्न सकिन्छ; तपाईले वाक्य बुझ्नुपर्छ। *सी* शब्द। *सी* को अर्थ अंग्रेजीमा "बुझ्नु," हो। *सी* को अर्थ "पानीको शरीर हो।" *सी* को अर्थ "हेर्नु" हो। बुझ्नुभयो? तर यी अनुवादहरुमा, यहाँ प्रयोग गरिएको शब्द, जुन मैले गत राति प्रेरितको दोस्रो अध्यायमा भनेको थिए, जहाँ यसले भन्छ, "आगोको जिब्रो तिनीहरुमा हालिएको छ..." अब, म केवल एक क्षणको लागि पछाडि जान चाहन्छु। के तपाई चाहनुहुन्छ, केवल एक क्षण, र हामी केहि टाढा जानुभन्दा अगाडि एक क्षणको लागि यसलाई समीक्षा गर्न चाहनुहुन्छ?

32 अब, पल्टाउनुहोस्, तपाई आफ्नो किंग जेम्स वा जुनै पनि अनुवादबाट तपाई पढ्दै हुनुहुन्छ...र म यो पढ्न चाहन्छु। र अब एकदं ध्यान दिएर सुन्नुहोस्। गलत नबुझ्नुहोस्। धेरैजना आज, यहाँसम्म कि मेरी बहिनी पनि, धेरैले भन्नुभयो, भनिन्...श्रीमती मोर्गन...उहाँहरु मध्ये धेरैजना गत साँझमा हुनुहुन्थ्यो। श्रीमती. मोर्गन हाम्रो दिदिबहिनीहरु मध्ये एक हुनुहुन्छ जसलाई माया मारिएको थियो; र उनी लुइसभिलमा सोह्र, सत्र वर्ष पहिले क्यान्सरबाट मर्नेको सूचीमा हुनुहुन्थ्यो। मलाई लाग्छ उहाँ फेरी पनि आज राति यहाँ बसिरहनुभएको छ। उहाँले सुन्न सक्नुहुन्नथियो, उहाँले भन्नुभयो, किनभने म सिधै माईक्रोफोनमा बोलिरहेको थिएँ। र उहाँहरुको खातिर म केहि क्षणको लागि यसमा जान चाहन्छु।

33 अब, म प्रेरित २ को यो धर्मशास्त्रबाट पढ्दैछु:

> ...*जब पेन्तिकोसको दिन आयो, तिनीहरू सबै एकै* मनका *थिए।*...(अब, एक साहमतिमा थिए भनेको भन्दा राम्रो लाग्छ: किनकि तपाई धेरै विषयहरुमा एक सहमतिमा हुनसक्नुहुन्छ तर यहाँ तिनीहरुको मन एउटै थियो।)...*एउटै* मन र एउटै ठाउँ*मा* थिए।
>
> *अनि स्वर्गबाट अचानक ठूलो बतासको* झोक्का जस्तै *एउटा आवाज* आयो, *र यसले भरिदियो।*...पुरै *घर जहाँ तिनीहरु बसिरहेका थिए*। (घुडा टेकेर होइन, प्रार्थना गरेर होइन, तर बसेर।)...

...विभाजित *अन्यभाषाहरु*...(टि–ओ–एन–जी–यु–ई–एस—अन्यभाषाहरु। "विभाजित" को अर्थ, "भाग भएको।")...अन्यभाषाहरु...ति*नीहरुमा देखा पर्यो...आगो... जस्तै, र* एउटा...("एक," एकवचन)...*तिनीहरु* प्रत्येकमा *देखा पर्यो।*

*र तिनीहरु सबै भरिए*...("र," संयोजन।)...*अनि तिनीहरू सबै जना पवित्र* आत्माले *भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम, तिनीहरू अन्य भाषाहरूमा बोल्न* लागे।

अब *स्वर्गमुनि भएको हरेक देशबाट ईश्वरभक्त यहूदीहरू त्यस बेला यरूशलेम*मा *बसेका थिए।*

...*जब यो*...र यो खबर फैलिएको थियो, *भीड जम्मा भयो, तिनीहरू* आश्चर्यचकित भए, *किनभने*...हरेकले *सुने... उनीहरुको आफ्नै भाषामा* बोलेका *सुने।*

34 अब ध्यान दिनुहोस्! जब आगो आयो, यो अन्यभाषा थियो; जब तिनीहरु बोलिरहेका थिए, यो भाषा थियो। अब, अन्यभाषाहरु र भाषाहरु बीचमा ठूलो भिन्नता छ। हाम्रो लागि यो सबै समान छ। तर, ग्रीकमा, "जिब्रो" को अर्थ *यो* हो। [भाई ब्रन्हामले चित्रण गर्नुहुन्छ—सम्पा।] कान *यो* हो। बुझ्नुभयो? त्यसको अर्थ भाषा होइन; यसको अर्थ तपाईको शरीरको भाग जुन जिब्रो हो। यदि तपाईले ध्यान दिनुभयो भने, यो *आगोको जिब्रो* अनुवाद गरिएको छ जसको अर्थ "जिब्रो जस्तो" हो, आगोको ज्वाला जस्तै, आगोको लामो ज्वाला। अब, अहिले जोड हेर्नुहोस्। र ती ठाउँहरु मध्ये प्रत्येकलाई अहिले, यसलाई नबिर्सनुहोस्।

35 अब, हामी आज राति एउटा सानो नाटक दिनेवाला छौ। र म यो तपाईमा छोड्न जाँदैछु। अब याद गर्नुहोस्, यदि कुनै पनि कुरा विपरित छ भने, त्यो तपाईमा भर पर्छ। तर एक मात्र तरिका जुन कुनै मानिसले परमेश्वरबात केहि पाउन सक्छ भने त्यो विश्वासद्वारा हो। र तपाईले सक्नुभन्दा पहिले...

36 मैले के गरिरहेको छु भन्ने कुरामा विश्वास राख्नुभन्दा पहिले मैले के गर्दैछु भन्ने कुरा मैले जान्नुपर्दछ। तपाईले आफ्नी श्रीमतीलाई किन विवाह गर्नुभयो? उनमा तपाईको विश्वास थियो। तपाईले उनलाई जाँच्नुभयो, उनी

के बाट आईन् त्यो हेर्नुभयो, उनी को थिईन्, उनलाई हेर्नुभयो। त्यहि नै तरिकामा हो धर्मशास्त्रसँग, परमेश्वरसँग। त्यसैले नै यी दर्शनहरु, यो—यो आगोको खम्बा, यी सबै कुराहरु बनाउछ, किनभने परमेश्वरले यो प्रतिज्ञा गर्नुभयो। परमेश्वरले त्यसो भन्नुभयो। मैले उहाँलाई उहाँको वचनबाट जाँच गरेको छु र यो सत्य हो भने जानेको छु। र तपाई उहाँको वचन पछ्याउनुहुन्छ। त्यसपछि यदि त्यहाँ कतै सानो दुविधा छ भने, तब त्यहाँ कतै केहि गलत छ। किनभने परमेश्वरले (सुन्नुहोस्!)—परमेश्वरले कहिल्यै पनि उहाँको आफ्नै—या उहाँको आफ्नै नियमको विपरित काम गर्नुभएन वा कहिल्यै गर्नुहुनेछैन। जाडो गर्मीमा आउदैन, र गर्मी जाडोमा आउदैन। पातहरु वसन्तको समयमा झर्दैन र शरद ऋतुमा फेरी आउदैन। तपाईले केवल यो बनाउन सक्नुहुन्न।

37 जस्तो मैले गत राति आर्टिसियन इनारको बारेमा भनेको छु, तपाईको बालीलाई पानी दिदै। वा यदि तपाई यहाँ मैदानको बीचमा उभिरहनुभएको छ भने, र यो कालो अन्धकार छ, र तपाईले भन्नुहुन्छ, “ओ, महान बिजुली, मलाई थाहा छ तपाई मैदानमा हुनुहुन्छ। अब, म हराएको छु, थाहा छैन म कहाँ जाँदैछु। उज्यालो दिनुहोस्, ताकी म कसरी हिड्ने भनेर देख्न सकूँ! त्यहाँ खेतमा उज्यालो दिनको लागि पर्याप्त बिजुली छ।” त्यो सत्य हो। हो, श्रीमान! यो कोठामा उज्यालो बाल्न पर्याप्त बिजुली छ, जसले त्यो बत्तिहरु बिना पनि उल्यालो दिनसक्छ। तर तपाईले यसलाई शासन गर्नुपर्दछ। अब, तपाई चिच्याउन नसकिने गरी कराउनुहुन्छ, यो कहिल्यै बाल्ने छैन। तर यदि तपाई बिजुलीको नियम अनुसार काम गर्नुहुन्छ भने, तब तपाईले उज्यालो पाउनुहुनेछ।

38 ठिक छ, त्यो त्यहि तरिकामा परमेश्वरले गर्नुभएको छ। परमेश्वर स्वर्ग र पृथ्वीको महान सृष्टिकर्ता हुनुहुन्छ, हिजो, आज, र सधैंभरी एक समान हुनुहुन्छ। उहाँ अझै पनि परमेश्वर हुनुहुन्छ। तर उहाँ तब मात्र काम गर्नुहुनेछ जब तपाईले उहाँको नियम र निर्देशनहरु पछ्याउनुहुन्छ। मित्रहरु, म यो भन्छु: मैले यो कहिल्यै असफल भएको देखेको छैन, र यो हुनेछैन।

39 अब, ध्यान दिऔ। लूका २४:४९ मा येशूले प्रेरितहरुलाई वचन बमोजिम उद्धार र पवित्र पारिसके पछि तिनीहरुलाई आज्ञा दिनुभएको थियो; प्रभु येशूमा विश्वास गरेर धर्मी ठहरिए; यूहन्ना १७:१७ मा पवित्र पारिएको छ जब येशूले भन्नुभयो, “तिनीहरुलाई पवित्र पार्नुहोस्, पिता,

सत्यताद्वारा। तपाईको वचन सत्य हो।" र उहाँ वचन हुनुहुन्थ्यो।

40 अब, बिरामीहरुलाई निको पार्ने, भूतलाई धपाउने, मरेकालाई जीवित उठाउने; शक्ति तिनीहरुमा दिनुभयो, र तिनीहरु रमाउदै फर्केर आए। र तिनीहरुको नाम थूमाको जीवनको पुस्तकमा थियो। तपाईलाई याद छ हामी अहिले त्यसबाट भएर कसरी आयौ। तर तिनीहरु अझै पनि परिवर्तन भएका थिएनन्। येशूले पत्रुसलाई आफ्नो क्रूसमा टाँगीने रातमा भन्नुभयो, उहाँले भन्नुभयो, "तिमी परिवर्तन भईसकेपछि, तब तिम्रा दाजुभाईहरुलाई बलियो बनाउ।"

41 पवित्र आत्मा के हो...तपाईले अनन्त जीवनको लागि विश्वास गर्दै हुनुहुन्छ, तर जब पवित्र आत्मा आउनुहुन्छ यो अनन्त जीवन हो। तपाई विश्वास गर्दै हुनुहुन्छ...तपाई पवित्रीकरणको समयमा आत्माबाट जन्मनुभएको छ, तर पवित्र आत्मा भित्र नआएसम्म कहिल्यै पनि जन्मनुभएको हुदैन। त्यो सहि हो। आमाको गर्भमा बच्चाको जीवन हुन्छ, सानो मांसपेशीहरु चालिरहेको हुन्छ; यो एउटा जीवन हो। तर यो फरक जीवन हो जब यसले जीवनको श्वास नाकमा फुकिदिन्छ। यो फरक छ। यहि नै हो यो, यो...

42 मेरो प्रिय मेथोडिष्ट भाई, र पिल्ग्रिम होलिनेस, र नाजरिन, पवित्र आत्माको बप्तिष्मा पवित्रीकरण भन्दा फरक छ। पवित्रीकरण शुद्ध गरिनु हो, जुन जीवनको तयारी हो। तर जब पवित्र आत्मा आउछ, यो जीवन हो। तयारी गर्नुभएको भाँडालाई सफा गर्नु हो; पवित्र आत्माले भाँडालाई भर्दै हुनुहुन्छ। *पवित्रीकरणको* अर्थ हो, "शुद्ध गरी सेवाको लागि अलग्याउनु।" पवित्र आत्माले यसलाई सेवामा राखिदिनुभएको छ। तपाई त्यो भाँडा हुनुहुन्छ जसलाई परमेश्वरले सफा गर्नुभएको छ।

43 र हामीले पाउछौ कि पवित्र आत्मा परमेश्वर स्वयम् तपाई भित्र हुनु हो। परमेश्वर मोशासँग आगोको खामोमा तपाईभन्दा माथि हुनुहुन्थ्यो। येशू ख्रीष्टमा परमेश्वर तपाईसँग हुनुहुन्थ्यो। अहिले पवित्र आत्मामा परमेश्वर तपाई भित्र हुनुहुन्छ। कुनै तिन ईश्वरहरु होइनन्, एउटा परमेश्वर तिन कार्यभारमा काम गरिरहनुभएको हो।

44 परमेश्वर दयालु हुनुहुन्छ, मानिसभन्दा माथिबात तल आउदै हुनुहुन्छ। उसले उहाँलाई छुन सक्दैन, किनकि उसले अदनको बगैंचामा पाप गरेको थियो र आफैलाई उहाँको संगतिबात अलग्याएको थियो। तब के भयो? उहाँ

उभन्दा माथि हुनुपर्थ्यो। गोरु र बाख्राका रगतले उहाँलाई मानिससँग फेरी संगति गर्न दिदैन थियो; तर कानून र नियमहरुद्वारा, यो आउने समयको पूर्वचित्रण गर्दै, गोरु, र त्यस्तै अन्य, र भेडाहरु चढाउने...त्यसपछि जब परमेश्वर तल आउनुभयो अनि एउटा पवित्र पारिएको शरीरमा वास गर्नुभयो, कन्या कुमारीद्वारा जन्मिएको, कि परमेश्वर आफै...तपाईलाई थाहा छ परमेश्वरले के गर्नुभयो? उहाँले—उहाँले केहि गर्नुभएन तर केवल...उहाँले हाम्रो माझमा आफ्नो पाल राख्नुभयो। परमेश्वर येशू ख्रीष्ट भनिने पालमा बस्नुभयो। उहाँले केवल उहाँको पाल हामीसँग बसाउनुभयो, बन्नुभयो... (म—त्यस विषयमा बिहान प्रचार गर्नेछु, त्यसैले मैले यसलाई एक्लै छोडेको बेस हुन्छ।) अब, त्यो—कसरी परमेश्वर हामीसँग पाल–या वास गर्नुभयो...

45 र अब परमेश्वर हामीमा हुनुहुन्छ। येशूले यूहन्ना १४ मा भन्नुभयो, "त्यस तिनमा तिमीहरुले थाहा पाउनेछौ कि म पितामा छु, पिता ममा हुनुहुन्छ, र म तिमीहरुमा छु, र तिमीहरु ममा।" परमेश्वर हामीमा हुनुहुन्छ। उदेश्य के थियो? उहाँको योजना पूरा गर्नको निम्ति।

46 परमेश्वरसँग एउटा योजना थियो। उहाँ मानिसहरुको माझमा काम गर्न चाहनुहुन्थ्यो, र उहाँले आगोको खामोमा यो ल्याउनुभयो। जुन रहस्यमी आगो थियो जुन इस्राएलका छोराछोरीहरु माथि झुण्डिएको थियो। तब उही आगो येशूको शरीरमा प्रकट गरियो। र उहाँले उहाँ आगो थियो भनि भन्नुभयो, "अब्राहाम हुनुभन्दा अघि, म छु।" उहाँ त्यो आगो हुनुहुन्थ्यो। उहाँले भन्नुभयो, "म परमेश्वरबाट आएको हुँ, र म परमेश्वरमा फर्केर जान्छु।" र उहाँको मृत्यु, दफन, र पुनरुत्थान पछि, सन्त पावलले उहाँलाई बाटोमा भेटे—जब उनको नाउँ अझै शाऊल थियो—दमास्कसको बाटोमा, र उहाँ फेरी त्यहि आगोको खामोमा परिणत हुनुभयो। एउटा ज्योतिले उसको आँखा बाहिर राख्यो। त्यो सहि हो।

47 र उहाँ आज यहाँ हुनुहुन्छ, उही आगोको खामो, उही परमेश्वरले उही चिन्हहरु गर्दै, उही कार्यहरु गर्दै। किन? उहाँ आफ्ना मानिसहरुमा काम गरिरहनुभएको छ। उहाँ हामी भित्र हुनुहुन्छ। म...उहाँ अहिले तपाईसँग हुनुहुन्छ, "तर म तिमीमा हुनेछु। म तिमीहरुसँग हुनेछु, तिमीमा हुनेछु, परिपूर्तिको अन्त्यसम्म," संसारको अन्त्यसम्म हुनेछु। उहाँ हामीसँग हुनुहुनेछ।

48 अब, ध्यान दिनुहोस्। येशूले तिनीहरुलाई माथि यरूशलेममा गएर

पर्खनको निम्ति आज्ञा दिनुभएको थियो। *पर्खनु* शब्दको अर्थ "प्रतिक्षा गर्नु हो," प्रार्थना गर्नु होइन, त्यसको अर्थको "प्रतिक्षा गर्नु हो।" तिनीहरु अझै पनि प्रचार गर्नको लागि योग्यको विषय थिएनन्, किनभने व्यक्तिगत रुपमा देखिनुभएकोले तिनीहरुले उहाँको पुनरुत्थानलाई मात्र जानेका थिए, उहाँलाई बाहिरी रुपमा देखेको हुनाले। उहाँले—उहाँले तिनीहरुलाई प्रचार नगर्नको लागि आज्ञा गर्नुभएको थियो, पहिले तिनीहरु माथिबाट शक्ति नपाएसम्म केहि पनि गर्नुहुदैन थियो।

म विश्वास गर्दिन कि परमेश्वरद्वारा पठाईएको कुनै पनि प्रचारक वा त्यो सहि तरिकामा नियुक्त गरिएको...किनभने परमेश्वर असीम हुनुहुन्छ। र जे परमेश्वरले एकपटक गर्नुभएको छ, उहाँले हरेक समय त्यो गर्नुहुन्छ। अब, यदि परमेश्वरले तिनीहरु पेन्टिकोष्टमा नगएसम्म र पेन्टिकोष्टमय अनुवभ प्राप्त नगरेसम्म प्रचार गर्न दिनुहुन्न भने, कुनै पनि मानिस, जबसम्म उसको आफ्नै कुनै गहिरो इच्छा वा कुनै संस्थाले उसलाई जिम्मेवारी नदिएसम्म, जबसम्म उ पवित्र आत्माले भरिदैन तबसम्म पुल्पिटमा प्रवेश गर्ने अधिकार हुदैन। त्यो एकदम सहि हो। किनभने उसले तिनीहरुलाई कुनै संस्थाको बौद्धिक अवधारणाद्वारा अगुवाई गरेको हुन्छ जबसम्म उ पवित्र आत्माले भरिदैन; र त्यसपछि, उहाँले तिनीहरुलाई ढुकुरको खाना दिईरहनुभएको छ; *थूमा र ढुकुर*, जस्तो हामीले गत साँझ यसको बारेमा कुरा गरेका थियौ।

49 अब ध्यान दिनुहोस्। उहाँले भन्नुभयो, "माथि यरूशलेममा जाऊ र त्यहि बस; मैले पिताको प्रतिज्ञा नपठाउञ्जेल त्यहाँ पर्ख।" र त्यसपछि, तिनीहरु के गरे? त्यहाँ एकसय बिस जना थिए, पुरुष र महिलहरु। तिनीहरु मन्दिरको माथिल्लो कोठामा बसे।

अब, यो पेन्टिकोष्टको चाडको दिनतर्फ नजिकिदै थियो, पवित्र स्थानको शुद्धिकरणबाट, निस्तारको थूमा मारेर—पेन्टिकोष्टको आगमनसम्म, जुन फसलको पहिलो फल थियो, जयन्ती, पेन्टिकोष्टको जयन्ती। र भवनहरुमा...

50 अब, म देशहरुमा गएको छु। पूर्वीय देशहरुमा भित्र एउटा सिढी विरलै मात्रै थियो। सिँढी बाहिर थियो। मन्दिरको बाहिर, हामीलाई भनिएको थियो, त्यहाँ एउटा सिढी थियो जसले एउटा सानो कोठाको बाटोसम्म पुर्याउथ्यो; माथि जानुहोस्, र माथि, र माथि, त्यहाँ माथिको सानो कोठा नआएसम्म जानुहोस्, मन्दिरको माथिको भण्डारण कोठा जस्तो, कुनै प्रकारको एउटा

सानो कोठा, एउटा माथिल्लो कोठा। र बाईबलले भन्छ कि तिनीहरु त्यहाँ थिए र ढोकाहरु बन्द थिए, किनभने तिनीहरु यहूदीहरु देखि डराएका थिए, किनभने तिनीहरुले उनीहरुलाई प्रभु येशूलाई आराधना गरेको कारणले तान्नेथिए, प्रधान पूजाहारी कैयाफासको पछि लागेर, र पन्तियस पिलातस, र तिनीहरुले उहाँलाई मारेका थिए। त्यसैले तिनीहरु सबै तथाकथित इसाईहरुबाट छुटकारा पाउनेवाला थिए। र ढोकाहरु बन्द थिए, र तिनीहरु पर्खिरहेका थिए।

51 अब, ती कोठाहरुमा त्यसरी, त्यहाँ कुनै झ्यालहरु थिएन। झ्यालहरु ढोकाजस्तै सानो वर्जित कुरा थियो, तपाईले तानेर खोल्न मिल्ने। ती कोठाहरुमा साना ग्रीस बत्तीहरु हुन्छन् जुन तल झुण्डिन्छ र जल्छ... यदि तपाई कहिल्यै क्यालिफोर्नियामा क्लिफ्टनको क्याफेटेरियामा हुनुहुन्छ भने, तल तहखानेमा जानुहोस्, र तपाईले त्यहि खालको, एउटा माथिल्लो कोठामा पाउनुहुनेछ। के तपाई कहिल्यै त्यहाँ जानुभएको छ? यहाँ भएका कतिजना त्यहाँ जानुभएको छ? म मानिसहरुले आफ्नो टाउको हल्लाएको देख्नसक्छु। ठिक छ, म के को बारेमा बोल्दैछु त्यो तपाई जान्नुहुन्छ। ठिक छ। त्यहाँ तल जानुहोस्, अनि तपाईले गेतसेमनिको बगैंचा देख्नुहुनेछ; तपाईले त्यो गर्नुभन्दा पहिले, तपाई ती पूर्वीय कोठाहरु मध्ये एउटामा जानुहुनेछ। त्यो वास्तवमै सत्य हो। त्यहाँ तपाईले जैतुनको तेलले भरिएको सानो ऊनसहित एउटा सानो बत्ती त्यहाँ राखिएको, बलिरहेको पाउनुहुन्छ।

52 अब, मानौ तिनीहरु त्यहाँ माथि थिए, यो बाहिर वरपर चढिरहेका थिए। तिनीहरु त्यहाँ माथि गए र आफैलाई लुकाए, किनभने तिनीहरु यहूदीहरुसँग डराएका थिए। येशूले तिनीहरुलाई माथिल्लो कोठामा जान भन्नुभएको थिएन। उहाँले मात्रै भन्नुभयो, “यरूशलेममा पर्ख।” तिनीहरु यहाँ तल एउटा घरमा थिए, के हुनेछ भन्न गाह्रो थियो। तिनीहरु भित्र आउथे र तिनीहरुलाई पक्रन्थे। त्यसैले तिनीहरु माथिल्लो तल्लको एउटा सानो पुरानो कोठामा गए, माथि त्यहाँ कोठामा, र त्यहाँ, यहूदीहरु भित्र पस्न ननसकोस् भनेर तल कोठामा रोक लगाए। र तिनीहरु त्यहाँ दस दिनसम्म पर्खिरहेका थिए।

53 अब, अब, हामी प्रेरित १ मा छौ। अब, अब ध्यान दिएर सुन्नुहोस्। तपाईले तस्बिर पाउनुभयो? भवन बाहिर सानो सिढी माथि गयो, र उनीहरु यस सानो कोठामा गए। तल मन्दिरमा उनीहरुले पेन्टिकोष्टको

चाड मनाईरहेका थिए। ओ, त्यहाँ असल समय गईरहेको थियो। अब, जब पेन्टिकोष्टको दिन पूर्ण रूपले आयो, उनीहरु सबै एक विचारका थिए, एकै विचार, यो विश्वास गरेर कि परमेश्वरले त्यो प्रतिज्ञा पठाउन जाँदै हुनुहुन्थ्यो। आज राति यहाँ भएका सबै व्यक्तिमा त्यहि मन होस् र हेर्नुहोस् के घटना घट्नेछ। यो दोहोरिनुपर्छ। यो उस्तै नै एउटा प्रतिज्ञा हो जस्तो तिनीहरुसँग थियो। बुझ्नुभयो?

54 तिनीहरुले के गर्दै थिए? निर्देशनहरु पछ्याउँदै, परमेश्वर—परमेश्वरको—उहाँको नियमहरु पछ्याउदै: "तबसम्म पर्ख..."

55 अब, तिनीहरु यहूदीबाट डराएका थिए। अब, त्यो याद गर्नुहोस्। उनीहरु यहूदीहरुसँग डराएका थिए। अब, अचानक त्यहाँ बतास चलेको जस्तो एउटा आवाज आयो। यो कुनै तेज बतास थिएन; यो बतास जस्तो चाही थियो। म केहि मिनेटमा अनुवादकको टिप्पणीहरु पढ्नेछु। यो एउटा तुफानी बतास जस्तै थियो। अर्को शब्दहरुमा भन्दा, यो एउटा अलौकिक बतास थियो (ओ!), केहि त्यस्तो कुरा जुन तिनीहरुले महसूस गर्न सक्थे। हावा तिनीहरु भित्र थियो। त्यहाँ एउटा—एउटा तेज बतास आयो, एउटा तेज बतास जसरी आयो। तेज बतास चलिरहेको थिएन, तर यो केवल तेज बतास चलेको जस्तो आवाज आयो, जस्तो कि केहि कुरा हुदैछ: ह्यु! के तपाईले कहिल्यै यो महसूस गर्नुभएको छ? ओ, प्रभु! तेज बतास जस्तै। अब हेर्नुहोस्। र यो भरियो...अब, यहाँ भित्र यसले भन्छ "सबै," तर ग्रीकमा यसले भन्छ "पूरा (ठूलो अक्षरको डब्ल्यु–एच–ओ–एल–इ), पूरा घर," जताततै त्यहाँ भित्र। हरेक दरार, कुना, र दरार त्यसले भरिएको जस्तो देखिन्थ्यो। यो होइन, "भन्नुहोस्, दाजुभाईहरु, मैले जे महसूस गरे के तपाईले महसूस गर्नुभयो?" होइन! यो सबैमा भएको थियो, एउटा तुफानी बतास जस्तै। अब हेर्नुहोस्। "त्यहाँ एउटा ठूलो बलियो बतास जस्तो आवाज आयो र (संयोजक। अब त्यो *र हरुलाई* हेर्नुहोस्। यदि तपाईले गर्नुभएन भने, तपाईले यसलाई केहि कुरा भन्न लगाउनुहुन्छ जुन यसले भन्दैन । बुझ्नुभयो?)—र जस्तै (त्यो घटना घट्यो जुन पहिलो एउटा आवाज थियो, केहि एउटा—एउटा तेज बतास तिनीहरुमा आयो)—र (तपाईलाई याद छ, गत राति म किराना पसलमा गए र एउटा रोटि र केहि मासु किने। त्यो केहि कुरासँगै गएको थियो। रोटी एउटा कुरा, मासु अर्को कुरा हो। र आवाज एउटा कुरा थियो जसले तिनीहरुलाई प्रहार गर्यो)—र त्यहाँ तिनीहरुमा देखा पर्यो, (तिनीहरुको अगाडि) अन्यभाषाहरु—

विभाजित अन्यभाषाहरु।"

56 के यहाँ भएका कसैले सेसिल डिमिलको *दस आज्ञाहरु* देख्नुभएको छ? के तपाईले ध्यान दिनुभयो जब आज्ञाहरु लेखिएको थियो? कसरी उसले यो समात्यो, मलाई थाहा छैन। त्यहाँ मलाई साच्चै मन परेको दुई वा तिनवटा कुराहरु थिए जुन मैले देखेको थिए। पहिलो कुरा त्यो पन्नाको ज्योति, यो ठिक उस्तै नै देखिन्थ्यो। बुझ्नुभयो? अर्को कुरा जब आज्ञा लेखियो, र यो सकिएपछि, के तपाईले ध्यान दिनुभयो त्यो त्यस ठूलो आगोको खामोबाट पर उडेर गयो, त्यहाँ आगोको सानो जिब्रो उडिरहेको थियो? के तपाईले त्यो याद गर्नुभयो? अब, मलाई लाग्छ कि यो पेन्टिकोष्टमा थियो। त्यहाँ तिनीहरुकहाँ देखा पर्यो...ताकि तिनीहरुले यो देख्न सकून्। यसले यो भनेको होइन, "त्यहाँ तिनीहरुमा खसे।" तर त्यहाँ तिनीहरुमा जिब्रो देखा पऱ्यो (हामीले यसलाई भन्ने गर्छौं), जिब्रो, जस्तो जिब्रो जस्तो यो जिब्रो *यहाँ* छ, जिब्रोको आकार, आगोको जिब्रो। अब, कान—जस्तो मैले भनेको थिए, कान कान हो; औंला औंला हो। औंलाको अर्थ यो होइन कि तपाईले यो महसूस गर्नुभयो; यसको अर्थ यो औंला जस्तो देखिन्थ्यो। र यदि यो कान थियो भने, यसको अर्थ तिनीहरुके यो सुने भन्ने होइन; यो कान जस्तै देखिन्थ्यो। यो यस्तो आगो थियो जुन जिब्रो जस्तो देखिन्थ्यो, कोहि बोलेको होइन, एउटा आगो जुन जिब्रो जस्तो देखिन्थ्यो।

57 अब, सुन्नुहोस्। ग्रीकले यसलाई यहाँ कसरी पढ्छ हेर्नुहोस्:

> *र अचानक त्यहाँ एउटा आवाज आयो...एउटा शक्तिशाली बतास* जस्तो...(तेस्रो—तेस्रो पद।)
>
> र तिनीहरुमा विभाजित अन्यभाषाहरु *देखा पर्यो*,... (तिनीहरुमा विभाजित अन्यभाषाहरु थिएन, वा तिनीहरु विभाजित अन्यभाषामा बोलिरहेका थिएनन्; यो तिनीहरुमा विभाजित अन्यभाषाहरु देखा परेको थियो। अब, हेर्नुहोस्। यो अझै पनि तिनीहरुमा थिएन। यो त्यहाँ कोठामा छ, यो बतासले जस्तै वरपर घुमिरहेको छ।)...*तिनीहरु*मा...आगो... जस्तै...विभाजित *अन्यभाषाहरु...तिनीहरुमा देखा पर्यो*... (त्यो तिनीहरुको अगाडि) *आगो...जस्तै,* (भाषाहरु आगो जस्तै) र ती *प्रत्येकमा* एउटा (एकवचन) *बसेको* थियो।

(तिनीहरुमा गएनन्; तर तिनीहरुमा विश्राम लियो।)

58 अब, हेर्नुहोस् कसरी किंग जेम्सले त्यसलाई फाल्नेछन्: "र जिब्रोहरु तिनीहरुमा आउँछ, वा विश्राम (यसले त्यहाँ किंग जेम्समा कसरी पढ्छ?) तिनीहरुमा बस्यो।" देख्नुभयो? अब, यो त्यहाँ माथि गएर तल बस्न सक्दैन। हामीलाई त्यो थाहा छ। तर मूलले भन्यो, "यो तिनीहरुमा विश्राम लियो," म विश्वास गर्छु; होइन र? मलाई यो वास्तवमै सत्य ल्याउन दिनुहोस्। हो! "...तिनीहरु प्रत्येकमा विश्राम गर्यो।" ती प्रत्येकमा आगोको एउटा जिब्रोले वास गयो। त्यहाँ देख्नुहुन्छ? के तपाईले यो बुझ्नुभयो? त्यो दोस्रो घटना हो जुन घटेको थियो। पहिलो बतास थियो, त्यसपछि आगोको जिब्रो देखा पर्यो।

59 यी साना ग्रीज बत्ती जलिरहेको यो सानो कोठामा यहाँ थियो। तिनीहरु त्यहाँ माथि बसिरहेको कुरालाई सोच्नुहोस्। र एउटाले भन्छ, "ओ!" उनले भवनभरि हेरे; त्यो सबै भवनभरि थियो। त्यसपछि तिनीहरुले भने, "हेर!" आगोको जिब्रो भवनको चारैतिर आउन थाल्यो। अब हेर्नुहोस्। अनि त्यहाँ यी आगोका जिब्राहरु देखा पर्यो।

अब अर्को हेर्नुहोस्:

र (अर्को संयोजक; केहि अर्कै भयो।) *तिनीहरु सबै पवित्र आत्माले भरिएका थिए,...*(दोस्रो घटना घट्यो।)

60 अब हेर्नुहोस्, हामी त्यसलाई यसो भन्दै परिवर्तन गर्न चाहन्छौ, "तिनीहरुसँग आगोको जिब्रो थियो, र यहाँ चारैतिर बकबक गरिरहेका थिए; र त्यसपछि बाहिर गए र अपरिचित अन्यभाषामा बोल्न थाले।" त्यहाँ धर्मशास्त्रमा त्यस्तो कुनै कुरा छैन, मित्र। पवित्र आत्मा पाएर अपरिचित अन्यभाषा बोल्ने जो कोहिले पनि त्यो बाइबलको विपरित काम गर्छ। र म तपाईलाई केहि मिनेटमा देखाउन जाँदैछु र प्रमाणित गर्न जाँदैछु कि म अन्यभाषामा बोल्ने कुरालाई विश्वास गर्छु, तर पवित्र आत्मा पाएर होइन। त्यो पवित्र आत्माको वरदान हो। पवित्र आत्मा एउटा आत्मा हो।

61 अब हेर्नुहोस्। यी जिब्रोहरु कोठामा आगो जस्तै थिए, र त्यो प्रत्येकमा आयो। त्यसपछि तिनीहरु पवित्र आत्माले भरिए (दोस्रो कुरा), र त्यसपछि, तिनीहरु पवित्र आत्माले भरिसके पछि, अन्यभाषाहरुमा बोले, भाषाहरुमा होइन, भाषासँग। के तपाईले त्यो याद गर्नुभयो? तिनीहरुले अन्यभाषाहरुमा

बोल्न थाले जसै तिनीहरुलाई आत्माले बोल्न लगाउनुभयो। अब, यो कुरा विदेशमा हल्ला भयो।

62 अब हेर्नुहोस्। अब, आउनुहोस् फेरी पनि चित्रलाई लिऔं ताकी तपाईले अब भुल्नुहुनेछैन। धर्मशास्त्र अनुसार, माथिल्लो कोठामा पर्खिरहदा, अचानक तेज बतास जस्तो आयो, त्यो तिनीहरुमा थियो; त्यो पवित्र आत्मा थियो। कतिले विश्वास गर्नुहुन्छ त्यो पवित्र आत्मा देखा पर्नुभएको बेला थियो? एउटा बतास जस्तै, एउटा अलौकिक बतास। त्यसपछि तिनीहरुले याद गरे। र त्यहाँ बाहिर सानो आगोको जिब्रो थियो, एक सय बिस जनामा, र तिनीहरुमा आउन थाल्यो र हरेकमा बस्यो। यो के थियो? यो के थियो? आगोको खामो, जो परमेश्वर स्वयम् आफ्ना मानिसहरुमा आफूलाई विभाजित गर्दै हुनुहुन्थ्यो, उहाँका मानिसहरुमा आउदै हुनुहुन्थ्यो। येशूसँग सबै कुरा थियो; उनीसँग अतुल्य आत्मा थियो; हामीले यसलाई नापबाट पाउँछौ (तपाईले बुझ्नुहुन्छ मेरो अर्थ के हो?), किनकि हामी अभिग्रहण गरिएका छोराछोरीहरु हौ। उहाँको जीवन—उहाँको अनन्त जीवन आउदै थियो। अब, के भयो? तब तिनीहरु सबैजना पवित्र आत्माले भरिए।

63 अब, म तपाईलाई केहि कुरा सोध्न चाहन्छु। हल्ला कहिले शुरू भयो? यदि त्यो खुड्किलोमा तल जान तिनीहरु माथिल्लो कोठाबाट बाहिर निस्किनु पर्थ्यो र बाहिर दरबारको चोकहरुमा—या बाहिर—मन्दिरको चोकहरुमा जानुपर्थ्यो, जुन सम्भवतः शहरको ब्लक थियो जहाँबाट तिनीहरु आएका थिए, माथि र तल, बाहिर चोकहरुमा जहाँ सबैमानिसहरु संगै भेला भएका थिए...र तिनीहरु त्यहाँबाट आत्मामा मातेका–जस्तै गरी बाहिर आए। किनकि मानिसहरुले भने, “यी मानिसहरु नयाँ दाखमद्यले भरिएका छन्।” तिनीहरुले कहिल्यै पनि यस्तो खालको केहि देखेका थिएनन्।

64 र हरेकले भन्न खोज्दै थिए, “पवित्र आत्मा आउनुभएको छ। परमेश्वरको प्रतिज्ञा ममाथि छ। म—म आत्माले भरिएको छु।” र उनी गालीली भएको हुनाले, त्यो मानिस जोसँग बोल्दै थियो, एक अरबी वा फारसीले, उनलाई आफ्नै भाषामा सुने।

65 “हामी (अज्ञात भाषा होइन)—त कसरी तिनीहरू हरेकले हाम्रा आफ्ना मातृभाषामा बोलेको हामी सुन्छौं? के यी बोलिरहेका सबै गालिलीहरु होइनन् र?” र शायद गालिली बोल्दै थिए...तर जब तिनीहरुले यो सुने, यो तिनीहरु न मातृभाषामा थियो। यदि त्यसो होइन भने, तपाईले

मलाई सोध्नुभएको म चाहन्छु—मलाई यो प्रश्नको उत्तर दिनुहोस्: कसरी पत्रुस त्यहाँ उठे र गालिलीमा बोले, र सबै समूहले उनले भनेको कुरा सुने? तिन हजार प्राणहरु ठिक त्यहाँ ख्रीष्टमा आए र पत्रुस एउटा भाषामा बोल्दै थिए। पक्कै पनि! यो परमेश्वरले एउटा चमत्कार गर्दै हुनुहुन्थ्यो। पत्रुस, उही श्रोतालाई जो मेसोपोटामियाका बासिन्दाहरु, र अन्जानहरु, र यहूदी धर्मबाट यहूदी बनेकाहरु मिलेर बनेका थिए, र सारा संसारबाटका सबै त्यहाँ उभिरहेका थिए...पत्रुस उठेर एउटा भाषामा प्रचार गर्दै थिए, र हरेक मानिसले उनलाई सुने, किनकि तिन हजार जनाले पश्चाताप गरे र येशू ख्रीष्टको नाउँमा ठिक त्यहि बप्तिष्मा लिए। त्यो कसरी भयो?

66 हेर्नुहोस्, मित्रहरु, म मेरो संगठित मण्डलीले, पेन्टिकोष्टल भाईहरुले ठिक अहिले यो स्वीकार गरोस् भने अपेक्षा गर्दिन। तर तपाईले त्यो बाइबलबाट खोज्नुहोस् र मलाई कुनै पनि समयमा भन्नुहोस् जहाँ तिनीहरुले पवित्र आत्मा प्राप्त गरे र यस्तो भाषामा बोले जुन तिनीहरुले बोलेका कुरा तिनीहरुलाई नै थाहा थिएन। र यदि त्यो तरिकामा तिनीहरुले त्यहाँ पाएका छन् भने, सार्वभौम परमेश्वर...यो हरेक पटक त्यहि तरिकामा नै हुनुपर्दछ।

67 अब, म सक्दिन...अब, कर्नेको घरमा...हामीलाई याद छ, जब हामी तल सामरियामा गयौ, गत राति, हामीले पत्ता लगायौ कि त्यहाँ कुनै पनि अन्य भाषामा सुनेको तिनीहरुको बारेमा अभिलेख छैन, यसको बारेमा केहि भनेको छैन। तर जब तिनीहरु कर्नेलियसको घरमा पुगे, जहाँ त्यहाँ तिनओटा भिन्न जातिका मानिसहरु थिए, तिनीहरुले अन्यभाषामा बोल्थे। र जब तिनीहरुले बोले, यदि तिनीहरुले गरे भने, तिनीहरुले यो पाए, पत्रुसले भने, उही तरिकामा भयो जुन तरिकामा उनीहरुले शुरूमा पाए। र अन्यजातिहरुले परमेश्वरबाट अनुग्रह पाएका थिए भनि तिनीहरुलाई थाहा थियो, किनभने उनीहरुले शुरूमा पाए जस्तै गरी तिनीहरुले पवित्र आत्मा पाएका थिए। मसँग यहाँ एउटा प्रश्न छ, त्यस विषयमा केहि मिनेटमा गर्नेछु। म जग बसाल्न चाहन्थे, ताकी यो के हो भनि तपाईहरुले देख्नुहुनेछ।

68 अब, म ती मानिसहरुमा अपेक्षा गर्दिन जसलाई फरक सिकाईएको छ...र मलाई सुन्नुहोस्, मेरो प्रिय, अनमोल, पेन्टिकोष्टल भाईहरु। म यो बाहिर सिकाउदिन। यो...म विवाद हुने कारण बनाउदिन। तर यदि हामीले सत्य पाएनौ भने, हामी कहिलेबाट शुरू गर्नेछौ? हामीलाई सिधा पार्नको लागि हामीसँग यहाँ केहि कुरा हुनुपर्छ। हामीले यहाँ अहिले यर्प्चरपूर्ण

अनुग्रह पाएका छौ। सत्यता अगाडि आउनुपर्दछ।

69 यदि एउटा मानिस बहिरा, र गुंगो, र केहि बोल्न सक्दैन भने उसले के गर्छ? के उसले पवित्र आत्मा प्राप्त गर्न सक्दछ? के हुन्छ यदि शुरू गर्नको लागि उसँग जिब्रो छैन, र गरीब साथी बचाईने इच्छा गर्छ भने? बुझ्नुभयो? यो पवित्र आत्मा हुनुहुन्छ, एउटा बप्तिष्मा हो। र त्यसपछि, यी सबै वरदानहरु अन्यभाषामा बोल्ने, अन्यभाषाको उल्था गर्ने, यो तपाई पवित्र आत्माको बप्तिष्माद्वारा शरीरमा आउनुभए पछि को हो। किनकि ती वरदानहरु ख्रीष्टको शरीरमा छन्।

70 अब, मैले भन्नुको कारण...अब, यहाँ हेर्नुहोस्। के तपाईले क्याथोलिक मण्डलीमा अपेक्षा गर्न सक्नुहुन्छ, जुन प्रेरितहरु पछि संसारमै पहिलो संस्थागत मण्डली हो...त्यसपछि क्याथोलिक मण्डली संस्थागत भयो, ओ, जुन अन्तिम प्रेरितको मृत्युको केहि सय वर्ष पछाडि भयो, प्रेरितहरु भन्दा—लगभग छ सय वर्ष पछि, ठिक नाईसिन परिषद पछि, जब नाईसिन पिताहरु भेला र संगठित भए; तल तिनीहरुले विश्वव्यापी मण्डली राखे, जुन क्याथोलिक मण्डली थियो। त्यहाँ उनीहरुले एउटा विश्व मण्डली बनाए। र *क्याथोलिक* शब्दको अर्थ "विश्वव्यापी" हो; त्यो जतातत‍ै छ। तिनीहरु...रोमन—प्यागन रोम पपल रोममा परिणत भएको थियो। र तिनीहरुले पत्रुसको स्थान लिनको लागि शिरको रूपमा पपलाई नियुक्त गरे, जुन तिनीहरुले ठाने र भने कि येशूले राज्यको निम्ति उनलाई साचाहरु दिनुभएको छ। र त्यो पप अचुक थियो, र अझै पनि क्याथोलिक मण्डलीमा छ। त्यो...उहाँको वचन कानून र व्यवस्था हो। उ अचुक पप हो। त्यस तरिकामा भयो।

71 र त्यसपछि, किनकि तिनीहरुले यस क्याथोलिक सिद्धान्तसँग सहमति हुदैन थिए, तिनीहरुलाई मृत्युदण्ड दिईयो, खम्बामा जलाईयो, र सबैकुरा गरियो। हामी सबैलाई थाहा छ कि जोसेफसको पवित्र लेखहरु, र *सहिदहरुको फक्सको पुस्तकबाट,* र धेरै अन्य पवित्र...हिस्लोपको *दुई बेबिलोनहरु,* र—महान् इतिहासहरु। त्यसपछि, यो—पन्ध्र सय वर्ष पछि, जस्तो हामीलाई थाहा छ, अन्धकार युगको, मानिसहरुबाट बाइबल लिईएको थियो। र यो—यो एउटा सानो भिक्षुले लुकाएको थियो, र त्यस्तै, हामी बुझ्छौ।

72 त्यत्यसपछि आउछ पहिलो सुधार आउछ, जो मार्टिन लूथर थियो। र

उनी बाहिर निस्किए र प्रभु भोज जसलाई क्याथोलिकले शरीर भन्थे—ख्रीष्टको भौतिक शरीर, यसले केवल ख्रीष्टको शरीरलाई मात्र प्रतिनिधित्व गर्थ्यो। र उनले प्रभु भोजलाई वेदीको रेलमा फालिदिए, वा सिढीमा, र त्यसलाई ख्रीष्टको भौतिक शरीर हो भन्नबाट इन्कार गरे, र प्रचार गरे, “धर्मीहरु विश्वासद्वारा जिउनेछन्।” अब, तपाईले क्याथोलिक मण्डली उनीसँग सहमत भएको अपेक्षा गर्न सक्नुहुन्न, पक्कै पनि सक्नुहुन्न, जब तिनीहरुको अचुक टाउकोले तिनीहरुलाई होइन भन्छ। ठिक छ।

73 तब मार्टिन लूथर पछि, न्यायकरण प्रचार गर्दै, जोन वेस्ली पवित्रीकरण प्रचार गर्दै आए। र उनले प्रचार गरे कि एउटा मानिस, न्यायकरण भए पश्चात (यो सब ठिक छ) तर तिमीहरु पवित्र हुनुपर्छ, शुद्ध पारिनुपर्छ, दुष्टताको जरा येशूको रगतद्वारा तपाईबाट निकालिएको छ। अब, तपाईले लूथरनहरुले पवित्रीकरण प्रचार गरेको अपेक्षा गर्न सक्नुहुन्न, किनभने तिनीहरुले यो गर्नेवाला छैनन्।

74 वेस्लीले पवित्रीकरण प्रचार गरे पछि, र यसबाट धेरै साना विच्छेदहरु भए, जहाँबाट आयो, वेस्लीयन मेथोडिष्ट, र नाजरिन, र अन्य त्यस्तै, जसले तिनीहरुको युग भरी आगोलाई जलाई राख्यो, त्यसपछि पेन्टिकोष्ट आए र भने, “किन, पवित्र आत्मा बप्तिष्मा हो, र यो पाउँदा हामी अन्यभाषामा बोल्छौ।” पक्कै पनि। त्यसपछि जब त्यो आयो, तपाईले अपेक्षा गर्न सक्नुहुन्न कि नाजरिन, र वेस्लीयन मेथोडिष्ट, र त्यस्तैहरुले विश्वास गर्छन् भनि। तिनीहरुले यो गर्ने छैनन्। तिनीहरुले त्यसलाई शैतान भने। ठिक छ। के भयो? तिनीहरु पतन हुन थाल्छन्; पेन्टिकोष्ट उदाउन थाल्यो। यो त्यहाँसम्म उदायो जहाँ पेन्टिकोष्ट हल्लिन थाल्यो। यो संगठित भयो अनि अगाडि बढ्यो, केहि पनि स्वीकार गर्दैन। तिनीहरुको आफ्नै नीति र नियमहरु हुन थाल्यो, र त्यसैले नै पुग्यो।

75 अब, जब पवित्र आत्मा भित्र आउनुहुन्छ र कुनै पनि कुराको सत्यता प्रकट गर्दछ र उहाँको आफ्नै उपस्थिति र उहाँको वचनद्वारा प्रमाणित गर्नुहुन्छ, तपाईले पेन्टिकोष्टल मानिसहरुले यो भनेको अपेक्षा गर्न सक्नुहुन्न कि “म त्यसमा सहमत छु।” तपाईले लूथर गरे झैं, वेस्लीले झैं, र बाकि रहेकाहरुले झैं गरी एक्लै खडा हुनुपर्छ, तपाई त्यसमा खडा हुनुपर्दछ किनभने समय यहाँ छ। र त्यहि नै कुराले मलाई कुरूप हाँसको बच्चा बनाउछ। त्यहि नै कुराले मलाई फरक बनाएको छ।

76 र म मेरो अमूल्य भाई ओरल रोबर्ट्स, र टम्मी ओस्बोर्न, टम्मी हिक्स, र तिनीहरु जस्तै शुरू गर्न सक्दिन, किनभने मण्डलीहरु मसँग सहमत हुदैनन्। तिनीहरुले भन्छन्, "उहाँले अनन्त सुरक्षामा विश्वास गर्नुहुन्छ। उहाँ एक ब्याप्टिष्ट हुनुहुन्छ। उहाँले अन्यभाषामा बोल्नुलाई पवित्र आत्माको प्रारम्भिक प्रमाणको रूपमा विश्वास गर्नुहुदैन। त्यस मानिसबाट टाढा जानुहोस्!" बुझ्नुभयो?

77 तर यसको आमने सामने आउनुहोस्। यसलाई तल सामना गर्नुहोस्। तिनीहरुले लूथरनहरुको सामना गर्न सक्छन्, मेथोडिष्टले—सक्छन्। पेन्टिकोष्टलले मेथोडिष्टको सामना गर्न सक्छ। म यसको साथ पेन्टिकोष्टलको सामना गर्न सक्छु। यो एकदम सहि हो। यो सत्य हो। यो किन छ? हामीहरु ज्योतिमा हिड्दैछौ जसरी उहाँ ज्योति हुनुहुन्छ। बुझ्नुभयो? हामीहरु राजाको राजमार्गमा हिडिरहेका छौ, र जति टाढा जान्छौ, अझै धेरै अनुग्रह दिईन्छ, अझै धेरै शक्ति दिईन्छ, थप अलौकिक दिईएको छ। र त्यहाँ हामी छौ। यो त्यो घडी जहाँ पवित्र आत्मा ज्योतिको रूपमा तल आउनुभएको छ जसरी उहाँ शूरुवातमा हुनुहुन्थ्यो, एउटा आगोको खामो, र आफैलाई प्रकट गर्नुभएको छ, उही नै कुरा गर्दै जुन उहाँले पृथ्वीमा हुनुहुदा खेरी गर्नुभएको थियो। र येशूले भन्नुभयो, "तिनीहरु सहि हुन् या होइनन् भनेर तिमीलाई कसरी थाहा हुन्छ? तिनीहरुको फलबाट तिमीले तिनीहरुलाई चिन्नेछौ। जसले ममा विश्वास गर्छ, मैले गरेका कामहरु त्यसले पनि गर्नेछ। यी चिन्हहरु विश्वास गर्नेहरुमा हुनेछ।"

78 अब, मेरा पेन्टिकोष्टल दाजुभाईहरु। म तपाईहरुसँग छु। म तपाईहरु मध्ये एक हुँ। मसँग पवित्र आत्मा छ। मैले अन्यभाषाहरुमा बोलेको छ, तर मैले यो पवित्र आत्मा प्राप्त गरे पछि पाएको होइन। मैले पवित्र आत्माको बप्तिष्मा पाएको छु; मैले अन्यभाषाहरुमा बोले, अगमवाणी बोले, ज्ञानको वरदान प्राप्त गरे, बुद्धि, व्याख्या, र सबै कुरा भईरहेको छ। तर म ती मध्ये कुनै पनि कुराको अधिनमा छु, किनभने अब म परमेश्वरको एउटा छोरा हुँ। शक्ति, परमेश्वरको आगो मेरो प्राणमा छ; त्यो आगोको जिब्रो जुन बस्यो—म भित्र आयो र सबै कुरा जलाइदियो जुन परमेश्वरको विरुद्ध थियो, र अब म पवित्र आत्माद्वारा डोर्याईएको छु। उहाँले भन्न सक्नुहुन्छ, "*यहाँ* जाऊ," र म जानेछु। "*यहाँ* जाऊ," म जानेछु। "*यहाँ* बोल," म बोल्नेछु। "र *यो*, *त्यो*, र *अरु* गर।" त्यहाँ तपाई हुनुहुन्छ, जस्तो...तपाई आत्माको अगुवाईमा हुनुहुन्छ। त्यो परमेश्वर तपाई भित्र हुनुहुन्छ, उहाँको इच्छामा

काम गर्दै हुनुहुन्छ। चाहे यो जे सुकै होस्, उहाँ आफ्नो काम गर्दै हुनुहुन्छ।

79 अब, सुन्नुहोस्। हामीले यहाँ शब्दकोषमा प्रश्नहरु शुरू गर्नुभन्दा अगाडि मैले यहाँ हेर्न पढ्न दिनुहोस्। अब, भ्याटिकन अनुवादबाट, भोल्युम ७, १९०—१२०५:

> "यो विदेशी भाषा बोल्ने मानिसहरुको आवाज थियो या होइन भनि निर्धारण गर्न गाह्रो छ; वा अलौकिक बतासको मामलाको रिपोर्ट वा हल्ला जसले भीडलाई उत्साहित बनायो।

तिनीहरुले यो बुझ्न सकेनन्। अब हेर्नुहोस्। चाहे त्यो मानिस थियो...

80 म केवल चित्रण गर्नेछु। यहाँ गरिब, अशिक्षि गालिलीहरुका झुण्ड छन्। र यहाँ तिनीहरु त्यहाँ बाहिर सडकमा छन्। तिनीहरुले यस्तो केहि कहिल्यै देखेका थिएनन्: तिनीहरुको हात माथि हावामा छ, माथिल्लो कोठाबा आउछन्, तल त्यो सिढीमा, बाहिर त्यहाँनिर, भर्खरै भरिएको; तिनीहरु अहिले सम्म कहिल्यै बोलेका थिएनन्। बुझ्नुभयो? यहाँ तिनीहरु त्यहाँबाट भएर तल आउछन्। र अब, मानौ, तिनीहरु त्यहाँ बाहिर यसमा चारैतिर डगमगाईरहेका थिए। र मानिसहरुले भने...एउटा ग्रीक दौडेर मकहाँ आयो र, भन्यो, म गालिली बोल्छु।

तपाई उहाँकहाँ दौडनुहुन्छ र भन्नुहुन्छ, "र तिमीलाई के भयो, केटा?"

81 "म पवित्र आत्माले भरिएको छु। परमेश्वरको शक्ति त्यहाँ माथि त्यो कोठामा झर्यो। मलाई केहि भयो। ओ, परमेश्वरको महिमा होस्!"

र अर्को एउटा यहाँनिर, उनी एक अरबीसँग बोल्दै हुनुहुन्थ्यो, र उनी एउटा गालिलीले अरब—अरब भाषा बोलिरहेका थिए।

82 अब, तिनीहरुले भन्न सक्दैनन्, के यो तेज बतास थियो जसले मानिसहरुलाई एकसाथ खिच्यो जब भीड सँगै आएका थिए, वा यो विदेशी भाषामा बोलेको कुरा थियो जुन तिनीहरु बोल्दै थिए? अब, बाईबलले सटिक रूपमा भन्दैन...तपाईसँग दुईवटा कुरा छन् जुन तपाईले हेर्न सक्नुहुन्छ। यो...त्यहि—बाहिरको मानिसले भने, "हामीहरु जन्मेका हरेक मानिसले आफ्नै भाषामा कसरी सुन्छौ?" यसले यो भन्दैन कि तिनीहरु यो बोलिरहेका थिए, तर उनीहरुले यो सुन्दैथिए।

83 त्यसपछि उही समूह, उही मानिसहरुले, यो व्याख्या गर्छन्। पत्रुस केहि कुरामा उफ्रियो र भन्यो, "तिमी गालीलका मानिसहरु, र यरूशलेममा

बस्नेहरु, यो तिमीहरुलाई थाहा होस् (मानिसहरुले भनेका थिए कि तिनीहरुसँग गालिली भाषा थिएन) यो तिमीहरुलाई थाहा होस् र मेरा वचनहरु सुन्नुहोस् (के—के भाषामा उनले बोलिरहेका थिए, ती सबैसँग?); किन, तिमीहरुले ठाने झैँ यिनीहरु मातेका छैनन्, यो देखेर कि यो बिहानको नौ बजेको छ, तर योएल अगमवक्ताद्वारा भनिएको कुरा यही हो,: 'आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइदिनेछु। र तिमीहरूका छोराहरू र तिमीहरूका छोरीहरूले अगमवाणी बोल्नेछन्।'" उनी निरन्तर गए, र भने, "तिमीहरुको दुष्ट हातहरुले निर्दोष परमेश्वरको पुत्रलाई क्रूसमा टाँगेका छौ। दाऊदले उहाँको विषयमा बोलेका थिए...'उहाँको प्राण नरकमा छोड्ने छैन, न त उहाँले आफ्नो पवित्र जनलाई कुहिएको देख्न दिनुहुनेछ।'" र भने, "यो तिमीहरुलाई थाहा होस् कि परमेश्वरले उही येशूलाई बनाउनुभयो जसलाई तिमीहरुले प्रभु र ख्रीष्ट दुवैलाई क्रूसमा टाँग्यौ।" र जब तिनीहरुले यो कुरा सुने...आमेन! को? स्वर्गमुनि रहेको हरेक मानिस। के भईरहेको थियो? उनले यो भनेका थिएनन्, "अब, म गालिलीमा बोल्नेछु; म *यसमा* बोल्नेछु; र म *यसमा* बोल्नेछु...?..."

84 जब पत्रुसले यी शब्दहरु बोले, तिनीहरुले भने, "मानिस र दाजुभाईहरु, बाँच्नको निम्ति हामीले के गर्नुपर्छ?" र पत्रुसले तिनीहरुलाई सूत्र दिन्छन्। त्यहि नै तरिकामा यो सधै भईरहेको छ। बुझ्नुभयो?

85 यो माथि सर्दैछ, परमेश्वरमा बढ्दै, नजिकमा हिड्दै। तपाईलाई कसरी थाहा छ? ठिक छ अब, जब लूथरले न्याय पाए, उनले त्यसलाई पवित्र आत्मा भने। यो थियो। परमेश्वरले यसमा थोरै डुबाउनुभयो। त्यसपछि उनले के भने? वेस्लीले पवित्रीकरण प्राप्त गरे, र भने, "केटा, जब तिमी कराउँछौ, तिमीले यो पाउछौ।" तर धेरै जना कराए तर यो पाउन सकेनन्। जब पेन्टिकोष्टले अन्यभाषाहरुमा बोले—अज्ञात अन्यभाषाहरुमा, तिनीहरुले भने, "केटा, तिमीले यो पाएका छौ।" तर तिनीहरु मध्ये धेरैले यो पाएनन्।

त्यो जान्ने चिन्हहरु भन्ने जस्ता त्यहाँ केहि कुरा छैनन्। "रुखलाई चिन्ने एउटा मात्रै तरिका हो," येशूले भन्नुभयो, "त्यसको फलबाट हो जुन त्यसले फलाउछ," आत्माको कामहरुबाट, आत्माको फल। त्यसपछि जब तपाईले एउटा व्यक्तिलाई देख्नुहुन्छ जो शक्तिले भरिएको छ, जो पवित्र आत्माले भरिएको छ। तब तपाईले त्यो जीवन देख्नुहुन्छ जुन परिवर्तन

भएको छ। तपाईले विश्वास गर्नुहुनेहरुमा यी चिन्हहरु देख्नुहुन्छ: "मेरो नाउँमा तिनीहरुले दुष्टहरु निकाल्नेछन्, नयाँ भाषाहरुमा बोल्छन्। यदि सर्पले तिनीहरुलाई टोके भने पनि, त्यसले तिनीहरुलाई हानि गर्नेछैन। यदि तिनीहरुले एउटा घातक कुरा, पिए भने पनि, यसले तिनीहरुलाई मार्नेछैन। उनीहरुले बिरामीहरुमाथि हात राखे भने, उनीहरु निको हुनेछन्।" मेरो! विश्वास गर्नेहरुमा यी चिन्हहरु हुनेछन्। तर तपाई यसमा कसरी प्रवेश गर्नुहुन्छ? ती वरदानहरु शरीरमा छन्। तपाई शरीरमा कसरी प्रवेश गर्नुहुन्छ? तपाईको तरिकाले बोलेर होइन; तर एउटा शरीरमा बप्तिष्मा भएर हुन्छ (पहिलो कोरिन्थी १२:१३)। एउटै आत्माले हामी सबै त्यस शरीरमा बप्तिष्मा भएका छौ र सबै वरदानहरुमा राखिएका छौ। परमप्रभुले तपाईलाई आशिष दिनुभएको होस्।

86 अब, यदि कसैले यो टेप सुन्नुहुन्छ वा यहाँ कोहि असहमत हुनुहुन्छ भने, याद गर्नुहोस्, यसलाई मित्रवत तरिकाले गर्नुहोस्, भाई, किनभने म तपाईलाई प्रेम गर्छु।

**93.** आज रातिको पहिलो प्रश्न: **भाई ब्रन्हाम, मलाई लाग्छ टेलिभिजन संसारको लागि एउटा श्राप हो। तपाईलाई यसको बारेमा के लाग्छ?**

87 ठिक छ, जो कोहिले यो लेख्नुभएको छ, म तपाईसँग सहमति जनाउनेछु। उनीहरुले यसलाई संसारको एउटा श्राप बनाएका छन्। यो संसारको लागि आशिष हुनसक्थ्यो, तर उनीहरुले यसलाई श्राप बनाएका छन्। कुनै पनि त्यस्ता कुरा, मेरा प्रिय मानिसहरु, तपाईले आफैमा के देख्नुहुन्छ त्यो हो। यदि टेलीभिजन श्राप हो भने, त्यसो हो भने पत्रिका पनि एउटा श्राप हो, त्यसो भए रेडियो पनि एउटा श्राप हो, र धेरै पटक टेलीफोन पनि हो। हेर्नुहोस्, हेर्नुहोस्, हेर्नुहोस्, हेर्नुहोस्? यो तपाईले यसबाट के बनाउनुहुन्छ त्यहि हो। तर त्यो भाइले अर्को रात भनेको थियो, कि त्यहाँ टेलिभिजनमा शायदै कुनै कार्यक्रमहरु छन्; त्यो धेरै पैसा हो। एउटा गरीब प्रचारक जसले पूर्ण सुसमाचार प्रचार गर्छ उसँग टेलीभिजनमा कार्यक्रम देखाउने हैसियत हुदैन। त्यसैले त्यसकारणले...भाईले अर्को रात भन्नुभयो, म विश्वास गर्छु, कतै, भन्यो, "तपाईको रेडियोलाई धूलो झार्नुहोस्," वा कोहि, वा, "कुनाबाट यसलाई फर्काएर ल्याउनुहोस् र त्यस कार्यक्रममा सुन्नुहोस्।" त्यो सहि हो।

88 तर, प्रिय व्यक्ति, तपाई जो कोहि पनि हुनुहुन्छ, म निश्चित रूपमा

तपाईसँग सहमत छु। यो मानव जातिको लागि सबैभन्दा घातक कुराहरु मध्ये एक भएको छ। त्यसमा तिनीहरुले यो सबै पैसा लिन्छन् जुन करको लागि सरकारलाई जानुपर्छ, र यी सबै चुरोट र व्हिस्की कार्यक्रम र त्यस्ता कुराहरुमा विज्ञापनको लागि राख्छन्, र सरकारको करबाट यसलाई लेख्छन्; र त्यसपछि तिनीहरु आउछन् र प्रचारकहरु लिन्छन् र उनीहरुलाई अदालतबाट तान्छन् तिनीहरुबाट थोरै पैसा निकाल्छन्। म तपाईसँग सहमत छु, यो एउटा भदुखदायी कुरा हो। अब, त्यो होइन... तपाईलाई थाहा छ, यो केवल तपाईले फेला पार्ने कुरा हो। धन्यवाद, बहिनी, भाई, तपाई जो कोहि पनि हुनुहुन्छ जसले त्यो सोध्नुहुन्छ।

**94.** अब, यहाँ एउटा राम्रो छ। प्रश्न: **त्यहाँ बाइबलमा ठाउँहरु छन् जस्तो कि पहिलो शमूएल १८:१०, जसले भन्छ परमेश्वरबाट आएको दुष्ट आत्माले काम गरेको छ। मैले यो बुझिन "परमेश्वरबाट दुष्ट आत्मा।" कृपया यसलाई व्याख्या गरिदिनुहोला।**

89 ठिक छ, शायद प्रभुको सहायताद्वारा, म सक्छु। यसको अर्थ यो होइन कि परमेश्वर दुष्ट आत्मा हुनुहुन्छ। तर सबै थोकको सबै आत्मा परमेश्वरको अधिनमा छ। र उहाँले सबै कुरालाई उहाँको इच्छा अनुसार काम गराउनुहुन्छ। बुझ्नुभयो?

90 अब, तपाईको प्रश्नमा, तपाईले साऊललाई सताउने त्यो दुष्ट आत्माको बारेमा कुरा गर्दै हुनुहुन्छ जो परमेश्वरबाट निस्केर गएको थियो। उनी एक अस्थिर व्यक्ति थिए, टुटेको आकार—स्थितिमा, किनभने, पहिलो स्थानमा, उनी तर्किएको थिए। र जब तपाई विश्वासबाट तर्किजानुहुन्छ, एउटा दुष्ट आत्मा—परमेश्वरले दुष्ट आत्मालाई तपाईलाई सताउन अनुमति दिनुहुनेछ।

91 म तपाईलाई केहि क्षणमा—केहि पढेर सुनाउन चाहन्छु। यसमा मेरो अर्को विचार यहाँ छ। बुझ्नुभयो? हरेक आत्मा परमेश्वरको अधिनमा हुनुपर्दछ। के तपाईलाई याद छ जब यहोशापात र अहाब युद्धको लागि जाँदैथिए? र पहिलो कुरा तपाईलाई थाहा छ, त्यहाँ एउटा—त्यहाँ ढोकामा केहि राखिएको थियो। यहोशापात एर्क धार्मिक मानिस थिए, र उनले भने (दुई राजाहरु त्यहाँ बसे, र तिनीहरुले आफ्ना सेनाहरुलाई संगै मिलाए) र त्यसैले उनले भने, "हामी बाहिर जाने वा नजाने भनि प्रभुबाट परामर्श लिऔं।"

92 र अहाब गए र तिनीसँग भएका सबै, चार सयजना अगमवक्ताहरु ल्याए, जसलाई तिनले खुवाएर मोटो बनाएका र सबै सुविधामा राखेका थिए; तिनीहरु रामो आकारमा थिए। र तिनीहरुत्यहाँ माथि आए, र तिनीहरु सबैले एकै मनका भएर अगमवाणी गरे, भने, "माथि जानुहोस, र परमेश्वरले तपाईलाई विजय दिनुहुनेछ। माथि रामोथ–गिलादमा जानुहोस् र त्यहाँ परमेश्वरले तपाईको निम्ति यो कुरा लिनुहुनेछ।" ती मध्ये एकले आफैलाई एउटा जोडि सिङ बनायो र चित्रणको रुपमा चारैतिर दौडिन थाल्यो, भन्यो, "यी फलामको सिङले, तपाईले ती साहुललाई देशबाट बाहिर धकेल्नुहुनेछ; जुन तपाईको हो।"

93 तर तपाईलाई थाहा छ, त्यहाँ परमेश्वरको मानिसमा केहि छ जो केवल ती सबको लागि जादैन। बुझ्नुभयो? यदि यो धर्मशास्त्रसँग मिल्दैन भने, त्यहाँ केहि कुरा गलत छ। कुनै पनि सच्चा विश्वासी...त्यसैले यहोशापातले भने, "ठिक छ, ती चार सय जना ठिकै देखिन्छन्। तिनीहरु असल मानिस हुन् जस्तो देखिन्छन्।"

"ओ, तिनीहरु हुन्," शायद आहाबले भन्यो।

तर यहोशापातले भने, "के तपाईसँग अझै एउटा छैन?" तपाईसँग एकै सहमतिमा चार सय जना हुँदा किन अझै एउटा? किनकि उनलाई थाहा थियो कि त्यहाँ केहि कुरा थियो जुन ठिक सुनिएको थिएन। बुझ्नुभयो?

तिनले भने, "हो, हामीसँग अझै एउटा छ, इम्लाको छोरा, यहाँ माथि," भने, "तर म उसलाई घृणा गर्छु।" पक्कै पनि। तपाईले उसको मण्डली तपाईले चाहेको कुनै पनि समयमा बन्द गर्नुहुनेछ। तपाईले उसलाई देशबाट बाहिर लखेट्नुहुनेछ। बुझ्नुभयो? निश्चय नै। "म उसलाई घृणा गर्छु।"

"तपाईले उसलाई किन घृणा गर्नुहुन्छ?"

"उसले सधै मेरो विरुद्धमा दुष्ट अगमवाणी बोलिरहेको छ।" म विश्वास गर्छु कि यहोशापातले ठिक त्यसबेला थाहा पाएको थियो—त्यहाँ केहि कुरा गलत थियो।

त्यसैले तिनले भने, "माथि जाऊ र मीकायालाई लिएर आऊ।"

त्यसैले तिनीहरुले उनलाई लिनलाई गए, र यहाँ उनी तल आउछन्... त्यसैले जब उनीहरु माथि गए, तिनीहरुले संदेशवाहकलाई पठाए र भने,

"अब, एक मिनेट पर्खिउ। अब, तिनीहरुसँग त्यहाँ तल चार सयजना दिव्यताका डाक्टरहरु थिए। तिनीहरु पिएच, एलएलडी, र सबैकुरा सहित, देशमा भएका सबै भन्दा उत्कृष्टहरु हुन्।" भने, "अब, तिमीलाई थाहा छ, तिमी गरीब सानो अशिक्षित मानिस, तिमी यी सबै धर्मगुरुहरुसँग असहम हुनेछैनौ।"

94 इम्लाहले यो भन्यो, वा मेरो मतलव, मीकायाले यो भने: "परमेश्वरले मेरो मुखमा नराख्नुभएसम्म म केहि पनि भन्नेछैन, र त्यसपछि उहाँले जे भन्नुहुन्छ म ठिक त्यहि भन्नेछु।" मलाई त्यो मन पर्छ। मलाई त्यो मन पर्छ। अर्को शब्दमा भन्दा, "म वचनसँग रहन्छु।" चाहे अरुले जे सुकै भनेका होऊन्। उनले भने, "ठिक छ," भन्नुभयो, "म तपाईलाई भन्दैछु। यदि तिमीलाई बाहिर फालिएको चाहदैनौ भने, तिमीले त्यहि कुरा भनेको बेस हुन्छ।"

त्यसैले उनी त्यहाँ तल गए। र उनले भने, "के म माथि जाऊ?"

उनले भने, "अगाडि बढ्नुहोस्।" भने, "मलाई आज राति दिनुहोस्। मलाई यस विषयमा परमप्रभुसँग बोल्न दिनुहोस्।" मलाई त्यो मन पर्छ। त्यसैले त्यस रात परमप्रभु उनीकहाँ देखा पर्नुभयो, र अर्को दिन उनी माथि गए। र उनले भने, उनी माथि जाँदै गर्दा। उनले भने, "अगाडि बढ्नुहोस्; तर मैले इस्राएल गोठालो बिनाको भेडाहरु जस्तै, डाँडाहरुमा छरिएका देखे।" ओ, मेरो! त्यसले उनीबात बतास बाहिर निकाल्यो।

र उनले भने, "के मैले तिमीलाई भनेको होइन र? मलाई यो थाहा थियो। ठिक त्यहि नै तरिकामा, उसले सधै मेरो विरुद्धमा केहि नराम्रो भन्दै गरेको हुन्छ।"

95 किन? उनी वचनसँग बसिरहेका थिए। किन? उनीभन्दा अगाडिको अगमवक्ता, एलियाबाट परमेश्वरको वचन आएको थियो, सच्चा अगमवक्ता, उनले भने, "तपाईले निर्दोष नाबोथको रगत बगाएको हुनाले, कुकुरहरुले पनि तपाईको रगत चाट्नेछन्।" र उनले तिनको बारेमा दुष्ट भन्यो। एलिशा स्वर्गमा गईसकेका थिए। तर उनलाई थाहा थियो कि एलिशासँग परमेश्वरको वचन थियो, त्यसैले उनी वचनमा नै बसे। मलाई त्यो मनपर्छ। वचनसँग बस्नुहोस्।

96 यदि बाईबलले येशू ख्रीष्ट हिजो, आज, र आज सधैभरि एकसमान हुनुहुन्छ भनि भनेको छ; उहाँको शक्ति अझै पनि उही नै छ; पवित्र आत्मा

जो कोहिको निम्ति हुनुहुन्छ, उहाँलाई आउन दिनुहोस्, वचनसँग बस्नुहोस्। हो, श्रीमान! चाहे अरुले जे सुकै भनोस्। कति धेरै उनीहरुलाई खुवाईएको छ र कति धेरै विद्यालयहरुमा तिनीहरु गएको छ, त्यसको यससँग कुनै सम्बन्ध छैन।

त्यसैले त्यसपछि उनले भने...टाउकोमा सिङ भएको यो महान् ठूलो मानिस, यसलाई धकेल्न जाँदैछ—देशलाई राजाको पारीबाट बाहिर, उनी माथि गए अनि उनको मुखमा हिर्काए (यो सानो प्रचारक) उनलाई थाहा थियो कि उनी केवल एउटा सानो पवित्र भनाउदा थियो त्यसैले त्यहाँ यसको बारेमा केहि पनि भन्ने कुरा थिएन, त्यसैले उनले केवल उनको मुखमा हाने। उनले भने, "म तिमीलाई केहि कुरा सोध्न चाहन्छु।" भने, "यदि तिमीलाई थाहा छ भने परमेश्वरको आत्मा कता तर्फ जानुभयो त जब उहाँ म बाट निस्किनुभयो?"

97 उनले भने, "तपाईले बुझ्नुहुनेछ जब तपाई पिंजडामा एउटा कैदिको रूपमा तपाई बसिरहेको हुनुहुनेछ।" उनले भने, "मैले परमेश्वर सिंहासनमा बसिरहनुभएको देखे (आमेन! अब सुन्नुहोस्!), र स्वर्गको सेना उहाँको वरपर भेला भए।" के मामिला थियो? उनको अगमवक्ताले आहाबलाई के हुन आउछ भनि भनिसकेको थियो। परमेश्वर...त्यो एलियाले भनेको थिएन; त्यो अभिषिक्त अगमवक्ता थियो। त्यो परमप्रभुको वचन थियो, **परमप्रभु यसो भन्नुहुन्छ**। अनि मीकायाले भने, "मैले स्वर्गको सबै सेनाहरु एउटा ठूलो सभामा परमेश्वरको वरिपरी भेला भएको देखेको छु। र तिनीहरु एकअर्कासँग बोलिरहेका थिए। र परमप्रभुले भन्नुभयो, 'हामी मध्ये को तल जाने, तिमीहरु मध्ये को तल जाने, र अहाबलाई धोकामा पार्छौ, तिनलाई त्यहाँ बाहिर पुर्याउन परमेश्वरको वचन पूरा गर्नको निम्ति, उनलाई प्रहार गर्नको लागि? हामी मध्ये को तल जाने?'"

98 ठिक छ, एउटाले भन्दै थियो *यो* एउटा वा *त्यो* एउटा। र केहि समय पछि, एउटा दुष्ट आत्मा, तलबाट झुटको आत्मा माथि आयो र भन्यो, "यदि तपाईले मलाई अनुमति दिनुहुन्छ भने। म एक झुटको आत्मा हुँ। म तल जानेछु र ती सबै प्रचारकहरुलाई लिनेछु, किनकि तिनीहरुले पवित्र आत्मा पाएका छैनन्; र म तिनीहरुलाई (तिनीहरु केवल विद्यालय–प्रशिक्षि केटाहरु हुन्)—र म तल जानेछु, तिनीहरु प्रत्येकलाई लिनेछु, र तिनीहरुलाई भ्रममा पार्नेछु, र तिनीहरुलाई एउटा झुटो अगमवाणी बोल्ने

बनाउनेछु।" के उसले त्यो भन्यो? र त्यसले भन्यो, "त्यस तरिकामा हामी धोकामा पर्नेछौ।" त्यसैले उनी तल गए।

उसले भन्यो—परमेश्वरले भन्नुभयो, "तलाई जानको लागि मेरो अनुमति छ।"

99 र त्यो तल गयो अनि ती झुटा अगमवक्ताहरुलाई लियो, विद्यालय–प्रशिक्षि सेवकाईमा गए, र तिनीहरुलाई झुटा अगमवाणी बोल्ने बनायो। त्यो झुटो आत्मा थियो जुन परमेश्वरको इच्छामा काम गरिरहेको थियो। मलाई दिनुहोस्...केवल केहि अर्को कुरा तपाईले यहाँ देख्न सक्नुहुन्छ, मात्र एक मिनेटको लागि। यो हेर्नुहोस्। तपाईले पहिलो कोरिन्थी ५ औ अध्याय, पहिलो पद पल्टाउनुभएको म चाहन्छु, केवल एक मिनेटको लागि। पहिलो कोरिन्थी...र यो हेर्नुहोस् यदि तपाई केहि कुरा हेर्न चाहनुहुन्छ भने, परमेश्वरले केहि बनाउनुभएको—कसरी ती दुष्ट आत्माहरु, कसरी तिनीहरु—तिनीहरु चल्नेछन्...ठिक छ, पावलले बोल्दैछन्:

> *तिमीहरूका बीचमा* व्यभिचार *छ भन्ने कुरा पक्का गरी सुनिएको छ, र यस्ता* व्यभिचारहरु जुन...*जुन अन्यजातिहरुमा पनि हुदैन,...* (तपाई मण्डलीको बीचमा त्यसको बारेमा के सोच्नुहुन्छ?)...*तिमीहरूमध्ये कुनै एक जनाले आफ्नै बुबाकी पत्नी राखेको छ भन्ने सुनेको छु।*
>
> *र तिमीहरु चाहि घमण्ड गर्छौ, र छैन...*(हेरौ। म विश्वास गर्छु कि मैले दुई पाना पल्टाए...) तिमी—र *तिमीहरू चाहिँ घमण्ड गर्छौ। तिमीहरूले त शोक गर्नुपर्ने थियो, कि...* (अब, यहाँ एक मिनेट पर्खनुहोस्। के म...हो, त्यो सहि हो। हो।)...*शोक...*(त्यहि नै हो।)...*घमण्ड गर्छौ, र तिमीहरुले...शोक गरेनौ, यस्तो काम गर्नेलाई तिमीहरूका बीचबाट हटाओ।*

100 मलाई थाहा छैन। म विश्वास गर्दिन कि कसैले यो भन्ला वा पछाडि काटेर, तर म केवल मैले विश्वास गरेको कुराको प्रतिरक्षा गर्दैछु: यदि कुनै मानिस एकपटक आत्माले भरेको छ भने उसले यो गुमाउन सक्दैन। बुझ्नुभयो, बुझ्नुभयो?

> *किनकि, म शरीरमा उपस्थित नभए पनि, आत्मामा तिमीहरूसँग छु, म उपस्थित भएझैँ गरी, यस्तो काम गर्नेको न्याय मैले गरिसकेको छु, यो काम गर्नेको विषयमा,*

*जब तिमीहरू हाम्रा प्रभु येशूको नाउँमा, एकसाथ भेला हुन्छौ, म आत्मामा तिमीहरूसँग उपस्थित हुन्छु, अनि हाम्रा प्रभु येशूको शक्तिमा,*

*त्यस मानिसलाई शैतानकहाँ सुम्पिदेओ ताकि त्यसको पापमय स्वभाव नाश होस्, अनि प्रभुको दिनमा त्यसको आत्माचाहिँ बाँचोस्।*

101 परमेश्वर, पवित्र मण्डलीलाई भन्दै हुनुहुन्छ, जुन यस पृथ्वीमा उहाँको शरीर हो, कि (अब, यो पुरानो करार पछि हो, नयाँमा) त्यस मानिसलाई भन्दै जो मानिसहरुको बीचमा यति घृणित र फोहोरी थियो कि त्यसले आफ्नै पिताको पत्नीसँग बस्ने गर्थ्यो। भन्यो, "ख्रीष्टको शरीरमा यस्तो कुरा...तिमी, मण्डली, त्यसलाई विनाशको लागि शैतानको हातमा सुम्पिदेऊ..." बुझ्नुभयो? परमेश्वरले अनुमति दिनुहुन्छ...र जब उहाँले केहि कुरा पाउनुहुन्छ जुन उहाँले पूरा भएको देख्न चाहनुहुन्छ, कसैलाई कोर्रा लगाउन, उहाँले तिनीहरुमा दुष्ट आत्मालाई खोलिदिनुहुनेछ ताकी त्यसले त्यस व्यक्ति सताउनेछ र—र तिनीहरुलाई फर्काएर ल्याउनेछ। अब, हामीले यो मानिसलाई पाउँछौ पछि...

102 त्यहि नै आज मण्डलीसँग भईरहेको छ। जब एउटा मानिस ख्रीष्टको शरीरमा आउदछ र सदस्य मध्ये एक बन्दछ अनि दुष्ट काम गर्न शुरू गर्दछ, तपाईहरु सबैसंगै भएर उही काम गर्नको सट्टामा...र तपाई, ब्रन्हाम टेबरनेकल, त्यो गर्नुहोस्। किनभने जबसम्म तपाईले उसलाई समातिरहनु हुन्छ, ऊ रगतको मुनि हुन्छ। र उसले त्यहि पुरानो काम हरेक पटक गरेको गरेकै गरेको गरेकै गर्दछ। तपाईहरु एकसाथ भेला हुनुहोस् र शरीर नाश हुनको लागि त्यसलाई शैतानको हातमा सुम्पिदेओ, कि उसको आत्मा—जस्तो—प्रभुको दिनमा बचाईएको होस्। र परमेश्वरको कोर्रा भित्र आएको हेर्नुहोस्। उसलाई शैतानले जक्डेको हेर्नुहोस्। त्यो एउटा दुष्ट आत्माले उसलाई समाउछ।

103 र यो केटा यहाँ सिधा भयो। उ फर्केर आयो। हामीले दोश्रो कोरिन्थीमा पाउछौ जहाँ उ साच्चै नै परमेश्वरको अगाडि शुद्ध भएर आयो।

104 अय्यूबलाई हेर्नुहोस्, एक सिद्ध मानिस, एउटा धार्मिक मानिस। र परमेश्वरले दुष्ट शैतानलाई उनीकहाँ आउने अनुमति दिनुभयो, र उनलाई ताडना दियो, र उनको आत्मालाई सिद्धताको निम्ति सबै खालका कुरा

हुन आयो। बुझ्नुभयो? त्यसैले दुष्ट आत्माहरु...परमेश्वरले आफ्नो योजना र इच्छा पूरा गर्न धेरै पटक दुष्ट आत्माहरु प्रयोग गर्नुहुन्छ।

**95.** अब, यहाँ एउटा छ जुन साचै नै टाँसिन्छ। प्रश्न (मलाई लाग्छ यो उहि व्यक्ति हो, किनकि यो एउटै हस्तलेख जस्तो देखिन्छ): **यदि एउटा व्यक्तिले पवित्र आत्मा—पवित्र आत्मा परिवर्तन हुनको लागि र र्याप्चरमा जानको लागि प्राप्त गर्नु पर्दछ, उत्तरदायित्वको वर्षभन्दा अगाडि नै मरेका छोराछोरीहरुको अवस्था के हुनेछ? र तिनीहरु कहिले उठ्नेछन्?**

105 अब, मेरो दाजुभाई, दिदीबहिनी, म तपाईलाई त्यो भन्न सक्दिन। यस विषयमा कहिँपनि मैले पाउनसक्ने त्यहाँ बाईबलमा कुनै पनि पद छैन। तर म मेरो विचार व्यक्त गर्न सक्छु। अब, यसले तपाईलाई बलियो बनाउछ जसले परमेश्वरको अनुग्रहमा विश्वास गर्नुहुन्छ। तपाईले देख्नुहुन्छ, त्यो व्यक्ति जान्न चाहनुहुन्छ (जुन एकदम राम्रो प्रश्न हो। बुझ्नुभयो?) व्यक्तिले पुनरुत्थान—एउटा बच्चालाई के हुनेछ भनि जान्न चाहनुहुन्छ, र्याप्चरमा जानको लागि यदि उसँग पवित्र आत्मा हुन पर्छ भने...जस्तो मैले त्यो भनेको छु, त्यो सहि हो। त्यो बाइबल अनुसार हो। त्यो धर्मशास्त्रको शिक्षा हो। होइन—होइन स्वर्ग जानलाई होइन...किनभने पवित्र आत्माले भरिएको मानिस पहिलो पुनरुत्थान हो, चुनिएको। र ती बाकि रहेकाहरु...बाकि मरेकाहरु एक हजार वर्षको लागि जिएनन्। हजार वर्ष पछि, त्यसपछि दोश्रो पुनरुत्थान हुन्छ, महान सेतो सिंहासनको इन्साफ। बुझ्नुभयो? त्यो एकदम बाईबल अनुसार हो। तर यस व्यक्तिले यी बच्चाहरुको बारेमा के छ भनि जान्न चाहनुहुन्छ। तिनीहरु...अर्को शब्दमा, के तिनीहरु जन्मनुभन्दा अगाडि तिनीहरुसँग पवित्र आत्मा थियो? के तिनीहरुले यो प्राप्त गरे? अब, त्यो म तपाईलाई भन्न सक्दिन।

106 तर अब, आउनुहोस् हामीलाई यसरी भन्न दिनुहोस्: हामीलाई थाहा छ कि बच्चाहरु जो मर्दछन्, चाहे उनीहरुको आमाबुवा जो भए पनि, उनीहरु बाँच्दछन्। अब, म त्यस कुरामा अगमवक्ताहरुको विद्यालयसँग असहमत हुन्छु। उनीहरुले भने यो—उनीहरुको बुवाआमाहरुको पापसँगै मरे, कि त्यो बच्चा नरकमा जानेछ, कुहिनेछ; त्यहाँ यसमा अरु केहि हुनेछैन। ठिक छ, येशू...येशू आउनुहुदा यूहन्नाले भनेका थिए, “हेर, संसारको पाप उठाउने परमेश्वरको थूमा।” र यदि त्यो बच्चा एउटा मानव हो भने, जो

परमेश्वरको इन्साफ मुनि आउनुपर्नेछ, र येशू पाप हटाउनलाई मर्नुभयो, सबै पाप परमेश्वरको अगाडिबाट हटाईयो जब येशू त्यस उदेश्यको लागि मर्नुभयो। तपाईको पाप क्षमा भयो। मेरा पापहरुको क्षमा भयो। र एक मात्रै तरिका जसबाट तपाईको पाप क्षमा हुनसक्दछ त्यो उहाँको क्षमालाई स्वीकार गर्नु हो। अब, बच्चाले यसको क्षमा स्वीकार गर्न सक्दैन, त्यसैले उसले केहि गरेको नै छैन। उसले केहि पनि गरेको नै छैन। त्यसैले स्वर्ग जानको लागि ऊ पूर्ण रुपले स्वतन्त्र छ।

107 तर तपाईले भन्नुहुनेछ, "के तिनीहरु र्याप्चरमा जानेछन्?" अब— अब, यो मेरो आफ्नै वचन हो; अब यो मेरो विचार हो। नगर्नुहोस्...मैले यसलाई बाइबलबाट प्रमाणित गर्न सक्दिन। तर हेर्नुहोस्। यदि परमेश्वरलाई, संसारको उत्पत्ति हुनुभन्दा अगाडि, हरेक मानिस पृथ्वीमा हुनेछ भनि थाहा भएको भए...के तपाई त्यो विश्वास गर्नुहुन्छ? उहाँले सबै भुसपूर्ण, हरेक झिंगा, सबै झिंगा चिन्नुभएको थियो, उहाँले पृथ्वीमा हुने सबै कुरा जान्नुभएको थियो। यदि उहाँलाई त्यो थाहा थियो भने...

108 हेर्नुहोस्। आउनुहोस् उदाहरणको लागि, मोशालाई लिऔं। जब मोशा जन्मिए, उनी एक अगमवक्ता थिए। यर्मियाभन्दा अगाडि...परमेश्वरले यर्मियालाई भन्नुभयो, "तँ तेरी आमाको गर्भमा बनिनुभन्दा अगाडि, तँ उनको गर्भमा बनिनुभन्दा अगाडि, मैले तलाई चिनेको थिए, र तलाई पवित्र बनाएको थिए, र तलाई राष्ट्रहरुको निम्ति एउटा अगमवक्ता नियुक्त गरेको थिए।" बप्तिष्मा दिने यूहन्ना, उनी जन्मनुभन्दा सात सय बाह्र वर्ष अगाडि, यशैयाले उनलाई एउटा दर्शनमा देखे, भने, "ऊ उजाडस्थानमा कराईरहेको एउटाको आवाज हो।"

109 पूर्वनियुक्ति वा परमेश्वरको पूर्वज्ञानले सबै साना बच्चाहरुको बारेमा जान्दछ (बुझ्नुभयो?), तिनीहरुले के गर्नुपर्ने थियो। र उहाँलाई तिनीहरु मर्नेछन् भनेर थाहा थियो। उहाँलाई थाहा थियो। कुनै पनि कुराको बारेमा परमेश्वरलाई थाहा नभईकन पूरा हुनसक्दैन। केहि पनि हुन सक्दैन... असल गोठालो जस्तै, कसरी ऊ भित्र जाँदछ...अब, यसलाई धर्मशास्त्रबाट लिनको लागि, मैले धर्मशास्त्रले *यस्तो–र–यस्तो* भन्छ भनि भन्न सक्दिन। म केवल यसलाई मेरो विचारको लागि लिदैछु।

**96.** अब, अर्को प्रश्न चाही त्यो हो शायद कोहि हुनुहुन्थ्यो जुन मैले अर्को रात भनेको कुरासँग सम्बन्धित छ। **एउटा पत्नी एउटा बालक जन्ममा**

**तिनी बचाइनेछिन्लाई व्याख्या गर्नुहोस्।**

110 पत्नीले एउटा बच्चा जन्माएर बाँच्ने होइनन्। तर आउनुहोस् पहिलो तिमोथी २:८ मा एक मिनेटको लागि हेरौं। र आउनुहोस् बच्चाको बारेमा बाईबलले के भन्छ भनि पत्ता लगाऔं। अब, म जान्दछु कि त्यो एउटा क्याथोलिक सिद्धान्त हो, कि क्याथोलिकले भन्छन् कि महिला चाहि बच्चा जन्ममा बचाईनेछिन्, एउटा बच्चा जन्माएर। तर आउनुहोस्...म त्यो विश्वास गर्दिन। पहिलो तिमोथी दोश्रो अध्याय, र आउनुहोस् ८ औ पदबाट शुरू गरौं, र बस एक पलको लागि अहिले पढौं। ठिक छ, सुन्नुहोस्।

*त्यस्तै तरिकामा पनि, कि* तिमीहरुका *स्त्रीहरुले आफैलाई विनम्र पोशाकमा* सजाउछन्...(हामीले त्यो सोध्नु हुँदैन, के हामीले? यसलाई सुन्नुहोस्।)...*लाजको अनुहार सहित*... (ह्यु!)...*र संयम सहित; केशको* बढ़ी सिङ्गार *गरेर, वा सुन, वा मोती, वा बहुमूल्य वस्त्रहरू पहिरेर होइन;* (भाईहरु, म तपाईलाई यहाँ मद्दत गर्दैछु, म आशा गर्छु। यी सबै नयाँ ढाक्ने कुराहरु हरेक दिन वा तिन दिनमा। तपाईले देख्नुहुन्छ? त्यो इसाई बन्न सक्दैन।)

*तर (जो भक्तिको दावी गर्ने स्त्री छन्) असल कामद्वारा सुसज्जित होऊन्।*

तिमीहरुको स्त्रीले *पूर्ण* दीनतासाथ *चूपचाप बसेर सिकून्।*

*तर स्त्रीले पुरुषलाई सिकाउने, र...पुरुषमाथि अधिकार जमाउने काममा म अनुमति दिन्नँ...तर तिनी* चूपचापै रहून्।

*किनकि आदम पहिले बनिएको थियो,* र *त्यसपछि हव्वा।*

*...आदम छलिएका होइनन्, तर स्त्रीचाहिँ छलिएर अपराधमा फसेकी हुन्।*

*तरै पनि यदि उनी...बालक जन्ममा तिनी बचाइनेछिन्।* (अब, ऊ संसारकी स्त्रीसँग बोलिरहेको छैन, जसले बच्चा जन्माईरहेकी छिन्।)...यदि उनी *विश्वासमा रहिन्* भने...(बुझ्नुभयो? यदि उनले जारी राखिन् भने। उनी पहिले नै...त्यो स्त्री हो जसको बारेमा उसले कुरा गरिरहेको छ, उही महिला जो पहिले नै बचाईएकि छिन्। बुझ्नुभयो?) ...र पूर्ण *संयमका साथ दान र पवित्रता।*

111 एउटा बच्चा जन्माएकोमा उनी बचाईने होइन, तर उनले त्यस नानीलाई हुर्काएको हुनाले, उनको कर्तव्य गरेको हुनाले, एउटा बच्चाको ठाउँमा बिरालो, कुकुर, र अरु–के कुराहरु हुर्काउने होइन, जस्तो तिनीहरुले आज गर्छन्, उनलाई आमाको माया दिदै ताकी उनी बाहिर जान सक्छिन् र रातभरी हिड्न सकून्। केहि मानिसहरुले त्यसो गर्छन्। माफ गर्नुहोला, तर तिनीहरुले त्यसो गर्छन्। त्यो भन्नु मेरो लागि भद्दा रुखो छ, तर सत्य सत्य हो। बुझ्नुभयो? तिनीहरुले एउटा शिशु यससँग बाँधिएको चाहदैनन्। तर बच्चा जन्माउने क्रममा, यदि उनी विश्वास, पवित्रता, र सबै संयममा रहिन् भने, उनी बचाईनेछिन्। तर *यदि* चाहि, तपाई पनि बचाईनुहुनेछ, *यदि* तपाई नयाँ गरी जन्मनुभएको छ भने। *यदि* तपाई विश्वास गर्नुहुन्छ भने निको हुनुहुनेछ निको हुनसक्नुहुनेछ। तपाईले पवित्र आत्मा प्राप्त गर्नअसक्नुहुनेछ *यदि* तपाईले यो विश्वास गर्न सक्नुहुनेछ, यसको लागि तयार हुनुहोस्, *यदि* तपाई यसको लागि तयार हुनुहुन्छ भने। र उनी बचाईनेछिन् यदि उनले यी कुराहरु गरिनै रहिन् भने (बुझ्नुभयो?), तर उनी एक महिला भएकी कारणले होइन। त्यसैले त्यो सहि हो, भाई, बहिनी। यो कुनै पनि क्याथोलिक शिक्षा होइन। अब म चाहन्छु...यहाँ अर्को एउटा छ जुन एकदमै टाँसिएको छ। तब हामीसँग अर्को एउटा पनि छ। मलाई लाग्छ शायद हामीसँग यसको लागि समय छ। मैले बस हाम्रो समय लिए। अब, यो केवल—यो केवल जागृतिको पछिको प्रभाव हो। यो सभाको परिणामहरु हो, यी प्रश्नहरु।

97. अब: **भाई ब्रन्हाम** (यो टाईप लिखित हो), **के एउटा व्यक्तिले अन्यभाषा बोलेर आफ्नै सन्देश उल्था गर्नु धर्मशास्त्र अनुसार छ? यदि त्यस्तो हो भने, कृपया व्याख्या गरिदिनुहोस्। पहिलो कोरिन्थी वा कोरिन्थी १४:१९ र कोरिन्थी १४:२७।**

112 ठिक छ, आउनुहोस् धर्मशास्त्रमा जाऔ र यसले के भन्छ हेरौ। र त्यसपछि हामीले हेर्नेछौ हामीले यस्लाए धर्मशास्त्र अनुसार राख्छौ या राख्दैनौ भनि। हामीहरु सधै धर्मशास्त्र अनुसार हुन चाहन्छौ। र कोरिन्थी १४. अब, व्यक्ति जान्न चाहन्छ यदि मानिसले अन्यभाषामा बोलेको आफ्नै सन्देश आफैले व्याख्या गर्नु धर्मशास्त्र अनुसार छ भने। “यदि त्यसो हो भने, कोरिन्थी १४:१९ व्याख्या गर्नुहोस्।” आउनुहोस् हेरौ, १४ र १९। ठिक छ, यहाँ हामी छौ।

*तरै पनि* मण्डलीहरुमा *म…बरु आफ्नै दिमागले पाँच वटा शब्द अरूहरूलाई शिक्षा दिने हेतुले म मेरो आवाजले बोल्न चाहन्छु, हजार शब्द बोल्नुभन्दा…त…अज्ञात* अन्यभाषाहरुमा।

अब, अर्को २७ औं पद हो, तिनीहरु जान्न चाहन्छन्।

*यदि कसैले अन्य भाषामा* बोल्छ *भने, दुई जनाले मात्र, वा… अथवा बढ़ीमा तीन जनासमेतले पालोसँग बोलून्; र एक जनाले त्यसको अर्थ खोलोस्।*

113 अब, त्यो व्यक्तिले प्राप्त गर्न खोज्नुभएको कुरा म लिन्छु (जुन म चाहन्छु—म तपाईलाई केहि क्षणको लागि केहि कुरा पढ्न जाँदैछु)। तर मलाई लाग्छ भाई वा बहिनीले के पाउन खोज्दै हुनुहुन्छ भने, "के अन्यभाषामा बोल्ने एक व्यक्ति आफैले भनेको सन्देश आफैले उल्था गर्नु सहि छ?" अब, प्रिय प्रिय मित्र, यदि तपाईले बस उही अध्यायमा १३ औ पद पढ्नुहुन्छ भने, यसले तपाईलाई भन्नेछ:

*यसकारण अन्य भाषामा बोल्नेले त्यसको अर्थ खोल्ने शक्तिको निम्ति प्रार्थना गरोस्।*

114 पक्कै पनि। उनले आफैले आफ्नो सन्देश उल्था गर्न। अब, यदि हामी केवल…आउनुहोस् केवाल…ठिक छ, तपाई…यो सबै यहाँ पढ्नुहोस्, र तपाईले देख्न सक्नुहुन्छ यसको…मात्र त्यो पूरा अध्याय पढ्नुहोस्। यो धेरै राम्रो छ, यसलाई व्याख्या गर्छ।

115 अब, अन्यभाषामा बोल्दै…अब, हामी त्यसमा हुँदा, र यो टेप गरिएको छ, म यो भन्न चाहन्छु कि म जत्ति को ईश्वरीय चंगाईमा विश्वास गर्छु उत्तिकै अन्यभाषामा विश्वास गर्दछु, र—पवित्र आत्माको बप्तिष्मा, ख्रीष्टको दोश्रो आगमन, र आउदै गरेको संसारको शक्ति; म उत्तिकै त्यसमा विश्वास गर्छु जत्तिको विश्वास, तर म विश्वास गर्छु कि अन्यभाषाहरुमा बोल्नेको आफ्नो स्थान छ जसरी ख्रीष्टको आगमनको स्थान छ; ईश्वरीय चंगाईको आफ्नै स्थान छ; सबैकुराको आफ्नो स्थान छ।

116 अब, तपाई मानिसहरुको लागि, मैले यो अहिले भन्ने मौका पाएको छु, र म यो व्याख्या गर्न चाहन्छु। र यदि मैले कसैलाई चोट पुर्याए भने, मैले त्यसो गर्न खोजेको होइन। मैले गडबडी ल्याउन खोजेको होइन। तर सुन्नुहोस्। पेन्टिकोष्टल मानिसहरुले अन्यभाषाहरुमा बोल्दा के भएको छ (जो म आफै हुँ; म पेन्टिकोष्टल हुँ। बुझ्नुभयो?)…अब, के समस्या भएको

हो यो: कि तिनीहरुले यसलाई आदर गर्दैनन्। र अर्को कुरा, तिनीहरुले यसलाई अनियमित रूपमा जान दिए। उनीहरु वचनमा फर्केर आउदैनन्।

117 अब सुन्नुहोस्। यहाँ तरिका छ—दिनुहोस्—यस तरिकामा मण्डली स्थापित गरिएको छ। अब, पेन्टिकोष्टल मण्डलीमा, यदि मैले यो मण्डलीलाई पादरी गरिरहेको भए, म तपाईलाई भन्नेछु म कसरी यसलाई स्थापित गराउने थिए भनेर (हेर्नुहोस्?), यदि म—यहाँ हरेक समय यसलाई पादरी गर्नको लागि हुनेथिए। म बाईबलका हरेक वरदानलाई स्वीकार गर्थे। पहिलो त विश्वासीहरुलाई पवित्र आत्माद्वारा बप्तिष्मा हुनको लागि भन्थे। र त्यसपछि, पहिलो कोरिन्थी १२ को हरेक वरदान मेरो मण्डलीमा संचालन भएको हुनुपर्छ, यदि मैले उनीहरुलाई त्यहाँ ल्याउन सके, पूर्ण शरीर संचालन भईरहेको छ।

118 अब, यदि तपाईले ध्यान दिनुहुन्छ भने...अहिले टिप्पणी नगरेर। र याद गर्नुहोस्, म एउटा शब्द विपरित भन्न चाहन्न—मैले पवित्र आत्माको निन्दा गर्न सक्छु। र परमेश्वरले जान्नुहुन्छ कि म त्यो गलत भन्न सक्दिन। बुझ्नुभयो? तर मैले यो लगभग विस वर्ष देखि अध्ययन गरिसके पछि तपाईहरुलाई धर्मशास्त्रको दृष्टिकोण दिनको लागि मात्रै भन्दैछु। मैले लगभग तिस वर्ष देखि प्रचार गरिरहेको छु। र म भर्खरै सबैथोक बाट भएर गएको छु, भर्खरै त्यसबाट आएको छु; तपाईले कल्पना गर्नसक्नुहुन्छ यो कस्तो हुन्छ भनि। र हरेक मानिसलाई हेर्दै, र उनीहरुको सिद्धान्त, संसार भरि। र यो लिदै किनभने यो मेरो रुचि हो। यो मभन्दा बाहिर मानव जातिको रुचि हो। म यहाँबाट जानुपर्छ। तपाईले यहाँबाट जानुपर्छ। र यदि म झुटा अगमवक्ताको रूपमा गए भने, मैले मेरो आफ्नै प्राण गुमाउनेछु र मेरोसँगै तपाईको पनि गुमाउनेछु। त्यसैले यो—यो दैनिक रोटि भन्दा बढि छ; यो लोकप्रियता भन्दा बढि छ; यो अरु कुनै पनि कुराभन्दा अधिक हो; यो मेरो लागि जीवन हो। बुझ्नुभयो? र म सधै इमानदारीको सबैभन्दा गहिरो हुन चाहन्छु।

119 अब, तपाई पेन्टिकोष्टल मण्डलीमा जानुहोस्, पहिलो कुरा...(मेरो मतलव ती सबै होईन। केहि ती छन्...) प्राय जसो समयमा तपाई एउटा मण्डलीमा जानुहुन्छ र प्रचार गर्न शुरू गर्नुहुन्छ; तपाईले प्रचार गरिरहदा, कोहि उठ्नुहुन्छ अनि अन्यभाषामा बोल्न थाल्नुहुन्छ। अब, त्यो प्रिय व्यक्ति पूर्ण रूपमा पवित्र आत्माले भरिएको होस्, र त्यो शायद त्यस व्यक्तिको

माध्यमबाट पवित्र आत्माले बोलिरहनुभएको होला, तर यसको कुरा चाहि, उनीहरु अप्रशिक्षित छन्। यदि मंचमा यो सेवकाई प्रेरणामा बोलिरहेको छ भने, अगमवक्ताहरुको आत्मा अगमवक्तामा सुम्पिन्छ। बुभ्नुभयो? “सबै कुरा पूरा होस्...” अब, यहाँ पावलमा जानुहोस् कि उनले किन यसो भन्छन्, “जब कोहि बोल्छ,” र त्यस्तै...“जब उहाँ भित्र आउनुभयो, त्यहाँ केवल एउटा भ्रम थियो।”

120 अब, म वेदीको पुकार गरिरहेको छु, रर कोहि उठ्छ अनि अन्यभाषामा बोल्छ। यो केवल...ठिक छ, तपाईले पनि वेदीको पुकार गर्न बन्द गर्न सक्नुहुन्छ। यसले रोक्छ। बुभ्नुभयो?

121 र त्यसपछि, अर्को कुरा। धेरै पटक मानिसहरुमाथि उठ्छन् र अन्यभाषा बोल्छन्, र मानिस बस्छन् रचियुन्ग गम चपाउछन्, चारैतिर हेर्छन्। यदि परमेश्वर बोलिरहनुभएको छ, स्थिर बस्नुहोस्, सुन्नुहोस्! यदि त्यो सत्य हो भने, यदि त्यो व्यक्तिमा पवित्र आत्मा बोलिरहेको छ भने, तपाई चुप बसेर सुन्नुहोस्, आदरपूर्वक हुनुहोस्। व्याख्या तपाईमा आउन सक्छ। बुभ्नुभयो? स्थिर बस्नुहोस्; व्याख्याको लागि सुन्नुहोस्। अब, यदि त्यहाँ मण्डलीमा अनुवादक छैन भने, त्यसो हो भने उनीहरुले शरीरमा शान्ती राख्नुपर्नेछ।

122 र त्यसपछि, र जब उनीहरु अन्यभाषामा बोल्दछन्, बाईबलले भनेको छ, उनीहरुलाई आफै र परमेश्वरसँग बोल्नलाई देओ। अन्यभाषामा बोल्नेले आफैलाई जागृत गराउछ। अब, त्यो अन्यभाषा हो, बोलीहरु, भाषाहरु फरक छन्। “तिनीहरु केहि पनि होइनन्,” उनी भन्छन्...तर जे कुराले आवाज दिन्छ त्यसको अर्थ हुन्छ। तर तपाई...यदि तुरहीको आवाज बज्छ भने, तपाईले यो कस्तो सुनिन्छ भनि थाहा पाउनुपर्छ (...केवल यसलाई बजाउनुहोस्) वा तपाईलाई युद्धको निम्ति तयार गर्ने बारे थाहा हुदैन। यदि कोहि अन्यभाषामा बोल्ने, र केवल “टूट”; त्यसमा त्यति मात्रै छ, कसलाई थाहा छ के गर्ने भनेर। तर यदि यसले *जागरण* शुरू गर्छ भने, यसको अर्थ “उठ्नु!” यदि यसले *थपथपाहट* बजाउछ भने, त्यसको अर्थ “तल जानु” हो। बुभ्नुभयो? यदि यसले *चार्ज* उडाउछ भने यसको अर्थ “चार्ज” हो। यसले एउटा अर्थ दिनुपर्दछ, र केवल एक्लै बोल्ने होइन। त्यसैले मण्डलीमा, यदि त्यहाँ कुनै अनुवादक भएन भने, तर त्यहाँ अनुवादक छ भने, त्यसपछि अन्यभाषाहरु मण्डलीको हो।

123 अब, तपाईको प्रश्नमा, प्रिय मित्र, जसले भन्छ, "म बरु पाँच हजार... पाँच शब्दहरु बोल्न चाहन्छु, र ताकी मानिसहरुले बुझ्न सकून पाँच हजार भन्दा (यसले अझै जे भने पनि) अन्यभाषाहरुमा बुझ्न सकून्।" त्यो सत्य हो। तर तल पढ्नुहोस्: "...त्यो प्रकाशबाट वा शिक्षाको व्याख्याद्वारा बाहेक।" बुझ्नुभयो? जागृत गर्न।

124 अब, म तपाईलाई केवल एउटा सानो धारणा दिनेछु के यदि—के... यदि आउदै गरेको मण्डलीको म पादरी हुन्थे भने, यदि परमेश्वरले मलाई यसको पादरी गर्नको निम्ति बोलाउनुहुन्छ, यहाँनिर म दौडेर जानेथिए: म त्यहाँ भएका हरेक व्यक्तिलाई भेट्ने कोशिष गर्छु जोसँग वरदान हुन्छ। र मैले ती मानिसहरुलाई सेवाहरु शुरू हुनुभन्दा एक घण्टा अगाडि, आफ्नै लागि कोठामा भेट्न लगाउनेथिए। तिनीहरुलाई आत्मा मुनि बस्न दिनुहोस्। र पहिलो कुरा जुन तपाईलाई थाहा छ, एकजना तल आउछ, उसँग अन्यभाषाहरुमा बोल्ने वरदान हुन्छ। र उ अन्यभाषाहरुमा बोल्दछ। सबैजना स्थिर बस्छन्। र त्यसपछि एकजना उठ्छ र उसले भनेको कुरा अनुवाद गर्दछ। अब, यो मण्डलीलाई दिनुभन्दा अगाडि, बाईबलले भन्दछ कि त्यहाँ दुई वा तिन साक्षीहरुको बीचमा न्याय गरिनुपर्छ। अब, त्यो एउटा मानिस हो जसमा आत्माको प्रभेद छ (बुझ्नुभयो?), किनभने धेरै जसो समय दुष्ट शक्तिहरु त्यहाँ भित्र आउछ। (बुझ्नुभयो?) पावलले यसको बारेमा भने। तर तब, परमेश्वरको शक्ति त्यहाँ भित्र पनि छ। मलाई एउटा मण्डली भन्नुहोस् जहाँ दुष्ट बस्दैन। मलाई भन्नुहोस् जहाँ परमेश्वरको छोराहरु एकसाथ भेला हुन्छन् त्यहाँ शैतानको उनीहरुको बीचमा छैनन् भनि। यो सबैथोक हो। त्यसैले त्यसमा निहुर नहुनुहोस्। बुझ्नुभयो? शैतान जतातते छ। अब, यहाँ हामी छौ। कोहि अन्यभाषाहरुमा बोल्नुहुन्छ। अब, तिनजना बसिरहेका छन् जसमा प्रभेदको आत्मा छ। र एकजना अन्यभाषामा बोल्छ र एउटा सन्देश दिन्छ। अब, यसले धर्मशास्त्रलाई उद्धृत सकिदैन, किनभने परमेश्वरले व्यर्थको दोहोरी प्रयोग गर्नुहुन्न, र उहाँले हामीलाई त्यसो नगर्नको निम्ति भन्नुभयो। बुझ्नुभयो? त्यसैले यो त्यो होइन। यो मण्डलीको लागि एउटा सन्देश हो।

125 हामीले यो जागृतिमा दुईटा कुरा पाएका छौ। हेर्नुहोस् ती मध्ये प्रत्येक के थियो—सिद्ध, ठिक बिन्दुमा। बुझ्नुभयो? भित्र सर्यो। एउटा मानिस माथि उठ्यो, र अन्यभाषाहरुमा बोल्यो, र अनुवाद दियो, र ठिक पछाडि चारैतिर झुल्यो, र भर्खरै दिईएको सन्देशलाई प्रमाणित गरायो। अर्को एउटा

अर्को रात उठ्यो, र भन्यो—अगमवाणीको प्रेरणामा, र केहि भन्यो, उसले के भन्दैछ थाहा थिएन; र अन्त्यमा उसले बोल्यो, “धन्य हो त्यो जो परमप्रभुको नाउँमा आउँछ।” तुरुन्तै केहि कुराले मलाई समात्यो र तुरुन्तै भन्यो, “अन्यथा त्यो मानिस धन्यको हो जसले प्रभु आउनुभएको छ भनि विश्वास गर्छ।”

126 हेर्नुहोस् अन्तर—त्यसपछि पवित्र आत्मा गत रात भवनमा खस्यो। बुझ्नुभयो? त्यो सुधारको लागि हो। म त्यहाँ उभिएर मानिसहरुले पवित्र आत्माको बप्तिष्मा प्राप्त गर्नुपर्दछ भन्ने कोशिष गर्दै थिए। र शैतान मानिसहरुको चारैतिर भित्र आएको थियो, यसो भन्दै, “नसुन; स्थिर बस।”

मेरी बहिनीले भनिन्, “बिल, तपाईले प्रचार गरिरहनुहुँदा म खुसी थिए।; म माथि उठेर पर्खालबाट हामफाल्न सक्छु झैँ महसूस भईरहेको थियो।”

मैले भने, “उठ्नुहोस् र उफ्रनुहोस्।” त्यहि नै हो।

र उनले भनिन्, “तर जब तपाईले त्यो गर्न जानुभयो,” र भनिन्, “मानिसहरु चिच्याउन थाले,” भनिन्, “त्यसपछि मलाई केवल म पुरानो कोहि पनि होइन झैँ लाग्यो।”

127 मैले भने, “त्यो शैतान हो। त्यो शैतान हो। जब त्यसले त्यसो गर्नको लागि आउछ,” मैले भने, “तपाई जसरी नि उठ्नुपर्थ्यो।” हामीहरु परमेश्वरका पूजाहारीहरु हौँ, आत्मिक बलिदान चढाइरहेका छौ—बलिदान, हाम्रो ओठको फल जसले उहाँको नामलाई प्रशंसा दिदैछ। बुझ्नुभयो?

128 अब, अब, यहाँ के भयो। त्यसपछि पवित्र आत्मा फुट्यो, किनकि त्यो केवल…“धन्य हो जसले विश्वास गर्दछ।” दुई, तीन रात सिधा मैले त्यसलाई त्यहाँ राख्न खोजे; र त्यसपछि, पवित्र आत्माले बोल्नुभयो र भन्नुभयो (प्रेरणामा) भन्नुभयो, “धन्य हो त्यो जो परमप्रभुको नाउँमा आउदछ।” र मैले केहि भन्नुभन्दा अगाडि, मैले यो भनिसके। “धन्यको हो त्यो जसले यसमा प्रभु आउनुभएको छ भनि विश्वास गर्दछ।” तपाईले बुझ्नुभयो? र मैले यो कुरा गरिरहेको थिए, पवित्र आत्मा परमेश्वर आफै तपाईमा हुनु हो। बुझ्नुभयो? र तिनीहरुले यो बुझेका थिए। बुझ्नुभयो?

र त्यसपछि पवित्र आत्मा मानिसहरुमा खसेको थियो। हेर्नुहोस् कसरी यसले—यसले सुधार्छ, भविष्यवाणी?

129 अब, त्यहाँ एउटा अगमवाणी र एउटा अगमवक्ताको विचमा अन्तर छ। अगमवाणी एउटाबाट अर्कोमा जान्छ, तर एउटा अगमवक्ता झुलाबाट नै अगमवक्ता भई जन्मेको हुन्छ। तिनीहरुसँग **परमप्रभु यसो भन्नुहुन्छ** भन्ने वचन हुन्छ। तिनीहरुको न्याय गर्नुहुदैन। तपाईले तिनीहरु यशैया, वा यर्मिया, ती मध्ये कुनै अगमवक्ताहरुको अगाडि खडा भएको देख्नुहुन्न, किनभने तिनीहरुसँग **परमप्रभु यसो भन्नुहुन्छ** भन्ने वचन हुन्छ! तर एउटा अगमवाणीको आत्मा मानिसहरुको विचमा; तपाईहरुले त्यसलाई हेर्नुपर्दछ, किनकि शैतान त्यहाँ चिप्लिनेछ। बुझ्नुभयो? अब। तर यसलाई न्याय गरिनुपर्दछ।

130 अब, हामी—हामीले एउटा जागृति पाउन जाँदैछौ। अब, यसलाई वास्तवमै नजिकबाट हेर्नुहोस् अहिले, तपाई सेवकहरु। हामीले एउटा जागृति तय गर्दैछौ। ठिक छ। वा शायद हामीले बस नियमित मण्डलीको सेवा गरिरहेका छौ। मण्डलीमा आगो लागेको छ। यो हरेक समयमा हुनुपर्दछ। ठिक छ, शायद हामीसँग पाँच या छ जना मानिसहरु छन् जोसँग वरदान छ; एकजना अन्यभाषामा बोल्छ, दुई वा तिनजना शायद अन्यभाषामा बोल्छन्, चार वा पाँच जना अन्यभाषामा बोल्छन्, अन्यभाषाहरुको वरदान पाएका थिए, अन्यभाषाहरुमा बोल्ने। ती मध्ये दुई वा तिनजनाले उल्था गर्नसक्छन्। हुनसक्छ त्यहाँ एक—दुईजना, वा तिन छन् जसमा विवेकको वरदानहरु छन्। ठिक छ। तिनीहरु सबै भेट्छन्, ती वरदान पाएका मानिसहरु...तपाई...ती वरदानहरु तपाईलाई खेल्नको निम्ति दिईएको होइन, यो भन्नलाई होइन, "परमेश्वरलाई महिमा होस्, म अन्यभाषाहरुमा बोल्छु! हाल्लेलुयाह!" तपाईले—तपाई—तपाईले आफैलाई अपमानित गर्दै हुनुहुन्छ। ती, तपाईसँग काम गर्नको निम्ति दिईएको हो। र तपाईको भाग मण्डलीमा मूख्य सेवा शुरू हुनभन्दा अगाडि आउन पर्दछ, किनभने नजानेका मानिसहरु हाम्रो माझमा हुनेछन्।

131 त्यसपछि तपाई कोठामा जानुहुन्छ, र तपाई त्यहाँ बस्नुहुन्छ, तपाई मानिसहरुसँगै, किनभने तपाईहरु सुसमाचारमा सहकर्मीहरु हुनुहुन्छ। त्यसपछि तपाई त्यहाँ बस्नुहोस्। "प्रभु, के त्यहाँ केहि कुरा छ जुन आज राति हामीले जानेको तपाईले चाहनुहुन्छ? हामीसँग बोल्नुहोस्, ओ

स्वर्गीय पिता," प्रार्थना गर्दै, विन्ती गर्दै; गीतहरु गाउदै। सिधै तल आत्मा आउनुहुन्छ, कसैमा आउनुहुन्छ, अन्यभाषामा बोल्नुहुन्छ। एउटा उठ्छ र भन्छ, "**परमप्रभु यसो भन्नुहुन्छ**।" यो के हो? सुन्नुहोस्। "जाउ भाई जोन्सलाई उहाँ बसिरहनुभएको ठाउँबाट टाढा जानलाई भन्नुहोस्, किनकि भोलि दिउसो त्यस देशमा एउटा चक्रवात हुनेछ; र यसले उहाँको घर खानेछ। उहाँको सामानहरु क्षति गरेर निस्कनेछ।

132 अब, त्यो—त्यो राम्रो सुनिन्छ। तर एक मिनेट पर्खनुहोस्। त्यहाँ तिनजना मानिसहरु हुनुपर्दछ जसमा प्रभेदको आत्मा पाएको छ। ती मध्ये एकले भन्छ, "यो परमप्रभुको हो।" अर्कोले भन्छ, "यो परमप्रभुको हो।" त्यो तीनको विरुद्धमा दुई हो—दुईजना या तिनजना साक्षीहरु। ठिक छ। उनीहरुले एउटा कागजको टुक्रामा त्यो लेख्छन्। त्यहि नै हो जो आत्माले भनेको हो। ठिक छ। उनीहरु प्रार्थना गर्नलाई जान्छन्, परमप्रभुलाई धन्यवाद दिदै।

133 केहि समय पछि, "**परमप्रभु यसो भन्नुहुन्छ** (एउटा अगमवक्ता खडा हुन्छ) **परमप्रभु यसो भन्नुहुन्छ**, आज राति, न्यु योर्क शहरबाट आउदै गर्दा एउटा महिला हुनेछ; उनी स्ट्रेचरमा छिन्; उनी भवनमा स्ट्रेचरमा आउछिन्। उनको शिरको वरिपरी हरियो गलबंधी छ। उनी क्यान्सरले मर्दैछिन्। के ले उनलाई यस्तो हुने बनायो, प्रभुले उनको विरुद्धमा थाम्नुहुन्छ: एक समयमा उनले उहाँको मण्डलीबाट चोरिन् जब उनी सोह्र वर्षकि थिईन्। भाई ब्रन्हामलाई यी कुराहरु भनिदिनलाई भन्नुहोस्। **परमप्रभु यसो भन्नुहुन्छ**, यदि उनले त्यसलाई सच्याईन् भने, उनी निको हुनेछिन्।" एक मिनेट पर्खनुहोस्। त्यो एकदम राम्रो सुनिन्छ, तर एक मिनेट पर्खनुहोस्। तपाई यो कागजमा आफ्नो नाम राख्न जाँदै हुनुहुन्छ, जाँच्नेवाला? के तपाईले आफ्नो नाम राख्नुहुनेछ?

134 "यो परमप्रभुको थियो।" एउटाले भन्यो, "यो परमप्रभुको हो।" त्यसपछि—त्यसपछि तपाईले यसलाई तल लेख्नुहोस्, "**परमप्रभु यसो भन्नुहुन्छ**, आज राति त्यहाँ एउटा स्त्री आउनेछिन्, *निश्चित–निश्चित* कुरा।" त्यस व्यक्ति जसमा प्रभेदको आत्मा छ, दुई वा तिनजनाले यसमा आफ्नोर नामको हस्ताक्षर गर्छन्। यी सबै सन्देशहरु दिईएको छ। ठिक छ।

135 त्यसपछि केहि पछि तिनीहरुले घन्टी बजेको सुन्न थाल्छन्। मण्डलीले लिन थाल्यो। त्यसपछि तिनीहरुले यी सन्देशहरु ल्याउछन्, ठिक यहाँ

डेस्कमा राख्छन्। ठिक यहाँ जहाँ उनीहरु बसेको हुनुपर्ने हो। म कतै अध्ययन गर्दै, प्रार्थना गर्दै छु। गीतहरु गाईसकेको केहि पछि म बाहिर निस्कन्छु। मण्डली सबै व्यवस्थित छ, मानिसहरु आउदै, बस्दै, ध्यान मग्न हुदै, प्रार्थना गर्दै; त्यहि नै तपाईले गर्नपर्ने हो। मण्डलीमा आएर एक अर्कासँग बोल्ने होइन, मण्डलीमा परमेश्वरसँग बोल्नको निम्ति आउनुहोस्। तपाईको संगति त्यहाँ गर्नुहोस्। बुझ्नुभयो? हामीहरु अहिले परमेश्वरसँग संगति गरिरहेका छौ। र यहाँ बोल्दै आउछौ, सबैकुरा चुपचापसँग, आदरका साथ, आत्मा चलिरहेको छ। पियानोवादक गीतको सेवा शुरू गर्नुभन्दा पाँच मिनेट अगाडि पियानोमा आउनुहुन्छ, एकदम मिठास तरिकाले शुरू गर्नुहुन्छ:

तल क्रूसमा जहाँ मेरो मुक्तिदाता मर्नुभयो,
तल त्यहाँ पापबाट सफाईको लागि मैले पुकार गरे;

वा केहि असल मिठो गीत, एकदम शान्त सहित। यसले सभामा पवित्र आत्माको उपस्थितिलाई ल्याउँछ। बुझ्नुभयो? ठिक छ।

136 मानिसहरु त्यहाँ बसिरहेका छन्। ती मध्ये केहि वास्तविक छन्—रुन थाल्छन् र वेदीमा आउँछन्, सेवा शुरू हुनुभन्दा अगाडि नै पश्चाताप गर्छन्। पवित्र आत्मा त्यहाँ हुनुहुन्छ। बुझ्नुभयो? मण्डली कष्टमा छ। इसाईहरुले प्रार्थना गर्दैछन्; तिनीहरुले आफ्ना पदहरु पाए। तिनीहरु त्यहाँ बसेर चियुंग गम चपाएर बसिरहेका छैनन्, यसो भन्दै, "हे, लिड्डी, तपाईको केहि लिपस्टिक मलाई देऊ; म चाहन्छु...तपाईलाई थाहा छ। तपाईलाई थाहा छ। मलाई चाहिन्छ...तपाईलाई थाहा छ, अर्को दिन जब हामी किनमेल गरिरहेका थियौ, म तपाईलाई भन्छु, झन्डै मैले तपाईको खुट्टाको औँलामा टेके। के मैले कहिल्यै यस्तो देखे...त्यसको बारेमा तपाई के सोच्नुहुन्छ?" ओ, दया! यसलाई परमेश्वरको घर भन्दछन्। किन, यो अपमान हो। ख्रीष्टको शरीर एकसाथ आउँछन्। त्यहाँ हामी बस्छौ।

त्यहाँ बसिरहेको मानिस, "भनौ, तपाईलाई थाहा छ जब हामी त्यहाँ गएका थियौ, यो *यस्तो–र–यस्तो* र *यस्तो–र–यस्तो–र यति*..." बाहिर त्यो सबै ठिक छ, तर यहाँ भित्र यो परमेश्वरको घर हो।

137 प्रार्थनामा आउनुहोस्; आफ्नो स्थान लिनुहोस्। म अहिले बोलिरहेको छु, तपाईको मण्डलीलाई होइन, भाईहरु। मलाई थाहा छैन तपाईले के गर्नुहुन्छ; म यस मण्डलीसँग बोलिरहेको छु। म मेरो आफ्नै पछाडिको

ढोकालाई भनिरहेको छु। बुझ्नुभयो? त्यो सहि हो।

138 अब, जब तपाई त्यसरी भित्र आउनुहुन्छ, त्यसपछि पहिलो कुरा जुन तपाई जान्नुहुन्छ, पाष्टर बाहिर निस्कन्छ। उहाँ ताजा हुनुहुन्छ। उहाँले *यो*, *त्यो*, र *अरुको* जवाफ दिनुपर्दैन। उहाँ ठिक आफ्नो सेवकाईको—शीतबाट बाहिर आउदै हुनुहुन्छ। उहाँ पवित्र आत्माको शक्ति मुनि हुनुभएको छ। उहाँ ठिक त्यहाँ जानुहुन्छ जहाँ अझै धेरै आगोका जिब्राहरु एकसाथ भेला भएका हुन्छन्। यो अहिले लगभग एउटा खम्बा जस्तै छ (बुझ्नुभयो?), उनी चारैतिर हिडिरहेकी छिन्। उहाँ यहाँ बाहिर जानुहुन्छ, यसलाई उठाउनुहुन्छ। "मण्डलीबाट एउटा सन्देश: 'परमप्रभु यसो भन्नुहुन्छ, भाई जोन्स उहाँको घरबाट सर्नलाई। भोलि दिउसो दुई बजे एउटा चक्रवातले उहाँको जमिनलाई बडार्नेछ। उहाँको कुराहरु लिनुहोस् र टाढा जानुहोस्।'" भाई जोन्सले त्यो बुझ्नुभयो। ठिक छ। त्यो रेकर्डमा छ। "**परमप्रभु यसो भन्नुहुन्छ**, त्यहाँ आज राति यहाँ *फलाना–र–फलाना* नाउँको एउटा स्त्री आउनेछ, र यो—उनले *यस्तो–र–यस्तो* गरिन्।" (जसरी मैले भर्खरै भनेको छु, हेर्नुहोस्, त्यस्तै।) ठिक छ, त्यो रहन्छ। त्यहि नै हो। तिनीहरुले मण्डलीमा आफ्नो ओहदा पाइसकेका छन्। ठिक छ।

139 त्यसपछि उहाँले सन्देश लिनुहुन्छ। र पहिलो कुरा जुन तपाईलाई थाहा छ, उहाँले प्रचार गर्न थाल्नुहुन्छ। अवरोध गर्नको लागि केहि पनि छैन; यो ठाउँ लिईसकेको छ। अब, हामीहरु अगाडि बढ्दै छौ, हामीले सन्देश प्रचार गर्छौं।

140 र केहि समय पछि जब...पहिलो कुरात् तपाईलाई थाहा छ जब सन्देश समाप्त हुन्छ, चंगाईको लाम शुरू हुन्छ। यहाँ एउटा महिला आउनुहुन्छ। कसैले अन्यभाषामा बोल्नुभयो र उहाँ आउदै हुनुहुन्छ भनि भन्नुभयो। बुझ्नुभयो? हामी सबैलाई थाहा थियो के हुनेवाला छ भनि। हामी सबैलाई यो कुरा थाहा छ। हेर्नुहोस् कसरी विश्वासले ती आगोका जिब्राहरु तपाईकहाँ अहिले उभिरहदा यसले विश्वास बनाउन थाल्यो। उनले एकसा जम्मा गर्न थालिन्। किन, यो बस समाप्त गरिएको कार्य हो; त्यहि नै हो।

त्यो महिला...म भन्नेछु, "श्रीमती. *यो–र–यो*, न्यू योर्क शहरबाट, यहाँ बसिरहनु..." बुझ्नुभयो?

"ओ, त्यो सहि हो। तपाईले त्यो कसरी थाहा पाउनुभयो?"

"यो मण्डलीको लागि प्रभुबाट एउटा सन्देश हो। जब तपाई सोह्र वर्षको हुनुहुन्थ्यो, तपाई *फलाना–फलाना* ठाउँमा हुनुहुन्न थियो र गरियो—केहि पैसा मण्डलीबाट लिनुभयो, र यो चोर्नुभयो, र बाहिर जानुभयो, त्यो पैसाले केहि नयाँ लुगाहरु किन्नुभयो?"

"ओ, त्यो सहि हो। त्यो सहि हो।"

"त्यहि नै परमेश्वरले हामीलाई एउटा फलाना–र–फलाना भाईबाट, अन्यभाषामा बोलेर बताउनुभयो; भाई *फलाना–र–फलानाले* व्याख्या गर्नुभयो; भाई *फलाना–र–फलानाले* यहाँ भन्नुभयो, प्रभेदबाट, यो परमप्रभुबाट आएको भन्नुभयो। र त्यो सत्य हो।"

"हो!"

"त्यसपछि, **परमप्रभु यसो भन्नुहुन्छ**, जानुहोस् र यसलाई ठिक पार्नुहोस्, र तपाईले आफ्नो क्यान्सरबाट छुटकारा पाउनुहुनेछ।"

141 भाई जोन्स घर जानुहुन्छ, गाडा लिनुहुन्छ, ब्याक अप गर्नुहुन्छ, आफ्नो फर्निचर लिनुहुन्छ, र त्यहाँबाट टाढा जानुहुन्छ। भोलीको दिउँसो दुई बजेतिर: जोवी! सबैकुरा जान्छ। बुझ्नुभयो? त्यसपछि मण्डली महिमित हुन्छ..."धन्यवाद तपाईलाई, प्रभु येशू, तपाईको भलाईको निम्ति।" अब, यो नै हो, मण्डलीको लागि, निर्माण गर्न।

142 अब, के हुन्छ यदि उनीहरुले भनिसके पछि यो भईदिएन भने? त्यसो हो भने तपाईहरुको माझमा तपाईसँग एउटा दुष्ट आत्मा छ। तपाईले त्यो दुष्ट कुरा चाहनुहुन्न। तपाईले किन कुनै दुष्ट कुरा चाहनुहुन्छ जब कि—आकाश वास्तविक पेन्टिकोष्टलले भरिएको छ? शैतानबाट पुरानो विकल्प नलिनुहोस्। केहि वास्तविक पाउनुहोस्। परमेश्वरले यो तपाईको लागि दिनुभएको छ। तब तपाईसँग थप सभाहरु हुदैन, र कुनै कुरा यहाँ माथि राख्नुहुन्न, जबसम्म परमेश्वरले तपाई सहि हुनुहुन्छ भनि प्रमाणित गर्नुहुन्न, किनकि तपाई सुसमाचारको कामको लागि मण्डलीमा एउटा सहयोगी हुनुहुन्छ। अब, यो के हो भनि तपाईले बुझ्नुहुन्छ?

143 र भाषाहरु, अन्य भाषाहरु...कुनै पनि मानिस जसलाई—उसले के को बारेमा बोल्दै छ भन्ने थाहा छ। उसले बोल्छ; तर हरेक ध्वनिको एउटा अर्थ छ। त्यसमा एउटा अर्थ छ। [भाई ब्रन्हामले ताली बजाउनुहुन्छ—सम्पा।] "ग्लक, ग्क ग्लक!" त्यो—त्यो एउटा—त्यो कतै एउटा भाषा हो।

144 जब म अफ्रिकामा थिए, मैले कहिल्यै यो विश्वास गरिन, तर हरेक कुरा जसले एउटा आवाज निकाल्छ त्यसको कुनै खालको एउटा अर्थ हुन्छ। बाईबलले भनेको छ कि त्यहाँ एउटा अर्थ बिनाको कुनै ध्वनी छैन, अर्थ रहितको। हरेक ध्वनि जुन बनाईन्छ त्यसको केहि कुरामा केहि अर्थ हुन्छ। किन, मानिसहरुले भनेको म सुन्छु...मैले भन्नेछु, "येशू ख्रीष्ट, परमेश्वरको पुत्र।"

145 ती मध्ये एक जना जानुहुन्छ [भाई ब्रन्हामले एउटा अफ्रिकी दोभाषेको नक्कल गर्नुहुन्छ—सम्पा।]। अर्को जान्छ [भाई ब्रन्हामले फेरी पनि चित्रण गर्नुहुन्छ।]। र त्यो थियो, "येशू ख्रीष्ट, परमेश्वरको पुत्र।" बुझ्नुभयो? यसमा एउटा...र मेरो लागि केहि अर्थ दिदैन, तर उहाँहरुको लागि त्यो उस्तै एउटा भाषा हो जस्तो म अहिले तपाईहरुसँग बोलिरहेको छु। जब जुलुको दोभाषे, झोसा, बासुतो, र अरु पनि, आउछन्, हरेक जसलाई भनिएको थियो, सबैले बुझे। र यी कुराहरु जुन यी मानिसहरुले गनगन गरिरहेको तपाईले सुन्नुहुन्छ, र सोच्नुहुन्छ कि यो धेरै र्याउर्याउ हो, यो त्यस्तो होइन; यसको एउटा अर्थ छ। त्यसैले हामीले यसमा आदर राख्नुपर्छ, यसको ठाउँमा यसलाई राख्नुपर्छ।

146 अब, शायद त्यहाँ कुनै सन्देश छैन। अब, सेवा समाप्त भएको छ; वेदीको बोलावट गरिएको छ। र केहि समय पछि कोहि (त्यहाँ पछाडि कुनै सन्देश आएको छैन) जसै तिनीहरुले मौका पाउछन् कोहि उठ्छ। पवित्र आत्मा... अब, बाइबलले भनेको छ, "यदि त्यहाँ कोहि उल्था गर्नेछैन भने, ऊ शान्त रहोस्।" चाहे जतिसुकै यसले बोल्ने कोशिष किन नगरोस्, शान्त रहनुहोस्।

147 भन्नुहोस्, "मैले यो गर्न सक्दिन।" तपाईले सक्नुहुन्छ भनि बाइबलले भनेको छ। बुझ्नुभयो? त्यसैले त्यो—त्यसले यसलाई मिलाउछ। बुझ्नुभयो? उसलाई शान्ति बनाईराख्न दिनुहोस्।

148 त्यसपछि, जब यो, मौका आउछ जहाँ सबैकुरा क्रममा छ, तब यदि पवित्र आत्माले सन्देश दिनको लागि उनमा आउदछ, तब यो दिनुहोस्। त्यहि नै तपाईले गर्नुपर्दछ। त्यसपछि व्याख्या आयो, भन्यो, "त्यहाँ स्याली जोन्स नामको एकजना महिला यहाँ हुनुहुन्छ (मलाई आशा छ कि त्यो नामको महिला यहाँ हुनुहुन्न, तर...) स्याली जोन्स। (बुझ्नुभयो?) उनलाई भन्नुहोस् कि यो उनको बोलावटको अन्तिम रात हो। यसलाई परमेश्वरसँग सहि बनाउनुहोस् किनभने उनीसँग छोटो समय छ उनी यहाँ हुनेछिन्।"

अब, स्याली जोन्स जति सक्दो चाडो वेदीमा पुग्छिन् (हेर्नुहोस्?), किनकि त्यो नै उनको अन्तिम बोलावट हो। बुझ्नुभयो? त्यसले एउटा सन्देश दिदैछ, वा एउटा प्रमाण, वा केहि कुरा।

149 त्यो पेन्टिकोष्टल मण्डली संचालनमा हो। त्यहाँ दुष्ट आत्मा भित्र पस्ने कुनै पनि सम्भावनाहरु छैन, किनभने यो पहिले नै...बाइबलले ठिक त्यहि दिन्छ, "यसलाई पाठ्यक्रमबाट हुन दिनुहोस्, र त्यो तीनवटा; र दुई वा बढिले न्याय गर्न दिनुहोस्।" त्यो मण्डली हो। तर हामीले यो आज कहाँ पायौ? माथि उफ्रिन्छौ, जारी राख्छौ, कसैले अन्यभाषा बोलिरहेको बेलामा हासेर जान्छौ। अर्कोले हेर्दै, कुनै अर्कै कुराको बारेमा बोल्दै र वरपर भिडभाड बनाउदै; पाष्टरले एउटा कुरा गर्दैछ; वा कसैले भीड बनाउदै। ठिक छ, त्यो सहि होइन। हुनसक्छ पाष्टरले प्रचार गर्दैछ, र कोहि उठ्छन् र उहाँलाई अवरोध गर्छ...शायद बाइबल पढिरहेको होला र कसैले...बाइबल पढ्दै, र कोहि त्यहाँ पछाडि अन्यभाषामा बोल्दै। ओ, होइन! बुझ्नुभयो? प्रचारक पुलपिटमा प्रचार गर्दै हुनुहुन्छ, कोहि उठ्छ र उहाँलाई अवरोध गर्छ, अन्यभाषा बोलेर। यो सबै ठिकै छ। म यो भन्दिन कि यो पवित्र आत्मा होइन, तर तपाईले पवित्र आत्मालाई कसरी प्रयोग गर्ने भन्ने जान्नुपर्छ (बुझ्नुभयो?), यसलाई प्रयोग गर्नको निम्त।

अब, म—म लिदैछु...के तपाईसँग अझै एउटाको लागि कोठा छ? त्यसपछि, भोलि आईतबार। त्यसपछि, हामी...मात्र...यहाँ एउटा छ। मलाई लाग्छ यो सबैभन्दा दयालु छ। र अब, यदि तपाईहरुले मसँग केवल लामो समय केहि मिनेटको लागि धैर्य राख्नुहुन्छ भने, कृपया। र त्यसपछि, म...म तपाईलाई चाहन्छु—म तपाईले यो पाएको चाहन्छु। मैले यो जानेर नै बचाईराखेको छु। यो मेरो अन्तिम हो।

अब, पहिलो, म दुईवटा कुरा पढ्न जाँदैछु जुन व्यक्तिले प्रश्न गर्नुभएको थियो। यो एउटा पुरानो कागजको टुक्रामा छ, यो सुन्दर हस्तलेखनले लेखिएको छ। थाहा छैन यो को हुनुहुन्थ्यो, ती मध्ये कुनैमा पनि—कुनै नाम लेखिएको छैन।

**98. भाई ब्रन्हाम, के सेवकहरुले आफ्नो सेवाहरुमा धेरै पैसा लिनु सहि हो, यसो भन्दै कि परमेश्वरले उहाँहरुलाई श्रोताहरुमा धेरैजनाले धेरै दान दिनुपर्नेछ? यदि यो सहि हो भने, म यो जान्न चाहन्छु। वा यदि यो गलत हो भने, म जान्न चाहन्छु। यसले मलाई भयानक रुपले विचलित**

**बनाएको छ।**

150 अअब, तपाईले देख्नुहुन्छ, मित्र, म तपाईलाई भन्न जाँदैछु, म के सोच्छु म त्यो तपाईलाई भन्न जाँदैछु। बुझ्नुभयो? अब, यसको अर्थ त्यो सहि हो भन्ने छैन। मलाई लाग्छ यो भयानक छ।

151 अब, म यो सोच्छु। परमेश्वरले मलाई मैदानमा पठाउनुभयो। मैले त्यो समय देखेको छु जहाँ म सबैभन्दा तल्लो हुनेछु...र म—मसँग पैसा नै थिएन। र म भन्छु, "केवल सङ्कलनको प्लेट दिनुहोस्।"

र प्रबन्धक मकहाँ आएर भन्थे, "हेर, बिल्ली, हामी पाँच हजार डलरको खर्चमा छौ, केटा। के तपाईसँग यसलाई तिर्नको लागि जेफरसनभिलमा पैसा छ?"

152 म भन्छु, "यो सबै ठिक छ। परमेश्वरले मलाई यहाँ पठाउनुभयो, नत्र म आउने थिईन। (बुझ्नुभयो?) केवल सङ्कलनको प्लेट दिनुहोस्।"

र सभा सकिनुभन्दा अगाडि, कसैले भन्छ, "तपाईलाई थाहा छ, परमप्रभुले यस कुराको लागि पाँच हजार डलर दिनलको लागि हृदयमा हालिदिनुभएको छ।" बुझ्नुभयो, बुझ्नुभयो? पहिलो, यो गर्नको निम्ति अगुवाई भएको हुनुपर्दछ।

153 म खिच्ने, र माग्ने, र व्यर्थमा पैसा लिने कुरामा विश्वास गर्दिन। मलाई लाग्छ यो गलत कुरा हो। अब, भाई, यदि तपाईले यो गर्नुभयो भने, मेरो कुराले तपाईको भावनालाई चोट पुग्न नदिनुहोस्। बुझ्नुभयो? तपाई—तपाईसँग यो गर्नको लागि परमेश्वरबाट ठिक–मार्ग हुनसक्छ। तर म केवल मेरो लागि बोल्दैछु। म यस कुरामा विश्वास गर्दिन।

154 अब, मलाई यहाँसम्म थाहा छ कि सेवकहरुले गएर भनेका छन्... म ठिक खडा भए, धेरै समय भएको छैन...अब, यो पेन्टिकोष्टल होइन, यो...ठिक छ, यो मण्डलीहरु (हेर्नुहोस्?), अन्य मण्डलीहरु हुन्। त्यो एउटा ठूलो शिविरको सभामा थियो। गेर्टी, तपाई मसँग हुनुहुन्थ्यो, अरु धेरैजना उपस्थित हुनुहुन्थ्यो। र तिनीहरुले पुरा दिउसो एउटा प्रख्यात इसाई संगठनमा लिए—दुई वा तिनजना सँगै (त्यो नियमित नियमित मण्डलीहरु हुन्, जस्तो कि हाम्रा आधुनिक मण्डलीहरु यहाँ शहरमा छन्, र अन्य त्यस्तै) एउटा ठूलो अधिवेशनमा—र तिनीहरुले पूरा दिउँसो लिए, मंचमा उभिएर—र यो धम्कि दिएर कि परमेश्वरले तिनीहरुको अन्नहरु नष्ट गर्नुहुनेछ, तिनीहरुको छोराछोरीहरुलाई पोलियो दिनुहुनेछ, र

त्यस्तै कुराहरु, यदि तिनीहरुले त्यस सभामा दिएनन् भने। त्यो वास्तवमै सहि हो, यो बाईबल मेरो अगाडि नै राखेर भन्दैछु। मैले भने, "यो परमेश्वरको र उहाँलाई पछयाउनेहरुलाई निन्दा हो।" यदि परमेश्वरले तपाईलाई पठाउनुहुन्छ भने, उहाँले तपाईको ख्याल राख्नुहुनेछ। यदि उहाँले तपाईलाई पठाउनुभएको होइन भने, तब त्यसो हो भने संगठित मण्डलीले तपाईको ख्याल राखोस्। तर—तर तपाई...यदि परमेश्वरले तपाईलाई पठाउनुभयो भने, उहाँले तपाईको ख्याल राख्नुहुनेछ।

### 99. पवित्र आत्माको मण्डलीमा ख्रीष्टमस खेलको बारेमा के हो?

155 ठिक छ, यदि यो ख्रीष्टको बारेमा हो भने, यो सहि हुन सक्छ। तर यदि स्यान्टा क्लजको बारेमा हो भने, म उसमा विश्वास गर्दिन। म—म हुर्के—म त्यसबाट टाढा भएर हुर्के। म स्यान्टा क्लजमा पटक्कै विश्वास गर्दिन। बुझ्नुभयो? र तिनीहरुसँग भएका यी केहि साना ख्रीष्टमस कुराहरु, मलाई लाग्छ हास्यास्पद छ। र...तर मलाई लाग्छ तिनीहरुले सबै ख्रीष्टलाई ख्रीष्टमसबाट निकालेर स्यान्टा क्लजलाई त्यसमा राखेका छन्।

156 र स्यान्टा क्लज एउटा काल्पनिक कथा हो। (मैले तपाईको कुनै पनि भावनालाई चोट पुर्याएको छैन, मलाई आशा छ, बच्चाहरुको बारेमा।) तर म तपाईलाई भन्नेछु। यहाँ धेरै समय भएको छैन, लगभग पच्चीस, तिस वर्ष अगाडि, जब यस शहरमा एउटा सेवक, यहाँ शहरको एउटा—एउटा निश्चित ठूलो मण्डलीको पाष्टर, जसलाई मैले राम्ररी चिनेको थिए, मेरो एउटा घनिष्ट मित्र, उहाँ मकहाँ आउनुभयो। र चार्ली बोहानोन (भाई माइक, तपाईलाई याद छ चार्ली बोहानोन, मेरो एउटा असल साथी)...उहाँको कार्यलेमा बस्नुभयो र भन्नुभयो, "म मेरो छोराछोरीलाई या नातीनातिनालाई त्यो झुट कहिल्यै भन्ने छैन।" उहाँले भन्नुभयो, "मेरो आफ्नै सानो केटा बाह्र वर्षको भएपछि मकहाँ आयो, र सान्ता क्लजको बारेमा कुरा गर्दै..." र उसले, भन्यो, "किन...प्रिय, मैले तिमीलाई भन्नु केहि छ," भन्यो, "आमा..." तपाईलाई थाहा छ, र उनले के गरे भनेर उहाँलाई भयो।

त्यसपछि ऊ फर्केर आएपछि, भन्यो, "त्यसोभए, बाबा, के यो येशू एउटै हो?"

157 सत्य कुरा भन्नुहोस्। स्यान्टा क्लज एउटा क्याथोलिक साथीको बारेमा हो, एउटा क्रिस क्रिंगल या सन्त निकोलस, धेरै वर्ष अगाडिको एउटा बुढो जर्मन क्याथोलिक सन्त जसले बालबच्चाहरुलाई भलाई गर्दै जानुभयो।

र तिनीहरुले यसलाई परम्पराको रूपमा बोकेका छन्। तर येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ। उहाँ वास्तविक हुनुहुन्छ, र उहाँ जीवित हुनुहुन्छ।

अब, एउटा प्रश्न यहाँ छ, अन्तिम, जुन एकदमै...

158 अब हेर्नुहोस्। तपाई मसँग यस कुरामा असहमत हुनसक्नुहुन्छ। तर यदि तपाई मसँग असहमत हुनुहुन्छ भने, याद गर्नुहोस्, यसलाई मित्रवत हुन दिनुहोस्, हुन्छ? म तिमीलाई प्रेम गर्छु, र म चाहन्न—तपाईलाई चोट पुर्याउन चाहन्न। म केवल, म इमानदार हुन चाहन्छु। यदि मैले सक्दिन... यदि मैले मेरो केटालाई झुट बोल्छु भने, त्यसो हो भने म झुटो हुँ। बुझ्नुभयो? म उनलाई सत्यता बताउन चाहन्छु।

159 अब, म उनलाई स्यान्टा क्लजको बारेमा भन्छु, म भन्छु, "हो, पक्कै पनि, त्यहाँ स्यान्टा क्लज छ। ख्रीष्टमसको रातमा बाबालाई हेर।" बुझ्नुभयो? हो।

160 तपाईलाई थाहा छ, अर्को दिन म त्यहाँ तल थिए, र मैले त्यो सानी केटिलाई हेर्नको लागि कोशिष गरे। मैले पक्कै पनि अस्तिको दिन भुक्तान पाएको थिए। म भवनमा थिए। र तिनीहरु त्यहाँ उभिरहेका थिए, यहाँ तल क्वाकर मेडमा। र म त्यहाँ तल किराना सामान लिन गएको थिए। र त्यसैले हामी, श्रीमती र म, त्यहाँ भित्र थियौ। र त्यहाँ एउटी सानी केटि थिई, जो लगभग अठार महिना भन्दा बढि उमेरको थिएन, र उनी त्यहाँ उभिरहेकी थिईन्, जाँदै, गाउँदै, "डिंगल वेल्स, डिंगल वेल्स..." र मैले भने...उनको सानो उभियाईमा, तपाईलाई थाहा छ, सानो गाडाको पछाडि बसिरहेको थियो।

मैले भने, "के तिमी स्यान्टा क्लजलाई खोज्दै छौ?"

उनले भनिन्, "त्यो मेरो बाबा हुनुहुन्छ, श्रीमान।"

मैले भने, "तिम्रो सानो हृदयलाई आशिष होस्, प्रिय। तिमीसँग बुद्धि छ।"

अब, यहाँ एउटा वास्तविक काँटा छ, मित्रहरु। र यसमा...त्यसपछि म बन्द गर्नेछु। ओ, यो—यो एउटा मिठो धर्मशास्त्र हो, तर यो देखिने जस्तो हरेक व्यक्तिको लागि एउटा काँटा हो। र यसले मलाई वर्षौ देखि वर्षौसम्म प्रहार गरिरह्यो; र मात्रै परमेश्वरको अनुग्रहद्वारा...र मेरी प्यारी श्रीमती, अहिले ठिक त्यहाँ पछाडि बसिरहनुभएको छ, जब उनले त्यो सुनिन् मसँग यो दिउँसो त्यो प्रश्न छ, उनले भनिन्, "बिल, तपाईले यसको जवाफ कसरी

दिनुहुन्छ?" उनले भनिन्, "म आफैलाई यो कुरा सधै अचम्म लाग्छ।" भनिन्, "मैले कहिल्यै यो बुझ्न सकिन।" र भनिन्...

मैले भने, "आज राती तल आऊ, प्रिय। म परमेश्वरको मद्दतद्वारा सक्दो प्रयास गर्नेछु"

**100. भाई ब्रन्हाम, कृपया हिब्रू ६:४ देखि ६ व्याख्या गर्नुहोस्।**

161 त्यो एक पटक यो वास्तवमै...हेर्नुहोस्, अब तपाईले यहाँ हाम्रो विश्वास, अनुग्रह, विश्वासीहरुको सुरक्षा, सन्तहरुको दृढता, दृढता, बरु, सन्तहरुको। हिब्रू ६ औं अध्याय, ४ देखि ६ सम्म।

अब, जसै यो...यो समाप्त हुन्छ, मलाई आशा छ कि परमेश्वरले मलाई यो कुरालाई वास्तवमा स्पष्ट पार्नको निम्ति मद्दत गर्नुहुन्छ। म माफी चाहन्छु, म—मैले आज रातको लागि मेरो सन्देश पाएको छु; हुनसक्छ म बिहान—सेवामा उहि कुरा प्रचार गर्नेछु। त्यसपछि म जानेछु।

162 अब, यो एउटा वास्तविक काँटा हो। बुझ्नुभयो? अब, तपाईले हेर्नुपर्छ। अब याद गर्नुहोस्, यस मण्डलीमा हामीले यो विश्वास गर्छौ र सिकाउछौ, यो होइन कि सबै कुरा आउँछ र कराउछ, सबैजना जसले अन्यभाषामा बोल्छन्, ती सबै जसले प्रचारकसँग हात मिलाउछन्, ती सबैले अनन्त जीवन पाएका छन्। तर हामी विश्वास गर्छौं यदि हामीले अनन्त जीवन पाएका छौ भने, यदि परमेश्वरले तपाईलाई अनन्त जीवन दिनुभएको छ भने, यो तपाईले सधैको निम्ति पाउनुहुन्छ। बुझ्नुभयो? किनभने हेर्नुहोस्। यदि त्यसो गर्नुभएन भने, येशू एउटा झुटो शिक्षकको रूपमा पाइन्छ। सन्त यूहन्ना ५:२४ मा, उहाँले भन्नुभयो, "जसले मेरो वचन सुन्दछ र मलाई पठाउनुहुने माथि विश्वास गर्छ त्यसमा अनन्त जीवन छ, र कहिल्यै इन्साफमा आउनेछैन, तर मृत्यु देखि जीवनमा आएको छ।" अब, उहाँसँग बहस गर्नुहोस्। "पिताले मलाई दिनुभएको सबैकुरा...पिताले नल्याएसम्म कोहि पनि मकहाँ आउन सक्दैन। (मैले धर्मशास्त्र उद्धृत गर्दैछु।) सबै जो आउँछ...मेरो पिताले पहिलो नल्याएसम्म कोहि पनि मकहाँ आउन सक्दैन। र मेरा पिताले मलाई दिनुभएको सबैकुरा मकहाँ आउनेछ। (बुझ्नुभयो?) र सबै जो मकहाँ आउँछ, म तिनीहरुलाई अनन्त जीवन दिनेछु (सन्त यूहन्ना ६), र अन्तिम दिनहरुमा त्यसलाई उठाउनुहुनेछ।" त्यो उहाँको वचनहरु हो।

163 अब हेर्नुहोस्। यदि म एफिसी १ अध्यायमा फर्केर जान चाहन्छु,

पावलले प्रचार गर्दै गरेको...अब, कोरिन्थीहरु, प्रत्येकसँग अन्यभाषा र भजन थियो। तपाईले ध्यान दिनुभएको छ कि अन्य मण्डलीहरुसँग त्यो समस्या थिएन। उनले यस विषयमा कहिल्यै पनि केहि भनेनन्। के उनले एफिसीका मण्डली, रोमी मण्डलीलाई कहिँ कतै अन्यभाषाको बारेमा उद्धृत गरेका छन्? छैन! तिनीहरुसँग कोरिन्थीकाहरुसँग जस्तै अन्यभाषा र सबैकुराहरु थिए, तर तिनीहरुसँग सबैकुरा व्यवस्थित थियो। कोरिन्थीले केवल यसलाई व्यवस्थित गर्न सकेन। बुझ्नुभयो? तर पावल त्यहाँ तल गए र मण्डलीलाई व्यवस्थित राखे।

अब, उनी...म विश्वास गर्छु, जस्तो ओरल रोबर्ट्सले भन्छन्, "परमेश्वर भलो परमेश्वर हुनुहुन्छ।" के तपाई त्यो विश्वास गर्नुहुन्न?

164 र तपाई भन्नुहुन्छ, "ठिक छ, त्यसबेलाको पेन्टिकोष्टलहरुको बारेमा के थियो त, भाई ब्रन्हाम?" मलाई लाग्छ तिनीहरुले पवित्र आत्मा पाएका छन्। पक्कै पनि तिनीहरुले पाएका छन्। ठिक छ, किन? हेर्नुहोस्। उहाँ असल परमेश्वर हुनुहुन्छ भनि तपाई विश्वास गर्नुहुन्छ? थोमाले एक पटक भने, "तपाईलाई थाहा छ, प्रभु..."

बाकि रहेका सबैले उहाँलाई विश्वास गरे। भने, "ओ, उहाँ वास्तविक हुनुहुन्छ भन्ने कुरा हामी जान्दछौ!"

"ओ," थूमाले भने, "होइन, होइन, म यो विश्वास गर्दिन। एक मात्र तरिकाले म यसलाई गर्नेछु, मसँग केहि प्रमाण हुनुपर्दछ। मैले मेरा औंलाहरु उहाँको छेउमा र उहाँको हातको काँटीको छापमा टाँस्नुपर्छ।"

उहाँ असल परमेश्वर हुनुहुन्छ। उहाँले भन्नुभयो, "आऊ, थोमा। यहाँ छ तिमीलाई"

"ओ," थोमाले भने, "अब म विश्वास गर्छु।"

165 उहाँले भन्नुभयो, "हो, थोमा, तिमीले मलाई देखेपछि, र मलाई महसूस गरेपछि, र मेरो हात राखेपछि...मेरो छेउमा राखेपछि, तिमीले विश्वास गर्यौ। तर तिनीहरुको इनाम कति महान छ जसले कहिल्यै देखेका छैनन् र अझै पनि विश्वास गरेका छन्।" उहाँ भलो परमेश्वर हुनुहुन्छ। उहाँले तपाईको हृदयको चाहनाहरु दिनुहुन्छ, अवश्य पनि। बस उहाँमा बिस्वास गरौँ। त्यहि नै—त्यहि—त्यो नै शैतानको लागि मृत्युको प्रहार हो। जब एउटा मानिसले परमेश्वरलाई उहाँको वचनमा लिदछ, भाई, त्यसले शैतानलाई हरेक पटक मार्दछ। त्यो नै सबैभन्दा कडा प्रहार हो जुन शैतानले पाउन सक्छ, जब

एउटा मानिसले परमेश्वरलाई उहाँको वचनमा लिन्छ। हो, श्रीमान। जस्तो मैले भने, "मानिस एक्लै जिउदैन (येशू, अर्को रात), तर हरेक वचन जुन बाहिर निस्किन्छ..."

166 अब, ध्यान दिनुहोस्। अब म पहिलो पद शुरू गर्न जाँदैछु:

> *यसकारण ख्रीष्टसम्बन्धी प्राथमिक सिद्धान्तहरूलाई छोड़ेर हामी परिपक्वतातर्फ बढ़ौं;...* (अब, पहिलो कुरा तपाईलेयो जानेको म चाहन्छु: यहाँ पावल कोसँग बोल्दैछन्? हिब्रू। तिनीहरुले भन्छन्, "हिब्रू," शिर्षमा, हिब्रूको पुस्तक। के त्यो सहि हो? यहूदीहरु जसले येशूलाई इन्कार गरेका थिए...के तपाई—तपाई यसलाई अहिले समात्नुहोस्? उनी यहूदीहरुसँग बोल्दैछन्, उनीहरुलाई व्यवस्थाको छाया ख्रीष्टको एउटा चित्रण हो भनि देखाउदैछन्। सबै पुराना कुराहरु नयाँको एउटा चित्रण हो। अब हेर्नुहोस्।)
>
> *...ख्रीष्टसम्बन्धी प्राथमिक सिद्धान्तहरूलाई छोड़ेर हामी परिपक्वतातर्फ बढ़ौं;...*

167 अब, उनले तिनीहरुसँग सिद्धान्तको बारेमा बोल्दै थिए। आऔ हामी जाऔ र सिद्ध पारिएका कुराहरुको बारेमा कुरा गरौं। अब, तपाईहरु पवित्र आत्माले छाप लगाईएको बेलामा उद्धारको दिन*सम्मको* लागि परमेश्वरमा सिद्ध पारिनुभएको छ। "परमेश्वरबाट जन्मेकोले (पहिलो यूहन्ना) पाप गर्दैन; किनकि त्यसले पाप गर्न सक्दैन, किनकि परमेश्वरको बीउ त्यसमा रहन्छ।"

168 एउटा मानिस जो पवित्र आत्माले भरिएको छ, उनी भरिएको छ भनि नसोचेर, तर परमेश्वरको आत्माले जन्मेकोले पाप गर्दैन, किनभने परमेश्वरको बीउ उसमा छ, र उसले पाप गर्न सक्दैन। बुझ्नुभयो? के बाईबलले त्यो भन्दछ? त्यसैले त्यो त्यहाँ छ। तपाई...तपाईले के गर्नुहुन्छ त्यो होइन, के, के, तपाईको बारेमा संसारले के सोच्छ त्यसको कुरा होइन, तर परमेश्वरले चाहि तपाईको बारेमा के सोच्नुहुन्छ भन्ने कुरा हो। हेर्नुहोस्, बुझ्नुभयो? तपाईले सक्नुहुन्न...कसरी मसँग शहरको मेयरले लेखेको आदेश हुनसक्छ, कि म शहरबाट चालिस मिल दौडनसक्छु, र कुनै प्रहरीले मलाई समाउन सक्छ? म सक्दिन। परमेश्वरको अगाडि निरन्तर एउटा रगतको भेटी चढाईएको हुदाहुदै मैले कसरी पाप गर्न सक्छु, जहाँ उहाँले मलाई देख्न सम्म सक्नुहुन्न; जब त्यहाँ बम्पर—मा...म र परमेश्वरको अगाडि, रगतको

एउटा ढाल? किनकि हामी मरेका छौम, र हाम्रो जीवन परमेश्वरद्वारा ख्रीष्टमा लुकाईएको छ, पवित्र आत्माद्वारा छाप लगाईएको छ। कसरी संसारमा तपाईले परमेश्वरको नजरमा केहि गलत गर्न सक्नुहुन्छ? "यदि हामीले सत्यको ज्ञान पाए पछि पनि जानाजान पाप गर्यौ भने (हिब्रू १०) त्यहाँ पापको निम्ति कुनै बलिदान छैन।" यहाँ जानाजानी पाप गर्न असम्भव छ (बुझ्नुभयो?)।

169 अब, अगाडि बढौ र पढौ। ठिक छ।

*...सिद्धता; मरेको कामबाट पश्चतापको—फेरी जग बसालेको होइन, र...परमेश्वर* प्रतिको *विश्वास,*

*भिन्न बप्तिस्माहरूसम्बन्धी शिक्षा,...हातमाथि हात राख्ने, र मरेकाहरुको पुनरुत्थानको, र...अनन्त इन्साफको बारेमा।*

*र यो...हामी गर्छौ, यदि परमेश्वरले अनुमति दिनुभयो भने।*

(अब यहाँ छ जहाँ तिनीहरुले शुरू गर्न चाहेका थिए, चौथो पदबाट।) *किनकि यो तिनीहरुको लागि असम्भव छ...एकपटक ज्योति पाईसके पछि, जसले एक चोटि ज्योति पाएर स्वर्गीय वरदान चाखेका छन्, र पवित्र आत्माका सहभागी भएका छन्,*

*र परमेश्वरको उत्तम वचनको र आउने युगका शक्तिको स्वाद चाखेका छन्,*

*यदि तिनीहरु पतित भए, नवीकरण गर्न—तिनीहरुलाई फेरी पश्चातापमा नवीकरण गर्न; किनभने तिनीहरूले आफ्नै खातिर परमेश्वरका पुत्रलाई फेरि क्रूसमा टाँग्छन्, र खुल्लमखुल्ला उहाँको अपमान गर्छन्।*

170 अब, अब, त्यो यस्तो देखिन्छ, तपाईले त्यसमा पढ्नुभएको तरिकाबात, कि एउटा मानिसले पवित्र आत्मा प्राप्त गर्न सकोस्, र त्यसपछि विश्वासबाट तर्के र हराउदछ। तर उसको लागि यो गर्न असम्भव छ। बुझ्नुभयो? उसले यो गर्न सक्दैन। यदि उसले गर्छ भने, ख्रीष्ट झुटो हुनुहुन्छ। बुझ्नुभयो? एक पटक ज्योति पाईसकेकाहरुको निम्ति तर्किन असम्भव छ। अब, यहाँ हेर्नुहोस्। उनले केसँग बोल्दैछन्? उनी ती मनतातो यहूदीहरुसँग बोलिरहेका थिए। उनले कहिल्यै पनि एउटा पवित्र आत्माले भरेको व्यक्ति भनेनन्; उनले भने, "यदि कसैले परमेश्वरको वचनलाई चाखेको छ भने।"

171 अब, मलाई यो एउटा दृष्टान्तमा भन्न दिनुहोस्, ताकी तपाईले यो देख्नुहुनेछ र अहिले यो गुमाउनुहुनेछैन। अब, उनले यी यहूदीहरुलाई लेखिरहेका थिए। ती मध्ये केहि मनतातो विश्वासीहरु थिए। बुझ्नुभयो? उनले भने, "अब, हामी यी कामहरु छोडेर सिद्धताको बारेमा कुरा गर्न जानेछौं।" भने, "अब, हामी बप्तिष्मा, र मरेकाहरुको पुनरुत्थान, र हात राख्ने, र सबै कुराको बारेमा कुरा गर्दैछौ; तर आउनुहोस् सिद्धताको विषयमा कुरा गर्नलाई अघि बढौ। अब, हामी तपाई पवित्रआत्मामा कहिले आउनुहुन्छ भन्ने कुरा गर्न जाँदैछौ। अब, तपाई लामो समय देखि सभाको वरपर झुण्डिरहनुभएको छ..."

172 र तपाईले ती मानिसहरुलाई देख्नुभएको छ। तिनीहरु वरिपरी रहनेछन्; उनीहरु भित्र आउने वा बाहिर जाने हुदैन। तिनीहरुले पवित्र आत्माको कदर गर्छन्। तिनीहरु वरपर आउनेछन्। र हुनसक्छ पवित्र आत्माले केहि गर्नुहुन्छ र, पुरुषहरु, उनीहरु उठ्छन् र चिच्याउछन्, र माथि र तल भुँईमा उफ्रनेछन्, तर तिनीहरुले यो आफैले कहिल्यै प्राप्त गर्न चाहदैनन्। होइन, होइन! बुझ्नुभयो? र तिनीहरुले भन्नेछन्, "ओ, हो, त्यो राम्रो हो। ओ, मलाई यसको बारेमा अहिले थाहा छैन।" बुझ्नुभयो, बुझ्नुभयो, बुझ्नुभयो? सीमा रेखा विश्वासीहरु। यसको स्वाद पाउनसक्नेसम्म नजिक छन्, तर अझै पनि तिनीहरुले यो प्राप्त गर्दैनन्। बुझ्नुभयो? अब, तिनीहरु त्यसरी नै यति विधि झुण्डीन्छन् कि केहि समय पछि तिनीहरु त्यसबाट टाढा जान्छन्। म धेरैजनाको नाउँ लिन सक्छु जो मण्डलीमा थिए, त्यहि नै गरे। पश्चातापमा नवीकरण गर्नको लागि फेरी पनि टाढा जान्छन्, त्यहाँ तिनीहरुको लागि कुनै पश्चाताप छैन। तिनीहरुले केवल आत्मालाई तिनीहरुबाट दुखित तुल्याए। तिनीहरु यतिसम्म नजिक भएका थिए कि...

173 यहाँ, यदि तपाई मसँग पल्टाउनुहुन्छ भने (तपाईसँग समय छैन, मलाई थाहा छ, अब) यदि तपाईले व्यवस्था पहिलो अध्यायमा पल्टाउनुहुन्छ र यसलाई पढ्नुहुन्छ, तपाईले उही कुरा भेट्टाउनुहुनेछ। यसलाई अहिले चिन्ह लगाउँदै, व्यवस्था १ अध्यायमा। अब, र १९ औं पदबाट शुरू गर्नुहोस् र २६ औं सम्म पढ्नुहोस्। व्यवस्था...तपाईले पाउनुहुनेछ...अब हेर्नुहोस्। सबै इस्राएल...ती मानिसहरुले के गर्छन्, तिनीहरु कादेश–बर्नेमा आउँछन्। ओ, म केहि देख्छु! यो मण्डली, यो पेन्टिकोष्टल संसार ठिक अहिले कादेश–बर्नेमा छ। त्यो एकदम सहि हो, भाई नेभिल। हामी कादेश–

बर्नेमा छौ, संसारको न्यायको आसन (त्यो न्यायको आसन थियो)।

174 र जासूसहरु बाहिर गए। यहोशूले यहाँ भने, “अब, मैले जासूसहरु पठाएँ,” वा मोशा, बरु, “मैले जासुसहरु पठाएको थिए, बाह्र, एक, एक जना मानिसहरु प्रत्येक कुलबाट। मैले तिनीहरुलाई त्यस देशको जानकारी र एउटा प्रतिवेदन लिएर आउनलाई पठाए।” के त्यो सहि हो?

र जब तिनीहरु फर्केर आए, त्यहाँ बाह्र मध्ये नौ जनाले भने, “यो राम्रो भूमि छ, तर ओ, दया होस्, हामीले यो लिन सक्दैनौ। ओ, मेरो! एमोरीहरु त्यहाँ छन्, र हामी तिनीहरुको छेउमा फटेंग्रा जस्तै देखिन्छौ। तिनीहरु हतियारधारी मानिसहरु हुन्। तिनीहरुको पर्खालहरु ठूला छन्। ओ, यो पनि...किन, तिमीले हामीलाई यहाँ बाहिर ल्याउनुभन्दा त बरु हामी मिश्रमा नै मरेको भए हुनेथियो।

175 तर, सानो बुढो कालेब र यहोशू त्यहाँ उफ्रिए र तिनीहरुलाई चुप लगाए; भने, “हामीले यो लिनको लागि सक्षम भन्दा बढी छौ।” हो, श्रीमान! त्यहाँ एउटा छ। अब हेर्नुहोस्। के भयो? कालेब र यहोशूले जानेका थिए कि परमेश्वरले यसको प्रतिज्ञा दिनुभएको थियो भन्ने: “यो कति ठूलो छ त्यसको मलाई वास्ता भएन, कतिको बाधाहरु छन्, तिनीहरु कति अग्ला छन्, तिनीहरु कति महान छन्, जुन यससँग कुनै सरोकार नै छैन। परमेश्वरले त्यसो भन्नुभएको छ, र हामीले यो लिन सक्छौ।” र के तपाईलाई थाहा छ तिनीहरु मात्रै दुई जना मानिसहरु थिए, पच्चिस लाख मध्येबाट, जसले त्यो भूमिलाई पार गर्यो? किनभने परमेश्वरले जे सत्य हो भन्नुभयो तिनीहरुले त्यसमा आफ्नो विश्वास पक्रिराखे। आमेन!

176 मण्डली, ठिक अहिले, कादेश–बर्नेमा खडा छ। हेर्नुहोस्, ती मानिसहरु यति नजिक थिए कि तिनीहरुले त्यस देशको अंगुरहरु पनि चाखे। तिनीहरुले अंगुरहरु खाए। जब कालेब र तिनीहरु त्यहाँ गए र अंगुरहरु फर्काएर ल्याए, ती मानिसहरुले केहि ताने र त्यसलाई खाए। “ओ, तिनीहरु राम्रा छन्, तर हामीले यो गर्न सक्दैनौ।” “तिनीहरु जसले परमेश्वरको असल कार्यलाई चाखेका छन्, पवित्र आत्मालाई चाखेका छन्, यसको भलाई देखेका छन्, त्यसको स्वाद चाखेको छ, परमेश्वरको वचनको स्वाद चाखेको छ...” त्यो बुझ्नुभयो? ती मानिसहरु कोहि पनि, तिनीहर कसैलाई पनि त्यहाँ जान अनुमति दिईएन। तिनीहरु आफ्नै भूमिमा नाश भए, यहाँ उजाडस्थानमा। तिनीहरु कहिल्यै पारी गएनन्, तर तिनीहरुले

यसलाई चाख्न भ्याउनेसम्मको नजिक थिए, तर यो लिनको लागि पर्याप्त अनुग्रह र विश्वास थिएन। त्यहि नै हो।

177 अब, अब त्यस प्रिय व्यक्तिलाई सुन्नुहोस् जसले यो चिट्ठी लेखे। आउनुहोस् बस अर्को पद पढौ। एक मिनेट मात्रै हेर्नुहोस्। पावललाई हेर्नुहोस्। अब ७ औं पढौ:

*किनकि पृथ्वीले...जुन जमिनले आफूमाथि सधैँ बर्सने पानी पिउँछ, र तिनीहरूका निम्ति मन पर्ने अन्न–*बाली *उमार्छ, त्यस जमिनले परमेश्वरबाट* आशिष् *पाउँछ:*

*तर त्यसैले काँढ़ा र सिउँड़ीहरू उमार्‍यो भने त्यो बेकम्मा हुन्छ, र परमेश्वरको सराप पर्न सक्छ; अन्त्यमा त्यो जलाइन्छ।*

178 अब, उनले के भने हेर्नुहोस्? अब हेर्नुहोस्। त्यहाँ यो प्रश्न छ; अब, र त्यसपछि हामी बन्द गर्नेछौ...यस कुराले मलाई वर्षौंसम्म मारेको थियो।

179 म एक पटक मिशावाका, इन्डियानामा मानिसहरुले अन्यभाषामा बोलिरहेको सभामा गएको थिए। अब, म आफ्नै भीडको अगाडि छु। तपाईले ती मानिसहरुलाई सुन्नुभएको छ...मैले मेरो जीवन कथा भनेको सुन्नुभएको छ, र त्यो काला मानिसको बारेमा जसले भन्यो, "उहाँ यहाँ हुनुहुन्छ। उहाँ यहाँ हुनुहुन्छ।" अब, मैले त्यो भने।

180 यसको बाकि रहेकाहरु: मैले दुईजना मानिस देखे। उनीहरु...एउटाले सन्देश दिन्थ्यो, अर्कोले यसको व्याख्या गर्दथ्यो। अर्को एउटाले सन्देश दिन्छ, र अर्को एउटाले यसको उल्था गर्छ। र भाई, उनीहरु सहि थिए। केवल यो...मैले सोचे, "मेरो प्रभु! मैले कहिल्यै त्यस्तो केहि देखेको छैन।" मैले भने, "म स्वर्गदूतहरुको माझमा छु।" मैले सोचे, मैले कहिल्यै यस्तो कुरा देखेको छैन...एउटाले बोल्छ, र अर्को...

181 र म त्यहाँ पछाडि बस्छु, एउटा सानो बुढो प्रचारकको रूपमा, तपाई... [टेपमा रिक्त स्थान—सम्पा।]...कहिले काही दुवैजनाले आफ्ना हात मिलाउदथे। मैले यस्तो मानिस जीवनमा नै देखेको थिईन। उनीहरुले एउटा सन्देश बोल्थे, र अर्कोले यसलाई उल्था गर्थ्यो। र मेरो, मेरो! यो अद्भूत थियो! एउटाले, बोल्थ्यो अनि अर्कोले उल्था गर्दथ्यो। दुवै...र जब तिनीहरुले आफ्नो हात उठाउछन् तब मात्र तिनीहरु चकरूपी सेतोमा परिणत हुन्थे। मैले सोचे, "ओ, प्रभु, प्रभु! म मेरो जीवनभर कहाँ थिए? यो

कुरा हो!” मैले भने, “मेरो, पेन्टिकोष्टलहरु सहि छन्।” त्यो एकदम सहि हो।

182 मैले कहिल्यै धेरै देखेको छैन तर ठिक यहाँ वरपर के थियो, जहाँ... शायद केहि महिलाहरु कतै मिसन सहित हुनुहुन्छ। र उनीहरु झगडा गर्दै हुनेछन्; र एउटाले अर्को लाई, “गिद्ध,” भनिरहेका छन्, र, तपाईलाई थाहा छ, त्यस्तै नै, एक अर्कामा झगडा गर्दै। अहिले महिलाहरुलाई कुनै अपहेलना वा केहि गरेको होइन, तर केवल...यो—यो तल्लो स्तरमा थियो। यदि तपाईहरु मध्ये कोहि...तपाईलाई याद छ, भाई ग्रहाम। तपाई त्यस समयमा केवल एउटा सानो केटा हुनुहुन्थ्यो। र त्यसैले, त्यो तरिकामा यो थियो।

र मैले त्यो सुने, र मैले सोचे, “ओ, प्रभु, मैले स्वर्गदुतहरुलाई प्रहार गरेको छु।”

183 एकदिन घरको कुनामा आउदै गर्दा, लगभग दोस्रो दिन, मैले ती मध्ये एउटा मानिसलाई भेटे। मैले भने, “तपाई कस्तो हुनुहुन्छ, महोदय?”

उहाँले भन्नुभयो, “तपाई कस्तो हुनुहुन्छ?” उहाँले भन्नुभयो, “के... तपाईको नाम के हो?”

र मैले भने, “ब्रन्हाम।”

उहाँले भन्नुभयो, “तपाई कहाँबाट हुनुहुन्छ? यहाँ?”

र मैले भने, “होइन, म जेफरसनभिलबाट हुँ।”

उहाँले भन्नुभयो, “ठिक छ, त्यो ठिकै छ। के तपाई पेन्टिकोष्टल हुनुहुन्छ?”

मैले भने, “होइन, श्रीमान, म होइन।” मैले भने, “म पवित्र आत्मा प्राप्त गर्ने पेन्टिकोष्टल तरिकालाई स्वीकार गर्दिन,” मैले भने, “यद्धपि,” मैले भने, “म यहाँ सिक्नको लागि आएको छु।”

184 उहाँले भन्नुभयो, “ठिक छ, त्यो एकदम राम्रो हो।” र उहाँसँग बोल्दै गर्दा, उहाँको आत्मा समाउदै (इनारमा भएकि महिला जस्तै), उहाँ एक सच्चा इसाई हुनुहुन्थ्यो। भाई, मेरो मतलव उहाँले ठिकसँग चलाईरहनुभएको थियो। उहाँ असल हुनुहुन्थ्यो। अब, तपाईहरु सबै... कतिजना मेरो सभाहरुमा आउनुभएको छ र यी कुराहरु भएको देख्नुभएको

छ? देख्नुभयो? र मानिस पूर्ण रूपमा ठिक थियो। त्यसैले त्यसपछि, मैले—मैले सोचे, “त्यहाँ! मेरो, कति अद्भूत!”

185 लगभग साँझमा, केहिबेला दिउँसोमा, मैले अर्को एउटालाई भेटे। मैले भने, “तपाई कस्तो हुनुहुन्छ, महोदय?”

उहाँले भन्नुभयो, “तपाई कस्तो हुनुहुन्छ? तपाईको नाम के हो?” र मैले उहाँलाई भने। र उहाँले भन्नुभयो, “के...के—के तपाई पेन्टिकोष्टल हुनुहुन्छ?”

मैले भने, “होइन, श्रीमान, ठ्याक्कै पेन्टिकोष्टल होइन, मलाई लाग्दैन।” मैले भने, “म यहाँ सिक्नको लागि मात्रै आएको हुँ।”

उहाँले भन्नुभयो, मैले भने, उहाँले भन्नुभयो, “तपाईले कहिल्यै पवित्र आत्मा पाउनुभएको छ?”

मैले भने, “म—मलाई थाहा छैन।” मैले भने, “तपाईहरु सबैले के पाउनुभएको छ त्यस अनुसार, मलाई लाग्छ मसँग छैन।”

र उहाँले भन्नुभयो, “के तपाईले कहिल्यै अन्यभाषामा बोल्नुभएको छ?”

मैले भने, “छैन, श्रीमान!”

उहाँले भन्नुभयो, “त्यसोभए तपाईसँग यो थिएन।”

186 र मैले भने, “ठिक छ, म—मलाई लाग्छ त्यो सहि हो।” मैले भने, “मलाई थाहा छैन। मैले प्रचार गर्न थालेको दुई वर्ष मात्रै भयो, अझै कम,” र मैले भने, “मलाई त्यसको बारेमा धेरै थाहा छैन।” मैले भने, “शायद मलाई थाहा छैन।” मैले भने, “मैले बुझ्न सक्दिन...” के कारणले, मैले उहाँलाई त्यहाँ थामिराख्न खोज्दै थिए (बुझ्नुभयो?), यसलाई समाउनको लागि। र जब मैले गरे, यदि मैले कहिल्यै एउटा पाखण्डीलाई भेटे थिए भने, त्यहाँ ती मध्ये एक थियो। उहाँको श्रीमती काला जाती हुनुहुन्थ्यो; र उहाँ गोरी महिलासँग बस्दै आईरहनुभएको थियो, उनीबाट दुई सन्तान थियो; र अन्यभाषामा बोल्दै, हुनसक्नेसम्मको सिद्ध व्याख्या गर्दै थियो। र मैले भने, “अब, प्रभु, मैले के पाएको छु?” स्वर्गदूतहरुबाट, मलाई थाहा थिएन म केमा थिएँ। मैले भने, “म—म—म आधारभूत हुँ; यो बाइबल हुनुपर्छ। यो सहि हुनुपर्छ। त्यहाँ कतै केहि कुरा गलत थियो, प्रभु। त्यो कसरी हुन सक्छ?”

187 म त्यस रात सभामा गए, र आत्मा गिरेको थियो; र भाई, तपाईले यो महसूस गर्न सक्नुहुन्छ, कि यो पवित्र आत्मा हुनुहुन्थ्यो। हो, श्रीमान! यदि यो थिएन भने, यो पवित्र आत्मा हुनुहुन्थ्यो भनि यसले मेरो आत्मासँग साक्षी बोकेको थियो। र म केवल एउटा जवान प्रचारक थिए, र कसरी गर्ने थाहा थिएन, आत्माको प्रभेदको बारेमा त्यति थाहा थिएन। तर म त्यहाँ बसिरहेको थिए। र मलाई थाहा थिय मलाई बचाउनुहुने उही परमेश्वर हुनुहुन्थ्यो, त्यो उही अनुभव थियो...म छतबाट भएर जाँदैछु जस्तो लाग्यो, त्यो भवनमा यो यस्तो अद्भूत अनुभूति थियो। मैले सोचे...

188 ती मध्ये लगभग पन्ध्र सयजना थिए। मैले सोचे, "मेरो, ओ मेरो!" ती मध्ये दुई वा तिन झुण्डहरु सँगै भेटेका थिए। र मैले सोचे, "भन्नुहोस्, मेरो! यो कसरी हुनसक्छ? अब, महान आत्मा यस भवनमा त्यसरी झरिरहेको थियो; र यहाँ, यसलाई हेर्नुहोस् यसरी माथि गईरहेको, ती मानिसहरु अन्यभाषाहरुमा बोल्दै, उल्था गर्दै, सन्देश सिद्ध रूपमा दिँदै—र ती मध्ये एउटा पाखण्डी र अर्को एउटा परमेश्वरको सच्चा मानिस।" र मैले सोचे, "अब, म पूर्ण रूपमा अन्योलमा परे। मलाई थाहा छैन के गर्ने भनेर।"

189 ठिक छ, यसको तुरुन्तै पछि, मेरो एउटा असल मानिस, भाई डेभिस (तपाईलाई थाहा छ), मलाई एउटा कट्पुतली भन्न थाल्नुभयो। त्यो केटिको खेलौना हो, तपाईलाई थाहा छ। र त्यसैले, म एकल थिए, र त्यसैले म... उहाँ मसँगै रहन थाल्नुभयो, र त्यसपछि जानुभयो, एक प्रकारले मसँग मजाक गर्दै।

190 र हामीले एउटा सानो...र तपाईकि आमा र हामीहरु सबैजनाको सानो सभाहरु चारैतिर भिन्न स्थानहरुमा भईरहेको थियो। त्यस समयमा मण्डली—गईरहेको थिएन, र हामीले भिन्न स्थानहरुमा साना सभाहरु गरिरहेका थियौ। र अन्ततः एक दिन, मण्डली निर्माण गरिसके पछि, धेरै वर्ष पछि, म ग्रिन मिलमा मेरो गुफासम्म प्रार्थना गर्न गए, किनभने भाई डेभिसले मेरो बारेमा केहि डरलाग्दा कुराहरु उहाँको—पत्र—पत्रिका—मा भन्नुभएको थियो। मैले उहाँलाई प्रेम गरे। म केहि पनि भएको चाहन्न, र म—म त्यहाँ उहाँको निम्ति प्रार्थना गर्न गए। र म त्यहाँ माथि गए, र म गुफा भित्र गए। र म त्यहाँ लगभग दुई दिनसम्म बसे। र मैले भने, "प्रभु, उहाँलाई क्षमा दिनुहोस्। उहाँ—उहाँको मतलब—मतलब त्यो होइन।" र मैले सोचे, "तपाईलाई थाहा छ..." मैले केवल एउटा धर्मशास्त्रको बारेमा

सोचेको थिए।

191 र म बाहिर गए। र त्यहाँ एउटा काठ थियो (त्यो काठ अझै पनि त्यहि छ, त्यो यहाँ थियो धेरै समय भएको छैन) पहाडबाट तल र एउटा सानो बाटो पारी राख्छ जुन खाडीबाट चारैतिर आउँछ। र मैले बस काठमा खुट्टा फैलाएर, डाँडा पारी हेर्दा पछाडि—पछाडि त्यहाँ, र मेरो बाइबल त्यसरी राखे। मैले सोचे, "तपाईलाई थाहा छ..." मैले एउटा धर्मशास्त्रको बारेमा सोचिरहेको थिए: "तामा बनाउने, उहाँले मलाई धेरै हानी गर्नुभएको छ, र धेरै कुरा भन्नुभएको छ।" तपाईलाई थाहा छ...मैले सोचे, "म विश्वास गर्छु कि म केवल त्यो पढ्नेछु।" मैले बाईबल खोले, र मैले भने, "ठिक छ..." मेरो अनुहार पखालेर पुछे, र हावा आयो, र यो हिब्रू ६ मा पल्टियो। "ठिक छ," मैले भने, "यो भएको ठाउँ त्यो होइन।" र मैले यसलाई फर्काएर यसरी राखे। र हावा फेरी आयो र फेरी त्यसैमा पल्टायो। र मैले भने, "अब, त्यो अनौठो छ, बतासले यसलाई त्यसरी नै उडाउदैछ।" त्यसैले मैले सोचे, "ठिक छ, मलाई लाग्छ म यो पढ्नेछु।" र भन्नुभयो:

> *किनकि तिनीहरू,* जसले *एक चोटि ज्योति पाएर स्वर्गीय वरदान चाखेका छन्,...पवित्र आत्माका सहभागीहरु, र चाखेका छन्...परमेश्वरको वचन, र आउनेवाला संसारका* कुराहरुको *स्वाद लिए।*

मैले सोचे, "ठिक छ, मैले त्यसमा केहि पनि देख्दिन।" यसलाई तल पढ्नुहोस्, बाकि अध्यायमा। यसमा केहि पनि छैन। मैले भने, "ठिक छ, त्यो—त्यसले त्यसको मामिला निप्ट्याउछ।" र म—मैले यो यसरी देखे, र यो फेरी पनि पछाडि गयो। र मैले यसलाई उठाए, र मैले सोचे, "ठिक छ, त्यो के हो?" मैले यसलाई पढिरहे, र यसलाई पढ्दै थिए, र यो पढ्दै थिए, मैले भने, "अँ, मैले बुझ्न सक्दिन।" त्यसपछि म पढिरहे...र मैले तल पढे:

> *...किनकि तिनीहरू,* जसले एक *चोटि ज्योति पाएर स्वर्गीय वरदान चाखेका छन्,...*

यो यहाँ तल एउटा ठाउमा आयो जहाँ यसले भन्यो:

> *र पृथ्वीले...जुन जमिनले आफूमाथि सधैँ बर्सने पानी पिउँछ, र मानिसहरूका निम्ति* खनजोत गरिएको *छ र तिनीहरूका निम्ति*

*मन पर्ने अन्न–बाली उमार्छ, त्यस जमिनले परमेश्‍वरबाट* आशिष् *पाउँछ।*

*र त्यसैले काँढ़ा र सिउँड़ीहरू उमार्‍यो भने त्यो बेकम्मा हुन्छ, र...परमेश्‍वरको सराप पर्न सक्छ; अन्त्यमा* त्यो *जलाइन्छ।*

192 मैले भने, "अचम्म लाग्छ यसको अर्थ के हो?" म केवल...अब, मैले त्यहाँ माथि केहि पनि सोचेको थिएन। त्यो सोचेर। र तब म त्यहाँ बसिरहेको थिए, मैले सोचेको थिए कि प्रभुले मलाई भाई डेभिस र त्यहाँ तल भएका ती मानिसहरुको बारेमा एउटा दर्शन दिनुहुनेछ। र म त्यहाँ बसिरहेको थिए; मैले हेरे, र केहि कुरा मेरो अगाडिको खाडलमा बद्लिएको जस्तो देखे। र यो एउटा संसार घुमिरहेको थियो। र मैले यो सबै टुटेको देखे, बस यो पुरै जोतेको जस्तो देखिन्थ्यो। र एउटा मानिस एउटा—एउटा—एउटा महान ठूलो कुरा सहित गयो जसको अगाडि भरि बीउ थियो, र उहाँ पृथ्वीमा जाँदै गर्दा जताततै उहाँले बीउ छर्दै जानुभयो। र उहाँ पृथ्वीको वक्रता वरपर जानुभयो, र उहाँ मेरो दृष्टिबाट बाहिर जानुभयो। र जसै उहाँ मेरो दृष्टिबाट हराउनुभयो, यहाँ एउटा मानिस आयो जो डरलाग्दो देखिन्थ्यो, कालो पोशाक लगाएको, यसरी वरिपरी जाँदै, जाँदै, *ह्यु, ह्यु,* खराब बीउ फाल्दै, *ह्यु, ह्यु*। र मैले यो हेरे, र जसरी पृथ्वी घुमिरहेको थियो...

193 केहि समय पछि गहुँ आयो। र जब गहुँ माथि आयो, त्यहाँबाट झार आयो, र सिउँडीहरु, र काँडाहरु, र दुर्गन्धित सामा, र सबैकुरा हुर्कियो, दूधे सामाहरु, र सबैकुरा गहुँमा बढ्दैछ। र तिनीहरु सबै सँगै बढ्यो। र त्यहाँ एउटा वास्तविक, खराब खडेरी आयो, र सानो गहुँको आफ्नो शिर त्यसरी बस्यो, र सानो झार, सिउँडी, काँडाहरु, तिनीहरुको शिर माथि थियो। प्रत्येक सामा केवल, *प्यान्ट, प्यान्ट, प्यान्ट, प्यान्ट,* त्यसरी श्वास फेर्दै। तपाईले बस तिनीहरुलाई सुन्न सक्नुहुन्थ्यो। र तिनीहरुले झरीको लागि पुकार गर्दै थिए, वर्षा।

194 र केहि समय पछि, साथै एउटा ठूलो बादल आउछ, र पानी तल झर्‍यो। र जब त्यो त्यहाँ खस्यो, त्यो गहुँ उफ्रियो र चिच्याएर भन्यो, "महिमा! हाल्लेलुयाह! प्रभुको स्तुति होस्!" त्यो सानो दुर्गन्धित सामा माथि उफ्र्यो र चिच्यायो, "महिमा! परमप्रभुको प्रशंसा होस्! हाल्लेलुयाह!" काँडाहरु र ती सबै, मैदानको चारैतिर नाचिरहेका थिए, कराउदै, "महिमा! हाल्लेलुयाह! परमप्रभुको प्रशंसा होस्!"

ठिक छ, मैले भने, “मैले त्यो बुझ्न सक्दिन।”

195 दर्शनले मलाई छोड्यो; त्यसपछि म फेरी त्यसमा फर्किए: “ती झार जुन इन्कारको नजिक छ।” त्यसपछि मैले पाए। येशूले भन्नुभयो, “धर्मी र अधर्मी दुवैमा वर्षा पर्छ।” एउटा मानिस सभामा बसेर, अन्यभाषामा बोल्न सक्छ, चिच्याउन सक्छन् अनि वास्तविक पवित्र आत्मा लागेकाहरुले जस्तै व्यवहार गर्न सक्छन् अझै पनि परमेश्वरको राज्यमा नभएको हुनसक्छन्। त्यो एकदम सहि हो। के येशूले भन्नुभएको थिएन र, “त्यस दिनमा धेरै जना खडा हुनेछन् र भन्नेछन्, ‘प्रभु, के मैले तपाईको नाउँमा दुष्टलाई धपाएको होइन र? के मैले तपाईको नाउँमा अगमवाणी (प्रचार) बोलेको छैन र? के मैले तपाईको नाउँमा धेरै शक्तिशाली कामहरु गरिन र?’” येशूले भन्नुभयो, “मबाट दूर होओ, अधर्मी काम गर्नेहरु हो, मैले तिमीहरुलाई कहिल्यै चिनेको थिईन।” त्यसको बारेमा के छ?

196 यसको ठ्याक्कै अर्थ यहाँ छ। बुझ्नुभयो? तिनीहरुले स्वर्गबाट आएको असल वर्षाको स्वाद चाखे। तर शुरू गर्नको लागि, तिनीहरु गलत थिए। तिनीहरुको उदेश्यहरु शुरू गर्नको लागि त्यो सहि थिएन; तिनीहरुको नियत सहि थिएन। त्यो, तपाईले भन्न सक्नुहुन्न। एउटा...तपाईलाई थाहा छ, फसलको समयमा उसले भन्यो, “के म गएर ती सबैलाई निकाल्न सक्छु?”

197 उहाँले भन्नुभयो, “तिनीहरुलाई सँगै हुर्किन देऊ, र त्यस दिनमा यी सिउँडी र काँडाहरु सँगै जलाईनेछ, र गहुँ बालीमा जानेछ।” अब, कुन चाहि सिउँडी हो भनि तपाईले कसरी थाहा पाउने, वा कुन चाहि काँडा, वा कुन चाहि एउटा गहुँ? “तिनीहरुको फलबाट तिमीहरुले तिनीहरुलाई चिन्नेछौ।” तपाईले देख्नुहुन्छ, भाई, बहिनी, एउटा असल रूखले खराब फल फलाउन सक्दैन। केहि फरक पर्दैन, कतै बाटोमा, यसले तपाईसँग समात्नेछ। त्यसैले, तपाई पवित्र आत्माको बप्तिष्मा खोज्दै...जो कोहिले यो लेख्नुभयो म एकदम खुसी छु। बुझ्नुभयो?

198 अब, त्यहाँ भएका सिमावर्ती विश्वासीहरु, तिनीहरु तिनीहरुसँग सहि थिए। तिनीहरुको खतना सँगै तिनीहरु खतना गरिएको थियो। तिनीहरु ठिक त्यस भूमिमा गए जुन परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो, ठिक त्यसको छेउसम्म गएका थिए। धेरै मानिसहरु त्यसको छेउसम्म हिड्छन्। उ ठिक पवित्र आत्माको बप्तिष्मासम्म हिड्नेछ र पनि यसलाई इन्कार गर्नेछ। उसले यसलाई छोड्न चाहदैन। उ ठिक धर्मशास्त्रको येशू ख्रीष्टको नाउँको

बप्तिष्मासम्म जानेछ, र पनि त्यसलाई इन्कार गर्नेछ, र यसलाई देख्नबाट रोक्नको लागि इन्कार गर्दछ।

199 त्यहाँ सबै बाइबलमा एउटा पनि धर्मशास्त्र छैन जहाँ पिता, पुत्र, पवित्र आत्माको नाउँमा कसैले बप्तिष्मा लिएको होस्, एउटा पद पनि छैन। क्याथोलिकले यो शुरू गर्यो, लूथरमा निस्केर आयो, तल वेस्लीमा आयो, त्यहाँ देखिबाट यहाँसम्म तानेर ल्यायो। त्यो एकदम सहि हो। तर धर्मशास्त्र अनुसार प्रभु येशू ख्रीष्टमा हो। त्यो प्रेरितीय बप्तिष्मा हो। तपाईले त्यो गर्दै एउटा संस्थागत मण्डलीमा बस्न सक्नुहुन्न। यो सहि हो।

200 अब, तपाईले ती कुराहरु देख्नुहुन्छ? पवित्र आत्माको बप्तिष्मा, आत्माको वरदानहरु, ती कुराहरु जुन परमेश्वरले ल्याउनुहुनेछ…आत्माको फलहरु, प्रेम, आनन्द, सहनशीलता (ओ, तपाईले भन्नुहुन्छ, "तर भाई ब्रन्हाम, परमेश्वरलाई आशिष होस्, म सहनशील छु।" यो त्यस्तै देखिन्छ। म यहाँ ओहाईयो माथि गए धेरै भएको छैन, र कसैले मलाई सोध्नुभयो, यहाँ तल एउटा पत्र लेख्नुभयो अनि मैले मानिसहरुलाई येशूको नाउँमा बप्तिष्मा दिन्छु कि भनि सोध्नुभयो। मैले कहिल्यै एक शब्द भनिन। उहाँहरुले जसरी नि पत्ता लगाउनुभयो, र सोह्रजना सहयोगी सेवकहरुले आफ्ना हात झिके। सहनशीलता त्यो होइन!)—सहनशीलता, भलाई, नम्रता, कोमलता, धैर्यता, र पवित्र आत्मा। बुझ्नुभयो?

201 ओ, भाई, बहिनी, हामी—हामीहरु कादेश–बर्नेमा छौ। तपाईले अहिले चाख्दै हुनुहुन्छ। गतराति पवित्र आत्मा हामीमा झर्नुभयो, हामी भित्र आउनुभयो, एउटा तेज बतास जसरी। यो तपाईहरु धेरैमा बस्नुभयो। आज सेवकहरु घरघरमा यहाँ र त्यहाँ जाँदैछन्, तिनीहरुको निम्ति हात राख्दै र प्रार्थना गर्दै जसले पवित्र आत्मा खोजिरहेका छन्। तपाईले विकल्प नलिनुहोला। कुनै प्रकारको आवाजलाई नलिनुहोस्। कुनै प्रकारको संवेदना नलिनुहोस्। तपाईलाई परमेश्वरले काँट–छाँट र तपाईलाई एउटा नयाँ सृष्टि, तपाईलाई एउटा नयाँ व्यक्ति नबनाउनुभएसम्म प्रतिक्षा गर्नुहोस्। तपाईले अहिले यो चाख्दै हुनुहुन्छ, यसको स्वाद लिदै हुनुहुन्छ, तर दुकुरले तपाईलाई ठिक मेचसम्म लानलाई अगुवाई गर्न दिनुहोस्, र—र थूमा र ढुकुर सँगै तल बसे, र परमेश्वरको वचनमा सदाको निम्ति भोज मनाए। किनकि यो खडा हुनेछ जब त्यहाँ कुनै स्वर्ग र पृथ्वी हुनेछैन; परमेश्वरको वचन सदा रहनेछ। त्यो सत्य हो।

202 कृपया म कट्टरपन्थी हुँ भनि नसोच्नुहोस्। यदि म भएको थिए भने, मेरो मतलब यो थिएन। यदि म...मलाई आशा छ मैले यी प्रश्नहरुको उत्तर दिएको छु; मैले दिएको छु, मेरो ज्ञान भएसम्म गरेको छु।

203 र त्यसैकारणले, हिब्रू ६ मा, यदि तपाईले देख्नुहुन्छ भने, पावलले हिब्रूहरुसँग बोलिरहेको जसले भनेको थियो, "ठिक छ, हामी तपाईसँगै टाढासम्म जानेछौ।" तिनीहरु माथि आउनेछन्। तपाईले बुझ्नुभयो? भन्यो, "अब, तपाईले..." तिनीहरु जो माथि आउछन् र चाखेका छन्।

204 मैले भर्खरै भवनमा हेरे। तपाईलाई जीवित परमेश्वरको प्रमाण देखाउनको लागि। मलाई आशा छ कि मैले यो व्यक्तिलाई प्रकट गर्नेछैन। म एउटा सभाबाट भित्र आएको धेरै भएको छैन, र यहाँ आए, र तपाईहरुमा घोषणा गरेको छु कि एउटा असल मित्र, मेरो निजी साथि, एउटा सिकारको साथी, एउटा मानिस मेरो लागि असल थियो, एउटा मानिस जो मेरो मण्डलीमा आउनुभएको छ, र मेरो भाई भएको थियो; मैले उहाँलाई बस्टी भन्छु। उसको नाम एभरेट रोजर्स हो; मिलटाउनमा बस्नुहुन्थ्यो। म यहाँ यो घोषणा गर्न आएको कतिजनालाई सम्झना छ? उहाँ यहाँ अस्पतालमा लेटिरहनु भएको थियो; चिकित्सकहरुले उहाँको शल्यक्रिया गरे, उहाँलाई खोल्नुभयो, र क्यान्सरले भरिनुभएको थियो र उनीहरुले उहाँलाई भर्खरै सिलाउनुभएको थियो। भन्नुभयो, "ऊ तुरुन्तै क्षिण हुनुहुनेछ; केहि हप्तामा उहाँ जानुहुनेछ; यसको लागि हुने त्यहि नै सबै कुरा हो। उहाँ समाप्त हुनुहुनेछ, यहि नै हो।"

205 तपाईलाई याद छ कसरी म यहाँ मंचमा खडा भए, उहाँको निम्ति प्रार्थना गरे? त्यहाँ तल गए अनि कोठामा गए, केहि कुराले मेरो हृदय खाईरहेको थियो। म कोठामा गए, र सबैजनालाई बाहिर निकाले ताकी मैले...भाई एभरेट त्यहाँ सुतिरहनुभएको थियो। र तपाईले यो याद गर्नुहुनेछ। म भित्र गए; मैले भने, "भाई—भाई बस्टी।" (मैले उहाँलाई बस्टी भन्थे।)

206 धेरै पहिले जब हामीले त्यहाँ तल ब्रस आर्बर सभाहरु गर्दै थियौ, ती सबै मेथोडिष्ट डाँडामा थिए (गेर्टी, ती मध्ये एक), चारैतिर चिप्लिदै, मैले के भन्न जाँदैछु सो हेर्नको लागि अंगुर बारीबाट हेर्थे, र त्यसरी, मेथोडिष्ट मण्डलीले तिनीहरुलाई बहिष्कार गर्नेछ भनि डराएर। र त्यसपछि, म गए र त्यहाँ एउटा दर्शन त्यहाँ देखे, र मैले मासु सबै एउटा क्यानमा थुप्रिएको देखे। मैले माछाको झुण्ड समाते र त्यसमा डोरी हाले, यी डोरीहरुमा

तिनीहरुलाई राखे—राखे, र मैले डोरीलाई बाँधे। र जब मैले हेरे…र यो सबै एउटा दर्शनमा थियो; मैले—त्यस रातमा ब्रस आर्बर मुनि उभिरहेका मानिसहरुको झुण्डलाई छोडेको थिए र भाई राईटकोमा डाँडाको टुप्पोमा माथि गए। र तिनीहरुले मलाई भोलिपल्ट बिहानसम्म भेट्टाउन सकेनन्। मैले भने, "तिमीहरु कसैलाई पनि…"

207 जब म त्यहाँ प्रचार गर्दै उभिरहेको थिए, यहाँ त्यो ज्योति आयो; आगोको खामो ठिक यहाँ मेरो अगाडि उभियो अनि भन्यो "यहाँ छोडेर जंगलमा जाऊ; म तिमीसँग बोल्नेछु।" यो त्यहि दिन थियो, अर्को दिन जब तिनीहरुले मलाई माथि डाँडामा भेट्टाए। र म त्यहाँ माथि थिए; मैले मेरो कार झारमा लुकाए, र माथि डाँडामा रातभरि र भोलिपल्ट प्रार्थना गर्दै थिए। कोहि त्यहाँ माथि आउछन्, कार भेट्टाउछन् र त्यहाँ माथि आउछन्… त्यहि नै दिन थियो जब भाई ग्रहाम स्नेलिंग, यहाँ, पवित्र आत्मा र सेवकाईमा बोलावट प्राप्त गर्नुभयो।

208 त्यहाँ माथि डाँडामा म त्यहाँ बसिरहेको थिए, र उहाँ—उहाँले मलाई कार्य गर्नको लागि भिन्न कुराहरु र हाम्रो सँगै पहिले भएको संवादहरु भन्नुभयो। उहाँले यी बाँधिएको माछाहरु देख्ने एउटा दर्शन दिनुहयो, भन्नुभयो, "यो तिम्रो मिलटाउन मण्डली हो।"

र ती मध्ये चार वा पाँचवटा असफल भए; र मैले भने, "त्यो को हो?"

भन्यो, "तिनीहरु मध्ये एकजना गाय स्पेन्सर र उनको श्रीमती हुनुहुन्छ। अर्को एउटा त्यहाँ अर्को स्पेन्सर हो, र तिनीहरुको।" र उहाँले भिन्नलाई भन्नुभयो, जे असफल हुनेछ।

209 मैले तिनीहरुलाई भने; मैले भने, "तिमीहरु कसैले नखाओ।" म र मेरी श्रीमती…यो हाम्रो विवाह हुनुभन्दा अगाडिको कुरा थियो; र उनी बहिनी स्पेन्सरसँग रातभर बस्नको लागि घर गईन्, एक अद्भूत महिला। अद्भूत मानिस, गाय स्पेन्सर जुत्ताको छालामा उभिने, मानिस जत्तिको राम्रो मानिस हुनुहुन्छ। र उनी—र उनी त्यहाँ तल गए, र ओपलले भनिन्, "अब, हेर्नुहोस्…" मेडालाई, उनले भनिन्, "अब, मेडा, म भाई बिललाई विश्वास गर्छु।" उनले भनिन्, "तर जब ओपल भोकाउछिन्, उनलाई ह्याम र अण्डा हुनुपर्छ।" त्यसैले उनी त्यहाँ जान्छिन्, र उनको मासु र अण्डा भुटछिन्, र त्यसलाई खानको निम्ति तल बस्नुहुन्छ, र आशिष भन्न थाल्नुहुन्छ, र मेचमा अडेस लगाउनुभयो, रुदै, यसलाई छुन सकिन्न। त्यसपछि उनीहरु

सिकार गरेका आउछन्।

210 र त्यहाँ माथि डाँडामा त्यस दिन, ठ्याक्कै के हुनेछ सो उहाँले मलाई बताउनुभयो। उहाँले भन्नुभयो, “यसले छोड्नेछ, र त्यसपछि यसले छोड्नेछ।” तर उहाँसँग डिब्बामा बन्द ठूलो मासुहरु थियो। उहाँले भन्नुभयो, “यसलाई मिलटाउनका मानिसहरुको निम्ति परसम्म प्रयोग गर्नको निम्ति राख।” र अर्को रात जब मैले भाई क्रीचलाई सुने...उहाँ हिजो राति यहाँ बसिरहनुभएको थियो। म गर्दिन...भाई क्रिच, के तपाई आज राति यहाँ हुनुहुन्छ? जब भाई क्रिच मकहाँ आउनुभयो, मलाई बोलाउनुभयो, र बहिनी क्रिच, रुदै; उहाँको पिता त्यहाँ लेटिरहनु भएको थियो। भन्नुभयो, “भाई बिल, उहाँलाई नभन्नुहोस्। उहाँ मर्दै हुनुहुन्छ।” भन्नुभयो, “उहाँलाई क्यान्सरले खाएको छ; चिकित्सकहरुले उहाँलाई खोले, र उहाँ भरिन सक्ने जति क्यान्सरले भरिनुभएको छ।” र विल हल (र तपाईहरु सबैले उहाँलाई सम्झनुहुन्छ), जब उहि चिकित्सकले उहाँलाई खोल्नुभयो र उहाँ क्यान्सरले खाईएको अवस्थामा हुनुहुन्थ्यो...म त्यस बिहानी लोखर्केको शिकार गर्न गए, र मैले ती स्याउहरु कोठामा झुण्डिरहेको देखे। (तपाईलाई त्यो कथा याद छ?) र त्यहाँ उहाँ जिउदो हुनुहुन्छ आज। त्यो वर्षौं अगाडि थियो। उहाँ र भाई बस्टी मित्रहरु हुनुहुन्थ्यो।

211 र म तल अस्पतालमा गएँ, नयाँ अस्पताल (मैले बिर्से कि तिनीहरुले के भन्छन्, त्यहाँ बाहिर न्यू अल्बानीमा) नयाँ अस्पताल। र म त्यहाँ बाहिर बस्टीलाई हेर्न गएँ; र जब म कोठामा गए, मैले भने, “भाई बस्टी।”

उहाँले भन्नुभयो, “भाई बिल।” त्यो ठूलो पुरानो हात मिलाईले मेरो हात समाउनुभयो; पहिलो विश्व युद्धको एक दिग्गज, उहाँको उपस्थितिमा यो नभनेर, तर पुरानो नीलो शर्टमुनि पहिले जत्तिकै धड्किएको मुटु उत्तिकै राम्रो छ। उहाँले मेरो हात समाउनुभयो। म उहाँको घरमा गएको छु; उहाँको घरमा खाएको छु; उहाँको घरमा सुतेको छु, म उहाँको भाई नै जस्तो गरी। उहाँका छोराछोरी र सबै, हामी केवल—केवल रगतका दाजुभाईहरु जस्तै छौ। राम्रो मान्छे।

212 र उहाँ...तर उहाँ कहिल्यै पनि प्रभुसँग गहिरोमा आउनुभएन। उहाँ... मैले उहाँलाई येशू ख्रीष्टको नाउँमा बप्तिष्मा दिए। तर त्यस दिन जब त्यस मेथोडिष्ट प्रचारकले भने, “जो कोहि पनि येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लिन्छन्, मेरो पालमुनिबाट निस्केर जानुहोस्।” त्यो ठिकै थियो। जोर्ज

राइट र तिनीहरु बाहिर गए। त्यस दिउँसो म त्यहाँ तल येशू ख्रीष्टको नाउँमा बप्तिष्मा दिन गए टोटेन फोर्डमा। उहाँको सबै मण्डली पानीमा गए र येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लिए। त्यसैले म केवल अगाडि गए। त्यो सबै ठिक थियो। परमेश्वर तपाईसँग हुनुहुन्छ भने, को चाहि तपाईको विरुद्धमा हुनसक्छ? मलाई यो पनि थाहा छैन कि त्यो मानिस कहाँ गयो, उसलाई के भयो।

213 यद्धपि, म अस्पताल पुगे। त्यहाँ क्यान्सरले भरिएको बस्टी सुतिरहनुभएको थियो, चिकित्सकहरुले समेत, केहि गरेनन् तर केवल उहाँलाई राखिराख्यो। बस्टीले मलाई भन्नुभयो; उहाँले भन्नुभयो, “भाई बिल, यो एउटा उदेश्यको लागि हो। केहि भयो।”

मैले भने, “हो, बस्टी।” यो महसूस गर्न थाले की त्यो आत्मा जुन तेज बतास जस्तो जसको बारेमा म बोलिरहेको थिए, तपाईलाई थाहा छ, भित्र आउदै थियो।

उहाँले भन्नुभयो...जब म यहाँ भित्र पसे, त्यो कुनामा त्यहाँ एउटा इन्द्रेणी थियो, कुनामा उभिरहेको। इन्द्रेणी एउटा करार हो; परमेश्वरको करार। त्यस दिन परमेश्वरले मसँग त्यस डाँडामा एउटा करार बाँध्नुभयो। मेरो हात भाई बस्टीको माथी राखे र उहाँको निम्ति प्रार्थना गरे।

चिकित्सकहरुले भन्छन्, “उहाँ कमजोर हुँदै जानुहुन्छ। उहाँ केवल तल जानुहुन्छ। त्यहाँ गर्न केहि पनि छैन...उहाँले केहि दिनमा नै गईसकेको हुनुहुनेछ।” र बस्टी रोजर्स...त्यो हप्ताहरु र हप्ताहरु र हप्ताहरु भईसक्यो, र बस्टी रोजर्स, ठिक यहाँ पछाडि मण्डलीमा आज राती बसिरहनुभएको छ, मैले मेरो जीवनमा उहाँ देखेको जस्तो स्वस्थ र बलियो हुनुहुन्छ। उठ्नुहोस्, भाई बस्टी। उहाँ त्यहाँ हुनुहुन्छ। सबैले, परमेश्वरलाई प्रशंसा दिऔं।

तिनीहरु माथिल्लो कोठामा भेला भएका थिए,
सबैले उहाँको नाउँमा प्रार्थना गर्दै थिए।
पवित्र आत्माद्धारा बप्तिष्मा भए,
र सेवाको लागि शक्ति आयो।
अब, त्यस दिन उहाँले तिनीहरुको लागि के गर्नुभयो
उहाँले उहि तरिकामा तपाईलाई पनि गर्नुहुनेछ।
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्दछु।

म तिनीहरु मध्ये एक हुँ, तिनीहरु मध्ये एक,
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्दछु; (हल्लेलुयाह!)
ती मध्ये एक, म तिनीहरु मध्ये एक हुँ,
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्दछु।

यद्धपि यी मानिसहरुले आफुलाई दावी नगर्न सक्छन्,
वा संसारिक प्रसिद्धिको घमण्ड गर्लान्,
तिनीहरु सबैले आफ्नो पेन्टिकोष्ट पाएका छन्,
येशूको नाउँमा बप्तिष्मा भएका छन्;
र तिनीहरुले अहिले दुवै टाढा र चौडा भन्दैछन्,
उहाँको शक्ति अझै पनि उस्तै छ।
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्दछु।

म तिनीहरु मध्ये एक हुँ, म तिनीहरु मध्ये एक हुँ,
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्दछु; (हल्लेलुयाह!)
ती मध्ये एक, म तिनीहरु मध्ये एक हुँ,
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्दछु।

अब, आउनुहोस्, मेरो भाई, यो आशिष खोज्नुहोस्
त्यसले तपाईको हृदय पापबाट शुद्ध पार्नेछ,
त्यसले आनन्दको घण्टी बजाउनेछ
र तपाईको प्राणलाई ज्वालामा राख्नेछ;
ओ, यो अहिले मेरो हृदय भित्र जलिरहेको छ,
ओ, उहाँको नाउँको महिमा होस्,
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्दछु।

आउनुहोस् यो गाऔं!

ओ, ती मध्ये एक, ती मध्ये एक,

म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न
सक्दछु; (हल्लेलुयाह!)
ती मध्ये एक, ती मध्ये एक,
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न
सक्दछु।

ती मध्ये कतिजना एउटा हुनुहुन्छ? आफ्नो हातहरु उठाउनुहोस्। ओ, मेरो! ओ, म कति खुसी छु कि म ती मध्ये एक हुँ!

ती मध्ये एक, ती मध्ये एक,
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न
सक्दछु; (हल्लेलुयाह!)
ती मध्ये एक, ती मध्ये एक,
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न
सक्दछु।

तिनीहरु माथिल्लो कोठामा भेला भएका थिए,
सबैले उहाँको नाउँमा प्रार्थना गर्दै थिए,
तिनीहरुको पवित्र आत्माद्वारा बप्तिष्मा भयो,
तब सेवाको शक्ति आयो;
अब, त्यस दिन उहाँले तिनीहरुको लागि के गर्नुभयो
उहाँले उही काम तपाईको निम्ति गर्नुहुनेछ,
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न
सक्दछु।

ओ, ती मध्ये एक, ती मध्ये एक,
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न
सक्दछु; (हल्लेलुयाह!)
ती मध्ये एक, ती मध्ये एक,
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न
सक्दछु।

अब, हामीले फेरी त्यो कोरस गाउदै गर्दा, म तपाईहरु हरेक वरिपरी फर्किनुभएको चाहन्छु, र तपाईको छेउको कसैलाई हात मिलाउनुहोस्, र भन्नुहोस्, “के तपाई ती मध्ये एक हुनुहुन्छ?” बुझ्नुभयो? ठिक छ।

ओ, ती मध्ये एक, (मलाई थाहा छ तपाई हुनुहुन्छ,

भाई नेभिल। मलाई थाहा छ तपाई हुनुहुन्छ, भाई क्याप्स। मलाई थाहा छ तपाई हुनुहुन्छ। मलाई थाहा छ तपाई हुनुहुन्छ...?...)
...म ती मध्ये एक हुँ;
ओ, ती मध्ये एक, ती मध्ये एक,
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्दछु।

214 ओ, के तपाई ती मध्ये एक हुनुभएकोमा खुसी हुनुहुन्न? कतिजना ती मध्ये एक हुन चाहनुहुन्छ? आफ्नो हात उठाउनुहोस्। ठिक छ। अब, म तपाईको लागि यो गाउन जाँदैछु:

त्यसपछि मेरो भाई आउनुहोस्, यो आशिष खोज्नुहोस्
त्यसले तपाईको हृदयलाई पापबाट शुद्ध पार्नेछ,
त्यसले आनन्दको घण्टी बजाउनेछ,
र तपाईको प्राणलाई ज्वालामा राख्नेछ;
ओ, यो अहिले मेरो हृदय भित्र जलिरहेको छ,
ओ, उहाँको नाउको महिमा होस्,
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्दछु।

ओ, ती मध्ये एक, ती मध्ये एक,
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्दछु; (हल्लेलुयाह!)
ती मध्ये एक, म तिनीहरु मध्ये एक हुँ,
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्दछु।।

215 याद गर्नुहोस् त्यो सानो केटिले पत्रुसलाई के भनिन्, "के तिमी ती मध्ये एक होइनौ?" म धेरै खुसी छु, के तपाई हुनुहुन्न? तपाईलाई थाहा छ, पत्रुसले पेन्टिकोष्टको दिनमा भनेका थिए, "यो त्यो हो!" अब, मैले सधै यो भनेको छु, "यदि *यो त्यो* होइन भने, म खुसी छु कि मैले *यो* पाएको छु, *त्यो* आउनको निम्ति कुरिरहेको छु।" त्यो सहि हो। म *यसबाट* खुसी छु।

किनकि म ती मध्ये एक हुँ, म ती मध्ये एक हुँ

म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्दछु;
ओ, ती मध्ये एक, ती मध्ये एक,
म यति धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्दछु।

216 ओ, के यो अद्भूत छैन, ख्रीष्ट येशूमा स्वर्गीय स्थानहरुमा सँगै बस्दै, आत्मासँग संवाद गर्दै, वचनमा संवाद गर्दै, आउनेवाला असल कुराहरुको बारेमा बोल्दै। यो कति असल छ। यो थाहा पाउँदा म धेरै खुसी छु, होइन र? के तपाई इसाई भएकोमा खुसी हुनुहुन्न? तपाईको पाप रगतको मुनि छ भनि तपाई खुसी हुनुहुन्न? यी मध्ये एक दिन उहाँ आउनुहुनेछ, र हामी उहाँसँग जानेछौ। तब सोच्नुहोस्, सबै वृद्धा उमेर हामीबाट झरेर जानेछ; सबै विमारहरु, सबै दुःखहरु, सबै मरणशील जीवन परिवर्तन हुनेछ। ओ, मेरो! म केवल प्रिय दाजुभाईहरुको बारेमा सोच्न सक्छु जो यहाँ उभिनुभएको छ। मलाई याद छ...कतिजनाले रब्बी लसनलाई सम्झनुहुन्छ? मेरो, तपाईहरु सबैजना। म उहाँलाई त्यो पुरानो लौरोमा झुण्डीरहेको देख्न सक्छु यहाँ। र म त्यहाँ पछाडि बसिरहेको हुन्छु। उहाँले यो सानो गीत गाएको थियो... (केवल एक मिनेट टेडी, भाई।) म कोशिष गर्नेछु, हेर्नेछु यदि मैले यसको धुन पाउन सक्छु। मलाई थाहा छैन।

त्यहाँ मेरो निम्ति आनन्दको भोली कुरिरहेको छ,
जहाँ मोतीको ढोका चौडा खुल्छ,
र जब म यो दुःखको घाटी पार गर्छु,
म अर्को तर्फी आराम गर्नेछु।

कुनै दिन मरणशील मानिसको पहुँचभन्दा बाहिर,
कुनै दिन, परमेश्वरलाई मात्र थाहा छ कहाँ वा कहिले,
मरणशील जीवनको पांग्राहरु सबै स्थिर रहनेछ,
तब म सियोनको डाँडामा बस्न जानेछु। (हो।)

217 यी साना पाङ्ग्राहरु जुन हामीमा घुमिरहेको छ— हेर्ने, स्वाद लिने, महसूस गर्ने, सुघ्ने, र सुन्ने, यी सबै साना ज्ञान इन्द्रियहरु र पांग्राहरु जुन यस मरणशील जीवनमा घुमिरहेको छ, कुनै दिन तिनीहरु ठप्प हुनेछ। तब म, आफै, र तपाई, हामीहरु सियोनको डाँडामा वास गर्न जानेछौ। ओ, मलाई त्यो मन पर्छ, होइन र? हामीसँग त्यो आशिषित आश्वासन छ भनि

जान्नुहोस्। ठिक छ। कति जनालाई थाहा छ हाम्रो पुरानो बप्तिष्मा दिने गीत? अब, हामी त्यो परिवर्तन गर्नेछौ। हाम्रो समापनको गीतलाई लिऔं:

तपाईसँग येशूको नाउँ लिनुहोस्,
शोक र विलापको बच्चा;
यसले तपाईलाई आनन्द र सान्त्वना दिनेछ,
तपाई जाने सबै ठाउँमा यसलाई लानुहोस्।

218 येशूको नाउँ तपाईसँग लानुहोस्। केवल त्यो गर्नुहोस्, जसै तपाई जानुहुन्छ। ठिक छ, सबै सँगै अब। नबिर्सनुहोस्, बिहानको आठ बजे सभाको लागि प्रार्थनाको कार्डहरु दिइनेछ। सभा नौ–तिस बजे शुरू हुनेछ। म दस बजे प्रचार गर्नेछु। बिरामीहरुको लागि प्रार्थना सेवा लगभग एघार बजे शुरू हुनेछ।

219 भोलि दिउँसो, भोलि साँझ मण्डलीमा सुसमाचारीय सन्देश हुनेछ। र भोलि राति, तपाईहरु सबै जसले आफ्नो पापको पश्चाताप गर्नुभयो र कहिल्यै पनि बप्तिष्मा लिनुभएको छैन, त्यहाँ...कुण्ड खुला हुनेछ; हामीले मानिसहरुलाई प्रभु येशू ख्रीष्टको नाउँमा बप्तिष्मा दिनेछौ।

220 सबैजना अब सँगै, जब हामी हाम्रो आवाजको उच्च स्वरमा गाउछौ। भाई बस्टी, तपाईलाई थाहा छैन म कति खुसी छु र परमेश्वर प्रति आभारी छु। तपाईलाई थाहा छ, उहाँ चिकित्सककहाँ जानुभयो। र तिनीहरुले मलाई भने कि चिकित्सकले उहाँलाई हेर्नुभयो, र के सोच्ने भन्ने कुरा जान्दैन थिए। उहाँले उ त्यहि मानिसहरु भनि विश्वास नै गर्न सक्नुभएन। ओ, परमेश्वरले के गर्न सक्नुहुन्छ भन्ने कुरा रहस्य छैन। के त्यो सहि होइन? ठिक छ।

नाम लिनुहोस्...

यसलाई बजाउनुहोस्!

...तपाईसँग,
शोक र विलापको बच्चा;
यसले तपाईलाई आनन्द र सान्त्वना दिनेछ,
अब, तपाई जाने सबै ठाउँमा यसलाई लानुहोस्।

अमूल्य नाम, (अमूल्य नाम!) ओ कति मिठो!
पृथ्वीको आशा र स्वर्गको आनन्द;
अनमोल नाम, (ओ, अनमोल नाम!) ओ कति मिठो!

पृथ्वीको आशा र स्वर्गको आनन्द।

221 ठिक छ। म सेवा पाष्टरतर्फ दिदछु। उहाँले केहि शब्दहरु बोल्नुहुनेछ, वा कसैले समापन गरिदिनको लागि बोल्नुहुनेछ, जे पनि उहाँको विचारमा छ।

59–1219 पवित्र आत्मामा प्रश्न र उत्तरहरु

ब्रन्हाम टेबरनेकल

जेफेर्सनविल, इन्डियाना यु.एस.ए

NEPALI

©2024 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

प्रतिलिपि अधिकार सूचना

सर्वाधिकार सुरक्षित। यस पुस्तक येशू ख्रीष्टको सुसमाचार फैलाउने एउटा उपकरणको रूपमा, घरेलु प्रिन्टरमा निशुल्क, व्यक्तिगत उपयोग वा बाढ्नको निम्ति प्रिन्ट गर्न सकिन्छ। भोईस अफ गड रेकर्डिङ्गको® स्पष्ट लिखित अनुमति बिना यस पुस्तकलाई बिक्री गर्न, ठूलो स्तरमा पुनः उत्पादन गर्न, वेबसाईटमा प्रेषित गर्न, पुनर्प्राप्ती प्रणालीमा संग्रहित गर्न, अन्य भाषाहरुमा अनुवाद गर्न, वा पूँजी प्राप्त गर्नको निम्ति उपायोग गर्न सकिदैन।

थप जानकारीको लागि वा अन्य उपलब्ध रहेको सामग्रीको लागि, कृपया सम्पर्क गर्नुहोस्:

Voice Of God Recordings, India Office
19 (New No: 28) Shenoy Road, Nungambakkam
Chennai 600 034, India
044 28274560 • 044 28251791
india@vgroffice.org

Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org